सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ जेठ २०८२, आइतबार (25 May 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विपक्षी मात्र होइन, कांग्रेसभित्रैबाट पनि गृहमन्त्री लेखकको राजीनामा माग



शनिबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कांग्रेस नेता डा. शेखर कोइरालाले भने-

सबैभन्दा महत्त्वपूर्ण कुरा गृह मन्त्रालय रमेशजीकै अन्डरमा छ। उहाँमाथि प्रश्न उठेपछि नैतिकताका हिसाबमा ल म क्लिन छु, मैले राजीनामा गरैं, छानबिन समिति बनाउनुस्, गर्नुस् तपाईंहरू भने भइहाल्यो नि ! यसले मोरल स्टेटस (नैतिक आचरण) देखाउँछ।

● कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा भन्छन्–



उहाँ (गृहमन्त्री)ले अनुसन्धानमा सहयोग पुऱ्याउँछु भन्नुभएको छ। थप कुरा राख्न दुवै सदनमा समय लिनुभएको छ। त्यसैले यसबारेमा पार्टी या अरू व्यक्तिले बोल्न अहिले जरुरी छैन। हामी बचाउ पनि गर्दैनौं, फसाउन दबाब पनि दिदैनौं।

● एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम भन्छन्–



नैतिक प्रश्नको विषय सम्बन्धित व्यक्ति र ऊ आबद्ध राजनीतिक दलले विचार पुऱ्याउने हो। हामीले औपचारिक रूपमा अहिले भन्ने कुरा होइन।

प्रेम गौतम, शुरोजंग पाण्डे / नयाँ पत्रिका

भिजिट भिसामा अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमनबाट हुने असुलीमा मुछिएका गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने माग विपक्षी मात्र होइन, सत्तारूढ कांग्रेसभित्रैबाट पनि उठेको छ। गृहमन्त्रीले राजीनामा दिनुपर्ने जनस्तरको आवाज सामाजिक सञ्जालमार्फत

» पृष्ठ २ मा क्रमशः

विपक्षी दलहरूको एक स्वर-

सेटिङमा 'मानव तस्करी' गर्ने जस्तो विषयमा मुछिएपछि गृहमन्त्रीले राजीनामा दिएर अनुसन्धानलाई सघाउनुपर्छ



देव गुरुङ, महासचिव, माओवादी



मनीष झा, प्रवक्ता (कार्यवाहक), रास्वपा



प्रकाश ज्वाला, उपाध्यक्ष, ए समाजवादी



मोहन श्रेष्ठ, प्रवक्ता, राप्रपा



मनीष सुमन, प्रवक्ता, जसपा नेपाल



चन्दन सिंह, महासचिव, जनमत

विपक्षी दलहरूले भिजिट भिसामा विमानस्थल अध्यागमनबाट भएको अवैध असुलीमा मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामा मागेका छन्। माओवादी, रास्वपा, राप्रपा र एकीकृत समाजवादीले भिजिट भिसामा भएको संगठित र संस्थागत असुलीमा गृहमन्त्री लेखकको सचिवालयसम्मै बिचौलियाको सम्पर्कका आधारहरू बाहिरिएकाले नैतिकताका आधारमा राजीनामा दिएर अनुसन्धानमा सघाउनुपर्ने माग गरेका हुन्।

■ त्यो भुटानी शरणार्थी काण्ड, यो भिजिट भिसा प्रकरण

दुई वर्षअघि प्रहरीले अनुसन्धान गरेको भुटानी शरणार्थी काण्ड र अहिलेको भिजिट भिसामा मानव तस्करी प्रकरणका केही समानता देखिएका छन्। दुवै घटना संगठित र संस्थागत प्रकृतिका छन् भने गृह मन्त्रालयको नेतृत्व नै मुछिएको छ। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका मानव तस्करी गर्ने प्रयासमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण तथा सचिव टेकनारायण पाण्डेलाई प्रहरीले पक्राउ गरी मुद्दा चलाएको थियो। तत्कालीन गृहमन्त्री रामबहादुर थापाको सचिवालय नै गिरोहसँग मिलेको थियो। त्यतिबेला सिंगो गृह मन्त्रालयलाई बिचौलियाले हातमा लिएर अनुकूल निर्णय गराएका थिए।



बालकृष्ण खाण

अहिले भिजिट भिसा प्रकरणमा पनि अध्यागमन नेतृत्व र गृहमन्त्रीको सचिवालयसँग मानव तस्करीमा संलग्न समूहको विशेष हिमचिम देखिएको छ। कतिपय कर्मचारी त भिजिट भिसाको एजेन्टकै सिफारिसमा अध्यागमन पुगेको सूचना अख्तियारको छ। यस्तो सेटिङमा दिनमै ५० लाखसम्म लेनदेन हुने गरेको र संस्थागत रूपमै भागबन्डा मिल्ने गरेका सूचनाका आधारमा अख्तियारले कर्मचारी र बिचौलियाको मोबाइल जफत गरेर अनुसन्धान गरिरहेको छ।

■ आफ्नै मन्त्रालयका कर्मचारीलाई देखाएर पन्छिन खोज्दै गृहमन्त्री लेखक

'गलत गरेको प्रमाणित भए राजनीतिबाटै अलग हुन्छु'

भिजिट भिसा प्रकरणमा तानिएका गृहमन्त्री रमेश लेखकले गल्ती प्रमाणित भए राजनीतिबाटै अलग हुने बताउँदै राजीनामा भने नदिने घोषणा गरेका छन्। 'विमानस्थलस्थित अध्यागमनको भिजिट भिसाको मात्रै कुरा होइन, मेरो सार्वजनिक र राजनीतिक जीवनमा कुनै आर्थिक अनियमितता प्रमाणित भयो भने पदबाट मात्र होइन, राजनीतिबाटै राजीनामा दिन्छु,' मन्त्री लेखकले शनिबार साँझ दिएको भिडियो सन्देशमा भनेका छन्। उनले घटनाको सम्बन्धमा विस्तृत विवरण १३ जेठको प्रतिनिधिसभा बैठकमा दिने तयारी रहेकोसमेत बताएका छन्। 'मैले सदनमा बोल्न समय माग गरेको छु, विस्तृत कुरा म त्यहीं स्पष्ट पार्नेछु,' उनले भने। त्यसअघि दिउँसो कांग्रेस धनुषाको पार्टी कार्यालय जनकपुरधारमा नेता-कार्यकर्तालाई सम्बोधन गर्दा पनि मन्त्री लेखकले आफूमाथि लागेका आरोप झुटा भएको दाबी गरेका थिए।



जनकपुरमा गृहमन्त्री रमेश लेखक

तीनवटा मोबाइल चलाउँथे अध्यागमन प्रमुख भट्टराई

एउटा मोबाइल सेटिङमा मात्रै प्रयोग

भिजिट भिसामार्फत हुने मानव तस्करीको संगठित गिरोह चलाएको आरोपमा अख्तियारको छानबिनमा रहेका गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराईसँग तीनवटा मोबाइल भेटिएका छन्। जसमध्ये एउटा मोबाइल उनले भिजिट भिसाको सेटिङका लागि मात्र प्रयोग गर्दै आएको अनुसन्धानमा खुलेको छ।



तीर्थराज भट्टराई

अख्तियारले उनका तीनवटा मोबाइल र एउटा ल्यापटप जफत गरी परीक्षणका लागि डिजिटल ल्याबमा पठाएको छ। एउटा मोबाइल अफिसियल र एउटा नियमित व्यक्तिगत सम्पर्कका लागि प्रयोग गर्ने उनले सेटिङमा प्रयोग गर्ने एउटाबाट भने ट्राभल एजेन्सी, मेनपावर र कोर टिमका कर्मचारीसँग मात्र सम्पर्क गर्दै आएको स्रोत बताउँछ। सम्भावित छानबिन छल्न उनले त्यसरी गोप्य नम्बर प्रयोग गरेका हुन्। तीन मोबाइल र ल्यापटपको प्रतिवेदन आएपछि यसमा संलग्नमाथि विस्तृत अनुसन्धान गर्ने अख्तियारको तयारी छ।

गृहमन्त्री रमेश लेखककै सचिवालयको प्रत्यक्ष संलग्नतामा केही महिनायता भिजिट भिसामा असुली बढेको सूचनाका आधारमा गत मंगलबार अख्तियारले अध्यागमनमा छापा हानेर उनलाई समेत नियन्त्रणमा लिएको थियो। यसअघिका अध्यागमन प्रमुखलाई चार महिनामै हटाएर मन्त्री लेखकले विवादास्पद पृष्ठभूमि भएका भट्टराईलाई गत असोजमा विमानस्थल अध्यागमनको प्रमुख बनाएका थिए। मन्त्रीको सचिवालयले छानी-छानी अध्यागमनमा कर्मचारी पठाएपछि रेट बढाएर सेटिङ चलाइएको थियो। जहाँ दिनमै औसतमा ५० लाख रुपैयाँ असुली हुने गरेको अख्तियारको सूचना छ।

» पृष्ठ २ मा क्रमशः

सामूहिक आत्महत्या सम्बन्धी नयाँ कानुन ल्याउँदै सरकार

आत्महत्या दुरुत्साहनको परिभाषा स्पष्ट हुने गरी दफा नै विस्थापन

संयुक्त रूपमा गरिने आत्महत्या अर्थात् 'सुसाइड प्याक्ट'का विषयमा स्पष्ट कानुनी व्याख्या नहुँदा यस्ता घटनामा अनुसन्धान, अभियोजन र फैसला दिन अदालतलाई कठिनाइ हुने गरेकोमा कानुन मन्त्रालयले छुट्टै व्यवस्था ल्याउन लागेको हो।

मुलुकी अपराध संहिताको संशोधनका लागि प्रस्तावित मस्यौदाअनुसार कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ। यसरी कसैको ज्यान गएको रहेछ भने दुरुत्साहन गर्नेलाई पाँचदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था गर्न लागिएको छ।

(विस्तृत पृष्ठ ३)

भारतमा किन विवादित बन्दै छ जातीय गणना ?



प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशासनले सन् १९३१ पछि पहिलोपटक आगामी राष्ट्रिय जनगणनामा जातीय पहिचान व्यवस्थित ढंगले रेकर्ड राख्ने घोषणा गरेको छ

(जेसी यउडको लेख पृष्ठ ५)

नागढुंगा-नौबिसे सडक दैनिक साढे चार घण्टा बन्द



२५ जेठसम्म बिहान १०:३० देखि दिउँसो ३ बजेसम्म सवारी आवागमनमा रोक

चक्रपथ दोस्रो खण्डको डिपिआर असोजभित्र बुझाइने

चिनियाँ प्राविधिक टोली ९ वैशाखदेखि स्थलगत सर्भे तथा अध्ययनमा

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



■ फाँटैभरि मकै...



रामेछापको तामाकोशी नदीकिनारमा किसानले लगाएको मकैखेती। तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

सर्वोच्चको आदेशपछि उजुरीकर्ताको बिलौना

'मेरै कारणले रवि थुनामा परेका हुन् भने म पापको भारी बोक्न सक्दिनँ'



सुप्रिम बचत तथा ऋण सहकारीको पीडितमध्येका नारायण पहराई। उनले आफ्नो सादा निवेदनलाई सहमतिविना जाहेरी बनाइएको दाबी गर्दै आएका छन्।

नयाँ पत्रिका

आफू सहकारीपीडित भए पनि रवि लामिछानेविरुद्ध जाहेरी नदिएको भनेर पटक-पटक सार्वजनिक गर्दै आएका नारायण पहराईले रविलाई पुर्पक्षका लागि थुनामै राख्ने उच्चको आदेश सर्वोच्चले सदर गरेपछि बिलौना गरेका छन्। रविविरुद्धको मुद्दामा प्रहरी र राज्यसंयन्त्रले आफूलाई जबर्जस्ती तानेको र आफ्नै कारण उनी थुनामा गएका भए पापको भारी बोक्न नसक्ने भन्दै पीडा सार्वजनिक गरेका हुन्।

'म जाहेरीकर्ता होइन, मलाई प्रहरी र राज्यसंयन्त्रले जबर्जस्ती मुद्दामा तानेको छ। तर, सर्वोच्चको आदेशमा समेत मेरै नाम उल्लेख गरी वादी बनाएर राखिएको रहेछ,' शनिबार राति फेसबुकमा उनले गम्भीर मनोभाव व्यक्त गर्दै लेखेका छन्, 'मेरै कारणले रवि लामिछाने थुनामा परेका हुन् भने म यो पापको भारी बोक्न चाहन्नँ। कृपया दया गरी मेरो नाम उजुरीकर्ताबाट हटाइदिनुहुन विनम्र अनुरोध गर्दछु।'

सुप्रिम बचत तथा ऋण सहकारीको पीडितमध्ये एक पहराईले आफ्नो सादा निवेदनलाई सहमतिविना जाहेरी बनाइएको दाबी गरेका छन्। 'मैले यसअघि पनि जानकारी गराइसकेको थिएँ कि म जाहेरीकर्ता होइन, सादा निवेदनलाई जाहेरी बनाएर मेरो नाम दुरुपयोग गरियो,' उनले राज्य संयन्त्रलाई प्रश्न गरेका छन्, 'सयौं पीडितमध्ये किन मेरो निवेदनलाई मात्र जाहेरीका रूपमा लिइयो ? के मलाई यो देशमा बाँच्ने अधिकार छैन ?

» पृष्ठ २ मा क्रमशः

लाउडा काण्डको समेत उदाहरण दिँदै पूर्वन्यायाधीश बलराम केसी भन्छन्-

यहाँ कोही फसे-फसोस् भन्ने अभियोजककै नीति छ



युएनको 'रोल अफ द प्रोसेक्युटस' भन्ने छ। त्यसले के भन्छ भने गलत आधारमा मुद्दा चलाएछ भने अभियोजन फिर्ता लिने हुन्छ। यो यस्तो होइन, यस्तो हो भनेर उजुरीकर्ता वा जाहेरवालाले निवेदन दिए भने त्यो अभियोजकमार्फत अदालतमा फरवार्ड गर्ने गरिन्छ। तर, यहाँ कोही फसे-फसोस् भन्ने अभियोजकको नीति छ। प्रहरीमै गएर हामी चुकेका छौं। जस्तो : लाउडा काण्डमा अख्तियारको टोली अस्ट्रिया गयो। त्यहाँ हामीले घुस खाएका छैनौं भनेर भने। तैपनि त्यो कुरा यहाँ मुद्दामा उल्लेख गरिएन।

न्याय होइन, राजनीति ?

पहराईले आरोप लगाएका छन् कि आफूजस्ता धेरै पीडितको नाम प्रहरी र राज्यले विनाजानकारी दर्ता गरेको छ। यसबारे सबैले बोल्नुपर्ने उनको भनाइ छ। 'अन्य धेरैलाई विनाजानकारी उजुरीकर्ता बनाइएको छ, यसबारे अब सबैले बोल्नुपर्छ,' उनले फेसबुकमा लेखेका छन्, 'राज्यले अति होइन, अत्याचार नै गऱ्यो।'

रविलाई कारागार पठाउने सर्वोच्चको आदेश कानुनी दृष्टिले टुंगिएको देखिए पनि सो आदेशमा उल्लेखित उजुरीकर्ताको स्वीकृति र सहमतिमाथि गम्भीर प्रश्न खडा भएको छ। नारायण पहराईको गुनासोले मुद्दाको आधारभूत संरचनामै कमजोरी भएको शंका जन्माएको छ। न्यायका नाममा निर्दोषलाई फसाउने र पीडितको नाम दुश्रपयोग गरेर राजनीति गर्ने यस्तो अभ्यासले कानुनी प्रक्रियाप्रति आमनागरिकको भरोसा कमजोर बनाउने खतरा देखिएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

डिजिटल वालेट दुरुपयोग गरेर एउटै समूहबाट दुई वर्षमा ३१ अर्ब हुन्डी

● सिआइबी निर्देशक चन्द्रकुवेर खापुङ भन्छन्-



सुन तस्करी र क्रिप्टो कारोबारको अवैध पैसा हुन्डी भुक्तानीमा प्रयोग गरेको देखियो

यो प्रकरणमा हालसम्म ३० जना पक्राउ परेका छन्। उनीहरूले ३१ अर्ब रुपैयाँबराबरको हुन्डीको कारोबार गरेको देखिन्छ। सुन तस्करी तथा क्रिप्टो कारोबारको अवैध पैसालाई उनीहरूले बैंकिङ च्यानलमार्फत हुन्डीको भुक्तानीमा प्रयोग गरेको देखियो। सम्पत्ति शुद्धीकरणको कसुरसमेत जोडेर विस्तृत अनुसन्धान अघि बढेको छ।

नवराज मैनाली / नयाँ पत्रिका

एउटै समूहले डिजिटल वालेट दुरुपयोग गरेर बैंकिङ प्रणालीमार्फत दुई वर्षमै ३१ अर्ब रुपैयाँबराबरको हुन्डीको कारोबार गरेको खुलेको छ। गिरोहका ३० जना पक्राउ गरेर प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ।

डिजिटल वालेट दुरुपयोग गरी देशभर नै बैंकिङ

» पृष्ठ २ मा क्रमशः

■ गिरोहका ३० जना पक्राउ, सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान

■ यी हुन् अर्बभन्दा माथि हुन्डीको कारोबार गर्नेहरू



श्रवणकुमार साह तारालाल यादव दीपेन्द्रप्रसाद साह वीरेन्द्रप्रसाद साह हरेराम महतो प्रदीपकुमार साह

महोत्तरीका श्रवणकुमार साहले दीपज्योति ट्रेडर्समार्फत एक अर्ब ५१ करोड २० लाख, सप्तरीका तारालाल यादवले रिया ट्रेडर्समार्फत एक अर्ब ३९ करोड ५५ लाख, मोरङका दीपेन्द्रप्रसाद साह र वीरेन्द्रप्रसाद साहले डिएस ट्रेडर्स एन्ड रेमिट्यान्स कम्पनीको आडमा दुई अर्ब ८२ करोड १९ लाख, सर्लाहीका हरेराम महतोबाट एक अर्ब दुई करोड ६३ लाख र पर्साका प्रदीपकुमार साहले आर एन्ड ए सबरेमिटमार्फत एक अर्ब एक करोडबराबरको अवैध कारोबार गरेको सिआइबीले जनाएको छ। त्यस्तै, झापास्थित द गिफ्टेरिया सञ्चालन गर्ने निकेश अग्रवाल, सुमन खनाल, अंकित अग्रवाल, अनुज मारू, कविस मारूको कम्पनीले पाँच अर्बभन्दा धेरै कारोबार गरेको भेटिएको छ।

झापाका सुनील राईको डिएस ट्रेडर्समार्फत पनि हुन्डीको कारोबार भएको पुष्टि भएको छ। धनुषाका न्यु सन्देश इन्टरप्राइजेज धनुषाका निरोजकुमार महतो, अलिता मनी ट्रान्सफरका अलितादेवी महतो र प्रकाश सिंह, श्री अञ्जल इन्टरप्राइजेजका अरुणकुमार साह र जय मा मनी ट्रान्सफरका सञ्जीवकुमार महतो, नवलपरासीका राजकुमार लोनिया, भीमकुमारी गुरुङ र गणपति पाण्डे पनि पक्राउ परेका छन्। सप्तरीका रामविलास साह, ममताकुमारी साह, सुशीलाकुमारी साहु र शम्भु मेहता, चितवनका गोविन्दप्रसाद आचार्य तथा पर्साकी सलमा खातुन र विकर्णजंग राणासमेत सिआइबी हिरासतमा छन्। त्यस्तै, सुनको कारोबारमा जोडिएका न्युरोडका विकास श्रेष्ठ, खड्कबहादुर श्रेष्ठ र श्रीकान्त विभूतिलाई पनि सिआइबीले हालै पक्राउ गरेको छ। यो गिरोहमा आबद्ध केही व्यक्तिहरू खोजी जारी रहेको सिआइबीले जनाएको छ।

■ सुन तस्करीको अनुसन्धान गर्दा हुन्डीको पनि पोल खुल्यो

गत वर्ष सुन तस्करी घटनाको अनुसन्धानका क्रममा डिजिटल वालेटमार्फत भइरहेको हुन्डीको कारोबार पत्ता लागेको थियो। ती कम्पनीले एक खर्बबराबरको हुन्डीको कारोबार भएको र त्यसका एजेन्टमाथि विस्तृतमा खोजी भइरहेको सिआइबी स्रोत बताउँछ। हुन्डीको पैसा सुरुमा डिजिटल वालेट कम्पनीले आफ्नो बैंक खातामा जम्मा गर्ने र डिजिटल वालेटको कारोबार मिलाउन भनेर त्यही पैसा हुन्डीको भुक्तानी लिनेको खातामा पठाउने गरिन्थ्यो। यसरी हुन्डीको भुक्तानी लिनेलाई पनि सिआइबीले अनुसन्धानको दायरामा ल्याएको छ। सिआइबीले पे-वेल नेपालका अध्यक्ष भीमप्रसाद तिमिल्सिना, प्रमुख कार्यकारी प्रज्वल आचार्य तथा सजिलो पेका सञ्चालक सुनील जाकिबन्जा तथा कार्यकारी प्रमुख कश्यप मानन्धरलाई पक्राउ गरी मुद्दा चलाएको थियो। जिल्ला अदालतले उनीहरूलाई थुनामा पठाएकोमा उच्चबाट धरौटीमा छुटेका छन्। उनीहरूमाथि अब सम्पत्ति शुद्धीकरणको कसुरमा पनि थप अनुसन्धान हुने भएको छ।

तीनकुने घटनाका आरोपीविरुद्ध आज मुद्दा दर्ता

१०८ जनालाई प्रतिवादी बनाउन प्रहरी सुझाव





रवीन्द्र मिश्र, वरिष्ठ उपाध्यक्ष धवलशमशेर राणा, महामन्त्री दुर्गा प्रसाईं, आन्दोलनका कमान्डर

सरकारी वकिल कार्यालय काठमाडौंका अनुसार नेताद्वयविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराध कसुर लगाइएको छ। समितिका कमान्डर प्रसाईंविरुद्ध पनि सोही कसुरअन्तर्गत मुद्दा दर्ता गर्ने तयारी छ।

काठमाडौं/ गत १५ चैतमा तीनकुने प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाटसँग सम्बन्धित मुद्दा आइतबार अदालतमा दर्ता हुने भएको छ। मुद्दामा १०८ जनालाई प्रतिवादी बनाउन प्रहरीको सुझाव छ। अभियुक्तहरूविरुद्ध पाँचवटा मुद्दा लगाइएको छ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका अनुसार घटनामा संलग्नविरुद्ध आपराधिक उपद्रव, राज्यविरुद्धको अपराध, संगठित कसुर, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा लगाइएको छ। सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले तीनुकने घटनासँग सम्बन्धित मुद्दा आइतबार अदालतमा पेस हुने बताए। 'तीनकुने घटनाको अनुसन्धान सकिएको छ। १०८ विरुद्ध अभियोग लगाउने प्रहरीको सुझाव छ। त्यसमध्ये केही थपघट हुन सक्छ। उनीहरूविरुद्ध आपराधिक उपद्रव, राज्यविरुद्धको कसुर, संगठित अपराध कसुर, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग गरी पाँचवटा कसुर लगाउने तय भएको छ। आइतबार मुद्दा अदालतमा पेस हुन्छ,' उनले भने।

जिल्ला प्रहरी परिसर काठमाडौंले गत १५ चैतदेखि नै घटनाको अनुसन्धान गर्दै आएको थियो। तीनकुने हिंसात्मक घटनामा १७० भन्दा धेरै पक्राउ परेका थिए, जसमध्ये ५३ अभियुक्त प्रहरी हिरासतमै छन्। उनीहरूविरुद्ध बिहीबार मात्रै दुई दिनको म्याद थप भएको थियो। राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले गरेको प्रदर्शन हिंसा, तोडफोड, आगजनी र लुटपाटमा परिणत भएको थियो। घटना अनुसन्धानको अवधि आइतबार ६० दिन पूरा भएको छ।

तीनकुने घटनामा राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा, जनआन्दोलन समितिका कमान्डर दुर्गा प्रसाईंलगायत पक्राउ परेका थिए। जसमध्ये ६१ विरुद्ध मात्रै आपराधिक उपद्रव, राज्यविरुद्धको कसुर, संगठित अपराध कसुर, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगअन्तर्गतको कसुर लगाइएको छ। बाँकीलाई भने हाजिर जमानीमा छाडिएको छ। अभियोग लगाइएकामध्ये राणा र मिश्र हिरासतमुक्त छन्। वकिल कार्यालयका अनुसार नेताद्वयविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराध कसुर लगाइएको छ। समितिका कमान्डर प्रसाईंविरुद्ध पनि सोही कसुरअन्तर्गत मुद्दा दर्ता गर्ने तयारी छ।

आइतबार मुद्दा अदालतमा पेस हुन्छ



● **रामहरि काफ्ले**, प्रमुख, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं

तीनकुने घटनाको अनुसन्धान सकिएको छ। १०८ विरुद्ध अभियोग लगाउने प्रहरीको सुझाव छ। त्यसमध्ये केही थपघट हुन सक्छ। उनीहरूविरुद्ध आपराधिक उपद्रव, राज्यविरुद्धको कसुर, संगठित अपराध कसुर, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग गरी पाँचवटा कसुर लगाउने तय भएको छ। आइतबार मुद्दा अदालतमा पेस हुन्छ।

विपक्षी मात्र...

पृष्ठ १ बाट क्रमशः

सञ्जालमार्फत आइरहेका वेला विपक्षी दलसँगै सत्तारूढ दलकै नेताले पनि निष्पक्ष अनुसन्धानका लागि पद त्यागेर नैतिकता देखाउन भनेपछि गृहमन्त्रीमाथि चौतर्फी दबाब परेको छ।

सत्तारूढ कांग्रेस नेता शेखर कोइरालाले राजीनामा दिएर आफूमाथि अनुसन्धान गर्न गृहमन्त्री लेखकले नै भन्नुपर्ने सुझाव दिए। 'सबैभन्दा इम्पोर्टेन्ट के छ भने अहिले रमेशजीको जुन आएको छ, किनभने गृह मन्त्रालय त उहाँकै अन्डरमा छ नि त। उहाँले नैतिकताका हिसाबमा ल म क्लिन छु, मैले राजीनामा गरेँ, छानबिन समिति बनाउनुस्, गर्नुस् तपाईंहरू भने भइहाल्यो नि ! त्यसले मोरल स्टेटस देखिन्छ क्या,' शनिबार विराटनगर विमानस्थलमा पत्रकारहरूसँग उनले भने।

विपक्षी दलहरूले पनि एकस्वरले गृहमन्त्री लेखकको राजीनामा मागेका छन्। माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जनमतलगायतले भिजिट भिसामा भएको संगठित र संस्थागत असुलीमा गृहमन्त्री लेखकको सचिवालयसम्मै बिचौलियाको सम्पर्कका आधार बाहिरिएकाले नैतिकताका आधारमा राजीनामा दिएर अनुसन्धानमा सघाउनुपर्ने माग गरेका हुन्।

माओवादी महासचिव देव गुरुङले सार्वजनिक पदधारण गरेको व्यक्तिमाथि प्रश्न उठेपछि छानबिन गर्नुपर्ने र छानबिनलाई निष्पक्ष बनाउन आरोपितले मार्गप्रशस्त गर्नुपर्ने बताए। 'भिजिट भिसामार्फत भएको मानव तस्करी र असुलीमा गृहमन्त्री मुछिएको कुरा सार्वजनिक भएको छ। गृहमन्त्रीको सचिवालय जोडिएको बयान आएको कुरा छ। प्रश्न उठेपछि त्यसको सत्यतथ्य छानबिन गर्नैपर्छ। छानबिन टुंगो नलाग्दासम्म मार्गप्रशस्त गर्नुपर्ने डेमोक्रेटिक प्राक्टिस हो,' उनले भने, 'छानबिनलाई निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न गृहमन्त्री पदबाट हट्नुपर्छ।'

संसद्को चौथो ठूलो दल रास्वपाले पनि गृहमन्त्री लेखक र उनको सचिवालय नै भिजिट भिसामार्फत मानव तस्करीमा संलग्न रहेको विषय सार्वजनिक भएको अवस्थामा गृहमन्त्रीले यथाशीघ्र राजीनामा दिनुपर्ने निर्णय गरेको छ। केन्द्रीय समितिको शनिबार बसेको भर्चुअल बैठकको निर्णय सुनाउँदै पार्टी कार्यवाहक प्रवक्ता मनीष झाले गृहमन्त्रीबाट राजीनामा नआए सदन अवरुद्ध गर्ने संकेत पनि गरे। 'विगतमा रमेश लेखकले नै प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनुपर्छ भनेर सदनमा विभिन्न दृष्टान्त सम्झाउनुभएको थियो। ती दृष्टान्त आज उहाँलाई नै स्मरण गराउँदै यथाशीघ्र गृहमन्त्री पदबाट राजीनामा दिएर निष्कर्ष अनुसन्धानलाई सघाउन माग गर्छौं,' बैठकपछि झाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'साथै यस मुद्दालाई लिएर आगामी दिनमा सदन अवरुद्ध हुँदा त्यसले उत्पन्न गर्ने नेपाली राजनीतिप्रति घृणाको कारक नहुन पनि सुझाव दिन्छौं।'

दुई ठुला दल कांग्रेस-एमाले सरकारले १० महिनामा सातबुँदे सहमतिका आधारमा फिटिक्कै केही काम नगरेर देशमा व्याप्त निराशा थप्ने, सुशासनको धज्जी उडाउने, काम गर्नेलाई लखेट्ने तथा हरेक संवैधानिक निकाय र राज्य संयन्त्रलाई दलीयकरण गर्ने गैरराजनीतिक अभ्यास गरिरहेको पनि रास्वपाको दाबी छ।

एकीकृत समाजवादीले पनि गृहमन्त्रीले राजीनामा दिएर छानबिनलाई सहज बनाउनुपर्ने माग गरेको छ। पार्टी उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले भने, 'भ्रष्टाचारको जडलाई संरक्षण गरेर बढावा दिइएको छ। जसले जिम्मेवारी लिएका छन्, उनीहरूले नै बाटो छेकिरहेका छन्। गृहमन्त्रीले राजीनामा दिएर छानबिनलाई सहज बनाइदिनुपर्छ।' उनले ०४६ देखि हालसम्म राज्यका उच्च पदमा रहेर लाभ लिने सबै विशिष्ट व्यक्तिहरूको सम्पत्ति छानबिन हुनुपर्नेसमेत बताए।

अर्को विपक्षी दल राप्रपाले पनि राज्यको जिम्मेवार निकायमा बसेको व्यक्तिमाथि प्रश्न उठेपछि छानबिनमा सघाउन राजीनामा दिनुपर्ने जनाएको छ। 'गृहमन्त्रीमाथि भिजिट भिसामा भएको मानव तस्करी र अवैध असुलीजस्तो गम्भीर सवालमा प्रश्न उठेको छ। राज्यको जिम्मेवार निकायमा बसेको व्यक्तिमाथि प्रश्न उठिसकेपछि सत्यतथ्य पत्ता लगाउन छानबिनमा सहयोग पुऱ्याउनुपर्छ,' प्रवक्ता मोहन श्रेष्ठको भनाइ छ।

जसपा नेपालले पनि मानव तस्करीजस्तो संवेदनशील विषयमा प्रश्न उठेपछि लेखकले नैतिकताको आधारमा पदबाट राजीनामा दिनुपर्ने बताएको छ। 'भारतमा रेलले मान्छे मार्दा मन्त्रीले राजीनामा दिन्छन्, जापानमा विमान ढिलो उड्दा मन्त्रीको राजीनामा आउँछ। तर, नेपालमा नैतिकताको खडेरी छ। मानव तस्करीजस्तो संवेदनशील विषयमा प्रश्न उठेपछि गृहमन्त्रीले राजीनामा दिएर छानबिनमा सहयोग गर्नुपर्छ। मन्त्रीमाथि अति गम्भीर आरोप छ, अहिले त मन्त्रीको सचिवालय सदस्यको संलग्नताको पनि कुरा आएको छ। यो सामान्य होइन, उहाँले पदबाट हटेर सत्य-तथ्य छानबिनमा सहयोग गर्नुपर्छ,' प्रवक्ता मनीष सुमनले भने, 'उहाँकै सरकार छ, यदि मन्त्रीको संलग्नता देखिएन भने फेरि छानबिनपछि फर्किए भइहाल्यो।'

जनमत पार्टीले त गृहमन्त्रीले राजीनामा नदिए उनको पार्टी कांग्रेसले फिर्ता बोलाउनुपर्ने माग गरेको छ। महासचिव चन्दन सिंहले भने, 'गृहमन्त्री लेखकले संसद्मा केही समयअघि जोडदार रूपमा नैतिकताको विषय उठाउनुभएको थियो। अहिले उहाँमाथि भिजिट भिसामार्फत मानव तस्करीजस्तो गम्भीर विषयमा प्रश्न उठेपछि नैतिकताका आधारमा राजीनामा दिएर छानबिनमा सहयोग गर्नुपर्छ। उहाँजस्तो प्रस्ट वक्ताले राजीनामा दिएर घटनाको सत्य-तथ्य छानबिनमा सहयोग गरेँ भन्नुपर्छ। राजीनामा नदिने हो भने उहाँको पार्टी कांग्रेसले फिर्ता बोलाउनुपर्छ।'

तर, सत्तारुढ दल कांग्रेस र एमालेले भने राजीनामाबारे स्पष्ट धारणा राखेनन्। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पार्टीले गृहमन्त्रीको बचाउ पनि नगर्ने र फसाउन पनि दबाब नदिने बताए। 'उहाँले प्रतिनिधिसभा र राष्ट्रिय सभाको दुवै सदनमा प्रस्ट पार्नका लागि समय मागिसक्नुभएको छ। सदनमार्फत जनतालाई प्रस्ट पार्नुहोला। त्यस्तै, उहाँले मन्त्रालयबाट वक्तव्य निकालेर प्रस्ट्याउनुभएको छ र आफैँले पनि मिडियामार्फत मन्त्रालयको मातहतको अध्यागमनमाथि छानबिन भइरहेकाले अनुसन्धानमा जुनसुकै तरिकाले पनि सहयोग गर्ने प्रस्ट्याउनुभएको छ,' उनले भने, 'त्यसैले यसबारेमा पार्टी या अरू व्यक्तिले बोल्न अहिले जरुरी छैन। हामी बचाउ पनि गर्दैनौं, फसाउन दबाब पनि दिँदैनौं।'

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले नैतिक प्रश्नको विषयमा सम्बन्धित व्यक्ति र राजनीतिक दलले विचार पुऱ्याउनुपर्ने बताए। 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अगाडि बढाइरहेकाले निष्पक्ष छानबिन गरेर दोषीउपर कडा कारबाही हुनुपर्छ भन्ने एमालेको भनाइ छ। छानबिन निष्पक्ष, तटस्थ बनाउने र दायरा फराकिलो बनाउन सघाउने कुरा पनि महत्त्वपूर्ण नै हुन्छ,' उनले भने, 'दोषी भइनसकेको अवस्थामा नैतिक प्रश्नको विषयमा चाहिँ सम्बन्धित व्यक्ति र राजनीतिक दलले विचार पुऱ्याउने हो। हामीले औपचारिक रूपमा अहिले भन्ने कुरा होइन।'

नैतिकता सुनाएर पन्छिन खोज्दै गृहमन्त्री लेखक

मानव तस्करीमा मुछिएका गृहमन्त्री रमेश लेखकलाई नैतिकता देखाएर पदबाट राजीनामा दिन चौतर्फी दबाब आइरहेका बेला उनी भने नैतिकता सुनाएर पन्छिन खोजेका छन्। गल्ती प्रमाणित भएर राजनीतिबाटै अलग हुने बताउँदै उनले राजीनामा भने नदिने घोषणा गरेका छन्।

'विमानस्थलस्थित अध्यागमनको भिजिट भिसाको मात्रै कुरा होइन, मेरो सार्वजनिक र राजनीतिक जीवनमा कुनै आर्थिक अनियमितता प्रमाणित भयो भने पदबाट मात्र होइन, राजनीतिबाटै राजीनामा दिन्छु,' मन्त्री लेखकले शनिबार साँझ दिएको भिडियो सन्देशमा भनेका छन्। उनले घटनाको सम्बन्धमा विस्तृत विवरण १३ जेठमा प्रतिनिधिसभाको बैठकमा दिने तयारी रहेकोसमेत बताएका छन्। 'मैले सदनमा बोल्न समय माग गरेको छु, विस्तृत कुरा म त्यहीँ स्पष्ट पार्नेछु,' उनले भने।

त्यसअघि दिउँसो कांग्रेस धनुषाको पार्टी कार्यालय जनकपुरधारमा नेता-कार्यकर्तालाई सम्बोधन गर्दा पनि मन्त्री लेखकले आफूमाथि लागेका आरोप झूटा भएको दाबी गरेका थिए। 'विमानस्थलबाट भिजिट भिसामा जाने युवाबाट रकम उठाउने गरिएको र त्यसमा ममाथि पनि आरोप लगाइएको छ। यसमा साथीहरूले चिन्ता गर्नुपर्ने, आत्तिनुपर्ने कुनै पनि कारण छैन। राजनीति गर्दा पार्टीका सार्थीहरूको मन सानो हुने र शिर निहुरिने काम गर्दिनँ। जुन दिन मेरा हातले कुनै गलत काम हुन्छ, त्यो दिनदेखि म राजनीतिमा देखा पर्दिनँ,' उनले भनेका थिए।

मधेश प्रदेशस्तरीय सुरक्षा बैठकका लागि शुक्रबार नै जनकपुरधाम आएका गृहमन्त्री लेखकले यस प्रकरणमा पर्दापछाडि कसैले काम गरेकोसमेत संकेत गरे। 'यो कहाँबाट प्रचार भइरहेको छ भनेर बुझ्न केही दिन चुप लागेको थिएँ। केही थाहा पनि पाइसकेको छु,' उनले भने, 'दुई-चार दिनमा आफैँ पनि केही थप बोल्छु। त्यसैले अहिले धेरै बोल्दिनँ।'

अर्कोतर्फ गृह मन्त्रालयले शनिबार विज्ञप्ति जारी गर्दै गृहमन्त्रीको संलग्नता नरहेको प्रस्टीकरण दिएको छ। 'कपोलकल्पित, भ्रामक र आधारहीन समाचार प्रकाशित र प्रसारित भएको प्रति मन्त्रालय दुःख व्यक्त गर्दछ। यस्ता कुनै पनि गैरकानुनी वा भ्रष्टाचारजन्य कार्यमा मन्त्रालयको नेतृत्वको कुनै प्रकारको संलग्नता नरहेको र नरहने विषय स्पष्ट गर्दछौं। साथै, विषयको गम्भीरतालाई मध्यनजर गरी सत्य-तथ्य विषयवस्तु मात्र प्रकाशन र प्रसारण गरिदिनुहुन अनुरोध गर्दछौं,' गृहको विज्ञप्तिमा छ।

विमानस्थलमा हुने आर्थिक अनियमिततामा गृहका कर्मचारीसमेत संलग्न रहेको तथ्य बाहिरिएको छ। विज्ञप्तिमा गृहले अख्तियारको अनुसन्धानमा सघाउने उल्लेख छ। 'विमानस्थल अध्यागमन कार्यालयको काम-कारबाहीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको हुँदा अनुसन्धान कार्य पूरा भएपछि सत्य-तथ्य व्यहोरा सबैको जानकारीमा आउने नै छ। आयोगबाट हुने छानबिन तथा अनुसन्धानसम्बन्धी कार्यमा मन्त्रालयको पूर्ण सहयोग रहने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ,' गृहको विज्ञप्तिमा छ।

धनकुटाबाट ८९० किलो गाँजा बरामद



धनकुटा/ प्रहरीले धनकुटाको साँगुरीगढी गाउँपालिका-२, सेलिलिङबाट ठुलो परिणाममा लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ।

पिकअप भ्यानमा राखेर लैजाँदै गरेको अवस्थामा धनकुटा र मोरङको सीमा क्षेत्रबाट शुक्रबार राति ८९० किलो गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका डिएसपी ओमप्रकाश खनालले बताए। धनकुटाको साँगुरीगढी गाउँपालिका-२, बुढीमोरङबाट प्र. १-०२-००२ च ५२३८ नम्बरको पिकअप भ्यानभित्र २९ वटा बोरामा प्याक गरेर मोरङ केराबारीतर्फ लैजाँदै गरेको अवस्थामा गाँजासहित १९ वर्षीय उल्लास लिम्बूलाई पक्राउ गरिएको डिएसपी खनालले बताए।

लागुऔषध गाँजा लैजाँदै गरेको सूचनाको आधारमा ओख्रे प्रहरी चौकी र इलाका प्रहरी कार्यालय राजारानी धनकुटाको संयुक्त टोलीले गाँजासहित लिम्बूलाई नियन्त्रणमा लिएको थियो। गाडीचालक भने फरार रहेका छन्। घटनास्थलबाट प्रहरीले को २९ प ९६३५ नम्बरको पल्सर मोटरसाइकल पनि नियन्त्रणमा लिएको छ।

सर्टिफिकेट हरायो

मिति २०८२/१/५ गते जरङखुबाट बालाजुसम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोराको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सुमिना कार्की
सिम्बोल नं. : २२७११८९३
रजिष्ट्रेशन नं. : ८०३२७०४५११७२
सम्पर्क : ९८५११८२२९५

■ बाँकेमा सफल हुँदै चक्ला वन कार्यक्रम

३६० जनालाई रोजगारी, ६ करोड राजस्व संकलन



बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

बाँकेमा चक्ला वन कार्यक्रम सफल हुँदै गएको छ। वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रमअन्तर्गत बाँकेमा देशकै ठुलो 'चक्ला वन' बनाइएको छ। माथेवास-शमशेरगन्ज चक्ला वन दुई हजार पाँच सय ८० हेक्टरमा फैलिएको छ।

निश्चित मापदण्डमा रहेर उमेर पुगेका रुख कटान गर्ने र नयाँ रुख हुर्कनका लागि उपयुक्त वातावरण निर्माण गर्न वैज्ञानिक विधि अपनाएर चक्ला वन स्थापना गरिएको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजन वन अधिकृत शंकरप्रसाद गुप्ताले बताए। 'चक्ला वनमा सालका नयाँ रुखलाई हुर्कन सहयोग गर्ने उद्देश्यले बुढा, पुराना र काम नलाग्ने रुख विस्थापित गरिँदै छ,' उनले भने, 'वन व्यवस्थापन नहुँदा बाँकेको सालको जंगल कुकाठमा परिणत हुने अवस्था छ।'

आर्थिक वर्ष ०७३/७४ बाट बाँकेमा चक्ला वन कार्यक्रम सञ्चालनमा ल्याइएको उनले बताए। नयाँ बिरुवालाई आवश्यकताअनुसार संख्या, गुणस्तर र प्रजाति सम्मिश्रण गरी हुर्कन मद्दत गर्ने गरिएको उनले बताए। बाँकेमा बनाइएको चक्ला वनलाई विभिन्न सात उपखण्डमा विभाजन गरिएको छ। प्रत्येक उपखण्डलाई आठ-आठ पुनः उत्पादन खण्डमा विभाजन गरी काम भइरहेको उनको भनाइ छ। 'विविध कारणवश कार्यक्रम लागू भएको तीन वर्षसम्म कटान र संवर्द्धनको काम हुन सकेन,' उनले भने।

कुल ५६ वटा पुनः उत्पादन खण्डमा १०-१० वर्ष गरी ८० वर्षभित्र पुराना र काम नलाग्ने बुट्यान फँडानी गरिने गुप्ताले बताए। '३० सेन्टिमिटरमाथिका रुख कटान गरी सालका रुखलाई हुर्कने वातावरण बनाइँदै छ,' उनले भने, 'हरेक खण्डमा रहेका काम नलाग्ने रुखलाई वार्षिक रूपमा पालैपालो हटाउने र नयाँ रुखलाई हुर्काउन आवश्यक व्यवस्थापन गरिएको छ।'

उनले सातवटै उपखण्डमा काम भइरहेको बताए। काम भएको क्षेत्रमा नयाँ पुस्ताका रुख राम्रोसँग हुर्किरहेको उनको भनाइ छ। 'जुन ठाउँमा काम भएको छ त्यहाँ नयाँ पुस्ताका रुख राम्रोसँग हुर्किरहेका छन्,' गुप्ताले भने, 'बुट्यान, झाडी र बुढापुराना रुखले नयाँ पुस्ताका रुखलाई हुर्कन दिँदैनन्। चक्ला वनको उद्देश्य नयाँ पुस्ताका रुखलाई हुर्किन मद्दत गर्ने हो।' उनले चक्ला वन कार्यक्रमले देशलाई काठमा आत्मनिर्भर बनाउने जिकिर गरे। 'यसले विदेशबाट काठ ल्याउने कार्यलाई रोक्नेछ,' उनले भने।

माथेवास-शमशेरगन्ज चक्ला वनले रोजगारीसँगै राजस्व वृद्धि गरेको उनले बताए। प्रत्येक वर्ष तीन सय ६० जनालाई रोजगारी दिएको बताउँदै उनले गत आर्थिक वर्ष ६ करोड रुपैयाँ राजस्व संकलन भएको बताए। 'राजस्व र रोजगारीसँगै काम नलाग्ने काठ, दाउरा पनि सदुपयोग भएको छ,' उनले भने, 'हरेक वर्ष राजस्वसँगै रोजगारीको संख्या पनि बढ्दै जानेछ।'

उनले आव ०८२/८३ मा ५६ करोड चार लाख रुपैयाँ राजस्व संकलन हुने अनुमान गरिएको बताए। माथेवास-शमशेरगन्ज चक्ला वनपछि डिभिजन वन कार्यालय बाँकेले सिक्टा चक्ला वन कार्यक्रम लागू गर्न लागेको छ। राप्तीसोनारी गाउँपालिका १ र ४ नम्बर वडामा पर्ने वनलाई चक्ला वनको रूपमा विकास गर्न लागेको सिनियर डिभिजन वन प्रमुख गुप्ताले बताए। सो वन दुई हजार दुई सय हेक्टरको हुने उनले बताए। 'आगामी आर्थिक वर्षबाट उक्त क्षेत्रमा चक्ला वन कार्यक्रम लागू गर्ने अन्तिम तयारी छ,' उनले भने। चक्ला वनलाई सुरक्षित बनाउन हरेक खण्डलाई छुट्याउने गरी अग्निरेखा निर्माण गरिएका छन् भने १७ जना अग्नि नियन्त्रकको समेत व्यवस्था गरिएको छ।

एउटा मोबाइल...

पृष्ठ १ बाट क्रमशः

यसमा गृह नेतृत्व नै अनुसन्धानको राडारमा छ। अध्यागमनमा कुनै पनि कर्मचारी मन्त्रीको सचिवालयबाट स्वीकृत नभई सरुवा नहुने प्रणाली बनाइएको मन्त्रालय स्रोत बताउँछ। विगतमा भिजिट भिसाको सेटिङ धन्दामा संलग्न देखिएपछि प्रहरीले मुद्दा दायर गरेका अधिकृत विमल पौडेललाई नै मन्त्री लेखकले आफ्नो सचिवालयमा राखेका छन्। विगतमा कारबाही गरेर हटाइएका अधिकृतलाई समेत चलखेलका आधारमा फेरि अध्यागमनमा पठाइएको थियो।

अख्तियारले पहिलो चरणमा अध्यागमन प्रमुख रहेका भट्टराईमाथि र दोस्रो चरणमा अन्यमाथि छानबिन गर्ने तयारी गरेको छ। सहसचिव भट्टराईसहित ट्राभल एजेन्सी सञ्चालक बालकृष्ण ढकाल तथा भिजिट भिसाको पैसा व्यवस्थापन गर्ने खगेन्द्र सुवेदी र कविता पौडेललाई पनि आयोगले नियन्त्रणमा लिई सोधपुछ गरेर हाजिरी जमानीमा छाडेको छ। उनीहरूको पनि मोबाइल प्रहरीले नियन्त्रणमा लिएर परीक्षणमा पठाएको छ। उनीहरूको खातामा महिनामै करोडौं लेनदेन हुने गरेको थियो। उनीहरूले सो पैसा निकालेर सहसचिव भट्टराईलाई घरमै लगेर बुझाउने गरेको स्रोत बताउँछ। यस्तो धन्दा संस्थागत र संगठित शैलीको भएको अख्तियारका अधिकारीहरूले बताएका छन्। छानबिन छल्नकै लागि तह-तह बनाएर आर्थिक लेनदेन हुने गरेको थियो।

अख्तियारले अन्डरकभर अपरेसन चलाएर प्रमाणहरू संकलन गरी सहसचिव भट्टराईलाई नियन्त्रणमा लिएको थियो। उनीमाथि निगरानी भइरहेको सूचना पाएपछि गृह मन्त्रालयले सोही दिन उनलाई हटाउने निर्णय गरेको थियो। तर, रमाना नलिँदै उनी पक्राउ परेका हुन्।

डिजिटल वालेट...

पृष्ठ १ बाट क्रमशः

प्रणालीमार्फत हुन्डीको कारोबार भएको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ। यसमा संलग्न नवलपरासीदेखि झापासम्मका मनी ट्रान्सफर, ट्राभल तथा अन्य कम्पनीका सञ्चालकलाई सिआइबीले पक्राउ गरी नेपाल राष्ट्र बैंक ऐनका साथै सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनअनुसार पनि अनुसन्धान थालेको हो।

'हालसम्म पक्राउ परेकाले ३१ अर्ब रुपैयाँबराबरको हुन्डीको कारोबार गरेको देखिन्छ,' सिआइबी निर्देशक एआइजी चन्द्रकुवेर खापुङले भने, 'सुन तस्करी तथा क्रिप्टो कारोबारको अवैध पैसालाई उनीहरूले बैंकिङ च्यानलमार्फत हुन्डीको भुक्तानीमा प्रयोग गरेको देखियो, सम्पत्ति शुद्धीकरणको कसुरसमेत जोडेर विस्तृत अनुसन्धान अघि बढेको छ।'

डिजिटल वालेट कम्पनी सजिलो पे र पे-वेल नेपालको मिलेमतोमा यसरी बैंकिङ च्यानलमार्फत नै हुन्डीको सञ्जाल बनाइएको हो। ती दुई कम्पनीको कारोबारको विस्तृत विवरण खोतलेर सिआइबीले सञ्जालमा आबद्ध व्यक्तिहरूलाई पक्राउ गरेको हो। 'यसको अनुसन्धानका लागि बिशेष टोली नै बनाएका थियौँ,' सिआइबीका एसएसपी होविन्द्र बोगटी भन्छन्, 'करिब चार-पाँच महिना लगाएर गरेको अनुसन्धानपछि अहिले ३० जना पक्राउ गरेका हौँ।'

सिआइबीले सजिलो पे र पे-वेल नेपाल कम्पनीका सञ्चालकलाई गत वर्ष नै पक्राउ गरी मुद्दा चलाएको थियो। ती कम्पनीलाई हाल राष्ट्र बैंकले कारोबारमा प्रतिबन्ध लगाएको छ। एसएसपी बोगटीका अनुसार कतिपय भारतीय नागरिकले समेत हुन्डीको कारोबारमा यो सञ्जाललाई प्रयोग गरिएको खुलेको छ। 'यस्तै अवैध कारोबारले हालै देश सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पनि परेको छ,' बोगटीले भने, 'जसकारण सम्पत्ति शुद्धीकरणको कसुरमा पनि विस्तृत छानबिन थालेका छौं।'

गत महिना सिआइबीले २१ जनालाई पक्राउ गरेकोमा हालै थप नौजना पक्राउ परेका हुन्। पक्राउ पर्नेमध्ये मोरङका दीपेन्द्रप्रसाद साह र वीरेन्द्रप्रसाद साहले मात्र दुई अर्ब ८२ करोड १९ लाखबराबरको अवैध कारोबार गरेको सिआइबीले जनाएको छ। उनीहरूले डिएस ट्रेडर्स एन्ड रेमिट्यान्स कम्पनीको आडमा हुन्डी कारोबार गरेका हुन्।

महोत्तरीका श्रवणकुमार साहले दीपज्योति ट्रेडर्स कम्पनीमार्फत एक अर्ब ५१ करोड २० लाख, सप्तरीका तारालाल यादवले रिया ट्रेडर्समार्फत एक अर्ब ३९ करोड ५५ लाख, सर्लाहीका हेराम महतोले आनन्द ट्रेडर्समार्फत एक अर्ब दुई करोड ६३ लाखको हुन्डी कारोबार गरेका छन्। पर्साका प्रदीपकुमार साहले आर एन्ड ए सबरेमिटमार्फत एक अर्ब एक करोडको कारोबार गरेको अनुसन्धानमा खुलेको छ।

झापास्थित द गिफ्टेरिया सञ्चालन गर्ने निकेश अग्रवाल, सुमन खनाल, अंकित अग्रवाल, अनुज मारू, कविस मारूको कम्पनीले पाँच अर्बभन्दा धेरै कारोबार गरेको भेटिएको छ। झापाकै सुनील राईको डिएस ट्रेडर्समार्फत पनि हुन्डीको कारोबार भएको पुष्टि भएको छ।

न्यु सन्देश इन्टरप्राइजेजका निरोजकुमार महतो, अलिता मनी ट्रान्सफरका अलितादेवी महतो र प्रकाश सिंह, श्री अञ्जल इन्टरप्राइजेजका अरुणकुमार साह र जय मा मनी ट्रान्सफरका सञ्जीवकुमार महतो, नवलपरासीका राजकुमार लोनिया, भीमकुमारी गुरुङ र गणपति पाण्डे पनि पक्राउ परेका छन्। सप्तरीका रामबिला साह, ममताकुमारी साह, सुशीलाकुमारी साहू र शम्भु मेहता तथा पर्साका विकर्णजंग राणासमेत सिआइबी हिरासतमा छन्। त्यस्तै, सुनको कारोबारमा जोडिएका न्युरोडका विकास श्रेष्ठ, खड्कबहादुर श्रेष्ठ र श्रीकान्त विभूतिलाई पनि सिआइबीले हालै पक्राउ गरेको छ।

'मेरै कारणले...

पृष्ठ १ बाट क्रमशः

किन मप्रति सरकारले प्रतशोध साँध्दै छ ?'

रविलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिने क्रममा सर्वोच्चले 'नारायणबहादुर पहराईसहितको जाहेरी' उल्लेख गरेको छ। जबकि पहराईले कसैविरुद्ध उजुरी नै नदिएको बताउँदै आएका छन्। यो घटनाले उजुरीकर्ताको नाम प्रयोगमा रहेको प्रक्रिया, सहमति र वैधानिकतामाथि नै प्रश्न उठाएको छ।

पहराईले आफूमाथि भएको अन्यायविरुद्ध न्याय खोजिरहेको पनि बताएका छन्। पूर्वन्यायाधीश बलराम केसी गलत आधारमा मुद्दा चलाएको अवस्थामा अभियोजन नै फिर्ता लिने अभ्यास हुने बताउँछन्। तर, नेपालमा कोही फसे-फसोस् भन्ने अभियोजक (सरकार)को नीति रहेको उनको भनाइ छ। मुद्दा अभियोजन भइसकेपछि अदालतले भने त्यसकै आधारमा न्याय निरूपण गर्ने भएकाले न्यायालयको यसमा दोष नरहेको केसीले बताए।

'युएनको 'रोल अफ द प्रोसेक्युटस' भन्ने छ। त्यसले के भन्छ भने गलत आधारमा मुद्दा चलाएछ भने अभियोजन फिर्ता लिने हुन्छ। यो यस्तो होइन, यस्तो हो भनेर उजुरीकर्ता वा जाहेरवालाले निवेदन दिए भने त्यो अभियोजकमार्फत अदालतमा फरवार्ड गर्ने गरिन्छ। तर, यहाँ कोही फसे-फसोस् भन्ने अभियोजकको नीति छ। प्रहरीमै गएर हामी चुकेका छौं,' उनले लाउडा काण्डको समेत उदाहरण दिँदै भने, 'जस्तो : लाउडा काण्डमा अख्तियारको टोली अस्ट्रिया गयो। त्यहाँ हामीले घुस खाएका छैनौं भनेर भने। तैपनि त्यो कुरा यहाँ मुद्दामा उल्लेख गरिएन।'

अभियोजकले मुद्दा पेस गरेकै आधारमा अदालतले आदेश गर्ने भएकाले अदालतलाई दोष दिन नमिल्ने पनि उनको भनाइ छ। 'अहिले अदालतले केही गर्न सक्दैन। तर, प्रमाण बुझ्दै जाँदा म जाहेरवाला होइन भन्नेलाई अदालतले बोलाउँछ। बकपत्रमा अदालतले बोलाएपछि त्यहाँ कुरा राख्ने हो र अदालतले पनि त्यो बकपत्रलाई कसरी हेर्ने भन्ने हुन्छ। हुन त नेपालमा यस्तो अभ्यास छैन।'

Government of Bagmati Province
Ministry of Water Resources, Energy and Irrigation
Water Resources and Irrigation Development Division Office
Bharatpur, Chitwan

Notice of Intention to Award Contract

Date of publication: 25th May 2025

As per our invitation for Bid published on **"Naya Patrika" National Daily** on 29th Nov 2024 with Submission of Bids up to 12:00 hrs ,29th Dec 2024 and their evaluation, this is to notify to all the concerned bidders who submitted their bids for below mentioned package that the Lowest Evaluated Substantially Responsive bidder as indicated below has been selected to be award the contract. This notice has been published pursuant to clause 27 (2) and 27(3) of Public Procurement Act 2063 for purpose of clause 47 of the same Act.

SN	Bid No.	Contractor	Bid Price (Including VAT & PS)
1.	IMEP/Chitwan/B-1a/CW-61	M/S Dynamic Construction Pvt.Ltd , Bharatpur,Chitwan	1,56,20,392.05

Division Chief

सामूहिक आत्महत्यासम्बन्धी नयाँ कानुन ल्याउँदै सरकार

आत्महत्या दुरुत्साहनको परिभाषा स्पष्ट हुने गरी दफा नै विस्थापन

आत्महत्यामा कहीँ न कहीँ बाहिरी कारण पनि हुन्छ

● अधिवक्ता डा. सुवास आचार्य



यसले केही हदसम्म त्यो रिक्तता पूरा गरेको त देखियो । यसलाई समयसापेक्ष कानुनको संशोधन मान्नुपर्छ । मान्छेले इच्छाले नै आत्महत्या गर्ने भए पनि कहीँ न कहीँ बाहिरी कारण पनि हुन्छ । ऋण, गरिबी, झगडा वा अरू केही । यस्तोमा प्रत्यक्ष र घुमाइफिराइ परोक्ष रूपमा भए पनि कसैले आत्महत्या नै गरोस् भन्ने मनसाय राखेको अवस्थालाई मान्ने वा नमान्ने यस्ता विषय अझै पनि संशोधनले समेटेको छैन ।



शिल्पा कर्ण/नयाँ पत्रिका

घटना १ : *२ माघ ०७६ मा थानकोट बस्दै आएका ३५ वर्षीय विनय लामिछानेपत्नी जमुना रेग्मी लामिछाने र दुई वर्ष तथा ६ महिनाका दुई छोरासहित धादिङको बेनीघाट पुगेर त्रिशूलीमा हेलिए । विनयलाई प्रहरीले उद्धार गरे पनि बाँकी अन्य तीनको भने ज्यान जोगाउन सकिएन । उनीहरूको डेराबाट बरामद सुसाइड नोटमा ऋण धेरै भएको, तर तिर्न नसक्ने अवस्था आएपछि आत्महत्या गर्ने निष्कर्षमा आफूहरू पुगेको उल्लेख छ ।*

घटना २ : *२५ फागुनमा दैलेखकी ३५ वर्षीया सुकी बडुवाललेे चार सन्तानसहित कर्णालीमा हामफालिन् । जसमा १५, १२ र सात वर्षीया तीन छोरी र १० वर्षका एक छोरासमेत सुकीको समेत ज्यान गयो । श्रीमान् मादक पदार्थ सेवन गरेर पैसा मास्ने, झगडा गर्ने र पारिवारिक विवादजस्ता कारणले दिक्क भएर उनले यस्तो निर्णय लिएको सुकीका माइतीले बताएका थिए ।*

घटना ३ : *८ वैशाख ०८२ मा धनुषाको सहिदनगर बस्ने २५ वर्षीया बबिताकुमारी साहले आठ वर्षीया छोरा, पाँच तथा तीन वर्षीया छोरीहरूका साथै आफैँ पनि विष सेवन गरिन् । छोराछोरीको अस्पताल पुऱ्याउनुअगाडि नै मृत्यु भयो भने साहको गर्भबाट छोरालाई शल्यक्रिया गरी निकालिए पनि आमाको ज्यान बचाउन सकिएको थिएन ।*

नेपालमा पछिल्लो समय सामूहिक आत्महत्या बढ्दै गएको छ । तर, यस विषयमा स्पष्ट कानुन नहुँदा घटनैपिच्छे अभियोजन फरक हुने गरेको कानुनका जानकारहरू बताउँछन् । काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका पूर्वजिल्ला न्यायाधिवक्ता गंगाप्रसाद पौडेल यस्ता घटनापिच्छे विवेक प्रयोग गरी सरकारी वकिलले अभियोजन गर्ने गरेको बताउँछन् । उपचार गरेर बल्ल बाँचेको र परस्पर सहमतिमा भएको आत्महत्याका घटनामा बाँचेका मान्छेलाई कम सजाय मागेर कर्तव्य ज्यानमा मुद्दा लाने गरेको उनको भनाइ छ । 'अर्कोचाहिँ आत्महत्या दुरुत्साहनमा पनि लाने गरेका छौं । ठ्याक्कै योचाहिँ सम्बोधन गर्ने कानुन हामीसँग छैन । यसका लागि लबिङ भने भइरहेको छ,' उनले भने ।

सरकारी वकीलले प्रहरीको अनुसन्धान र मनसाय हेरेर मुद्दा चलाउने गरेका छन् । १८ जेठ ०८० मा हेटौंडा उपमहानगरपालिका- १५ जाँतेकी ३६ वर्षीया सोनी पाखिनले आफू साथै दुई छोराहरू सात वर्षीय अस्किन र डेढ वर्षका जेनिस वाइबालाई विष खुवाइन् । उनको कान्छाछोराको भोलिपल्टै मृत्यु भयो । दुईजना भने बाँचे । विष खुवाएकाले आमालाई ज्यान मुद्दा लाग्यो र सजाय तोकियो । मकवानपुर सरकारी वकिल कार्यालयका एक अधिकारीका अनुसार यस घटनामा बाँचेकी आमालाई कर्तव्य ज्यान मुद्दामा अदालतले जन्मकैदको फैसला सुनाएको छ । 'बच्चा अपांगता रहेछ । त्यसैले उनले मार्ने खोजेको र आफूले कम विष खाएजस्तो देखिएको थियो । त्यसैले सजाय पनि भयो,' मुद्दामा संलग्न एक अधिकृत भन्छन् ।

यसैगरी, कर्णालीमा बालबालिकासहित पाँचजनाले हामफालेर गरेको सामूहिक आत्महत्याको घटनामा भने सुकीका श्रीमान् मानसिंह बडुवाललाई जिल्ला अदालत दैलेखले आत्महत्या दुरुत्साहन कसुरमा दोषी ठहर गरेको थियो । घटनाको एक वर्षपछि नै ०७८ फागुनमा चार छोराछोरीसहित श्रीमतीलाई पनि आत्महत्या गर्न बाध्य बनाएको भन्दै डेढ वर्ष कैद र १५ हजार रुपैयाँ जरिवानाको सजाय तोकिएको थियो । हालसम्म यसरी अभियोजनमा कठिनाइ हुने गरेकोमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले यसको सम्बोधनका लागि कानुनी प्रावधान थप्न लागेको छ । संयुक्त रूपमा गरिने आत्महत्या अर्थात् 'सुसाइड प्याक्ट'का विषयमा स्पष्ट कानुनी व्याख्या नहुँदा यस्ता घटनामा अनुसन्धान, अभियोजन र फैसला दिन अदालतलाई कठिनाइ हुने गरेकोमा मन्त्रालयले छुट्टै व्यवस्था ल्याउन लागेको हो ।

मुलुकी अपराध संहिताको संशोधनका लागि प्रस्तावित मस्यौदाले आत्महत्या दुरुत्साहनलाई अझै स्पष्ट पारेको छ भने सुसाइड प्याक्टको विषय पनि सोही दफामा थपेको छ । मस्यौदाअनुसार संहिताको दफा १८५ मा रहेको 'आत्महत्या दुरुत्साहन'लाई परिभाषित गरिएको छ । यसैको उपदफा (२)मा भनिएको छ, 'कसैले परस्पर सहमतिमा सामूहिक रूपमा आत्महत्या गर्ने वा एकले अर्कोलाई मार्ने कार्य गर्न वा गराउन हुँदैन ।' साथै, उपदफा (४)मा भनिएको छ, 'उपदफा (२)बमोजिमको कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।' यसरी कसैको ज्यान गएको रहेछ भने दुरुत्साहन गर्नेलाई पाँचदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था गर्न लागिएको छ ।

फौजदारी कानुनका जानकार अधिवक्ता डा. सुवास आचार्य यसअघि गोश्वारा र अस्पष्ट रूपमा कानुनमा सुसाइड प्याक्टको विषय समेटिएको भए पनि प्रस्तावित संशोधनले कानुनी रिक्तता पूरा गरेको बताउँछन् । 'यसले केही हदसम्म त्यो रिक्तता पूरा गरेको त देखियो । यसलाई समयसापेक्ष कानुनको संशोधन मान्नुपर्छ,' उनले भने । यद्यपि, दुरुत्साहनको घटनामा भने अझै पनि यो संशोधन पर्याप्त नभएको र हाल न्यायसम्पादनमा आइरहेको समस्या सम्बोधन नगर्ने अधिवक्ता आचार्यको बुझाइ छ । उनको भनाइमा दुरुत्साहनलाई स्पष्ट पार्ने गरी थुप्रै विषय अहिलेको संशोधन प्रस्तावमा छैन । दुरुत्साहनको विषयमा सर्वोच्च अदालतले व्याख्या गर्नुपर्ने केही मुद्दाहरू हाल विचाराधीन नै रहेको उनले बताए ।

■ कानुन बनाउन तीन वर्षअघि ध्यानाकर्षण

यस विषयमा सर्वोच्च अदालतले २९ असार ०७८ मै आदेश गरेको थियो । सर्वोच्चको संयुक्त इजलासले यस सम्बन्धमा कानुन बनाउन कानुन मन्त्रालयको ध्यानाकर्षणसमेत गराएको थियो । न्यायाधीशद्वय अनिलकुमार सिन्हा र हरिप्रसाद फुँयालको इजलासले विष सेवन गराई मृत्यु (कर्तव्य ज्यान)को मुद्दामा अनुसन्धान गर्ने निकाय नेपाल प्रहरी र अभियोजन गर्ने सरकारी वकिललाई समेत अभियोजन सम्बन्धमा निर्देशनात्मक आदेश जारी गरेको थियो ।

'सोझासीधा मान्छेहरूलाई परिबन्दमा पारी आत्महत्या गर्न उक्साउने वा संयुक्त रूपमा मिलेर गरिने आत्महत्याको नाममा अर्को व्यक्तिलाई मर्न लगाई आफूले आत्महत्या गर्न खोजेको नाटक गर्ने कार्यलाई निरुत्साहित गरी दण्डित गर्नुपर्ने भए तापनि संयुक्त रूपमा मिलेर गरिने आत्महत्याको कसुर परिभाषित भई सजाय निर्धारण गरेको हालको प्रचलित कानुनमा नदेखिएको हुँदा फौजदारी कानुनमा यस्तो अपराधको परिभाषा र सजायको रिक्तता पूरा गर्ने कार्य कार्यपालिका र व्यवस्थापिकाको देखिँदा सो सम्बन्धमा कानुन मन्त्रालयलाई ध्यानाकर्षण गराउनुका साथै संयुक्त रूपमा मिलेर गरिने आत्महत्याजस्तो देखिने प्रकृतिको बारदातमा निम्न पक्षलाई समेत ध्यान दिई अनुसन्धान गरी अभियोग गर्न अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिललाई निम्नबमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छ,' फैसलामा छ । संयुक्त रूपमा आत्महत्या गर्दा बाँच्ने व्यक्तिले आफ्नो मृत्यु हुनेसमेतको कार्य गरे नगरेको, तेस्रो पक्षको उपस्थिति भए नभएको, भए निजको जीवन बाँच्न सम्भव थियो थिएन र आत्महत्या गर्दा गर्न खोजिएको कार्य समानुपातिक थियो वा थिएनजस्ता विषयमा अनुसन्धान हुनुपर्ने फैसलामा छ । यसैगरी, बाँचेका व्यक्तिलाई अरू कसैले उक्साएको, घटनापछि बाँचेका व्यक्तिको मानसिक अवस्था, बाँचेका व्यक्तिलाई आत्महत्या गरिसकेका अर्का व्यक्तिको मृत्युबाट लाभ हुने थियो कि थिएन र मृतक कुनै प्रकारको हिंसाको सिकार भए नभएजस्ता विषयमा अनुसन्धानकेन्द्रित हुनुपर्ने न्यायाधीशद्वयको राय छ । खगेन्द्र नेपालीविरुद्ध नेपाल सरकार रहेको मुद्दामा उक्त आदेश भएको हो ।

■ यस्तो थियो लीला र खगेन्द्रले विष सेवन गरेको घटना

१५ वैशाख ०७१ मा सुर्खेतको तत्कालीन उत्तरगंगा गाविसस्थित जंगलमा १४ वर्षीया लीला रोकायाले विष सेवन गरी आत्महत्या गरेको अवस्थामा शव भेटिएको थियो । नजिकै ३३ वर्षीय खगेन्द्र नेपालीको मुखबाट फिँज आइरहेको थियो । उनी छट्पटाइरहेको अचेत अवस्थामा थिए । तुरुन्तै अस्पताल पुऱ्याउँदा उनको ज्यान जोगियो । तर, जिल्ला अदालत सुर्खेतले नेपालीलाई पाँच वर्ष कैद सजाय सुनायो । नेपालीले भने आफू दुईबिच प्रेम रहेको, तर आफू घरबारे भएका कारण लीलासँग विवाह गर्न नसक्ने र अर्कोतिर लीलाको पनि विवाह गरिदिने कुरा उनको घरबाट भएपछि दुवैले सँगै आत्महत्या गर्न चाहेको अदालतलाई बताएका थिए । आफूले मर्नैका लागि विष सेवन गरे पनि अस्पताल पुऱ्याइएकाले बाँचेको नेपालीको जिकिर थियो । यस मुद्दामा उच्च अदालतले लीलाले बढी र खगेन्द्रले कम विष सेवन गरेको भन्दै कैदलाई १० वर्ष पुऱ्याएको थियो । अन्तिममा सर्वोच्चले भने सफाइ दिएको थियो । दुवैबिच प्रेम सम्बन्ध रहेको पुष्टि भएको, दुवैले सँगै विष खाएको, मृतककी बहिनीले आफैँ विष ल्याएको भनी कागज गरेको, लीलालाई विष खुवाएर मार्नुपर्नेसम्मको कारण खगेन्द्रसँग नरहेको जस्ता कारणले सर्वोच्चले सफाइ दिएको थियो । अस्पतालमा उपचार गराएकै कारण खगेन्द्रको ज्यान जोगिएको निष्कर्ष अदालतको थियो ।

■ प्रहरी अध्ययनले भन्छ-

साधारण लेखपढ गर्नेले बढी आत्महत्या गर्छन्

नेपाल प्रहरीको अध्ययनअनुसार सबैभन्दा बढी आत्महत्या गर्नेमा साधारण लेखपढ गर्न जान्नेहरू छन् । आत्महत्या न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी अध्ययन, २०८१ अनुसार आत्महत्या गर्नेमा ६३.१ प्रतिशत साधारण लेखपढ गर्न जान्ने थिए । प्रहरीका अनुसार प्रतिवेदनका लागि प्रत्येक प्रदेशका दुई-दुई गरी १४ जिल्लामा अध्ययन गरिएको थियो । दुई वर्षको तथ्यांक अध्ययन गर्दा आत्महत्या गर्ने पुरुषको संख्या बढी रहेको देखिएको थियो भने बालिकाहरूले बालकभन्दा बढी आत्महत्या गर्ने गरेको भेटिएको छ । यसैगरी, १८ देखि २५ वर्षका उमेर समूहकाले सबैभन्दा बढी आत्महत्या गर्ने गरेको देखिएको छ । अझै बालबालिकाले समेत यस्तो कार्य गर्ने देखिएको र १५ प्रतिशतले आत्महत्या गरेको अध्ययनले देखाएको छ । प्रहरीले पेसागत आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी ४६ प्रतिशत किसान र त्यसपछि विद्यार्थी १५.४ प्रतिशत तथा त्यसपछि गृहिणीहरूले आत्महत्या गरेको पाइएको छ । यसैगरी, जातिगत तथा समुदायगत हिसाबले हेर्दा आत्महत्या गर्नेमा आदिवासी जनजाति समुदायका ३९ प्रतिशत रहेको पाइएको छ । अध्ययनअनुसार करिब ६७ प्रतिशत मान्छेमा मानसिक रोग रहेको तथा मानसिक तनाव रहेको देखिएको छ । अन्य कारणमा क्रमशः प्रेम सम्बन्धित, आर्थिक समस्या, दीर्घरोग, लागुपदार्थ तथा मादकपदार्थ सेवनलगायत छन् ।

आत्महत्यासम्बन्धी कसुर	
०७७ /७८	७११७
०७८ /७९	६७९२
०७९/८०	६९७४

(स्रोत : नेपाल प्रहरी)

नेपाल प्रहरी सेवा सुरक्षणम्

संक्षेप

देश माओवादीमय बन्दै गएको प्रचण्डको दाबी



कास्की/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले देश माओवादीमय बनेको दाबी गरेका छन् । २ जेठबाट सुरु जनतासँग माओवादी मध्यपहाडी लोकमार्ग जनजागरण अभियानअन्तर्गत पहिलो चरणको समापनका अवसरमा शनिबार पोखरामा आयोजित जनसंवाद कार्यक्रममा अभियान सबैको साझा बनेको बताए । अभियानका क्रममा सर्वसाधारणसँगै अन्य पार्टीका नेता कार्यकर्ताले मओवादीलाई साथ दिएको र आफ्नो अभियान भएको भनी कार्यक्रममा सहभागी भएको देख्दा देश माओवादीमय भएको आफूले अनुभव गरेको उनले सुनाए । तराई मधेश हुलाकी मार्गकेन्द्रित अभियान र मध्यपहाडी लोकमार्ग अभियानका क्रममा आफूलाई भेट गरेका वृद्धवृद्धा, युवायुवती र बालबालिकाले देश एकपटक माओवादीमय बनेको हेर्न चाहेको प्रचण्डले दाबी गरे । 'जसरी ०६४ मा देश माओवादीमय भएको थियो, त्यस्तै संकेत अहिले पाएको छ,' उनले भने, 'जनतालाई बुझाउन सक्यौं भने आउँदो एक वर्षमा देश सिंगै माओवादीमय बन्ने र ०८४ को निर्वाचनमा पार्टी पहिलो नम्बरमा आउनेछ ।' प्रचण्डले देशमा नयाँ क्रान्तिको आवश्यकता रहेको भन्दै वर्तमान संविधानले देशमा स्थिरता नदिने र आर्थिक समृद्धिलाई अघि नबढाउने भएकाले यसलाई संशोधन गरी प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्न आवश्यक रहेको बताए ।

चेतना फैलाउन विद्यार्थी पढाउँदै प्रहरी

अछाम/ साइबर सुरक्षा, लैंगिक हिंसा र लागुऔषध दुर्व्यसनीबारे समुदायमा चेतना फैलाउन प्रहरीले विद्यालयहरूमा कक्षा सुरु गरेको छ । विद्यार्थी र अभिभावक दुवैको उपस्थितिमा कक्षा सञ्चालन हुने गरेको हो । समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत जिल्लाका एक हजार चार सयभन्दा बढी स्थानीयमा सचेतना फैलाएपछि विद्यार्थी र अभिभावकलक्षित कक्षा सुरु गरेको प्रहरीले जनाएको छ । प्रहरीले साइबर अपराध नियन्त्रणसँगै लैंगिक हिंसाअन्तर्गत बालविवाह, बहुविवाह, छाउपडी, आत्महत्या रोकथाम, यौन दुर्व्यवहार र लागुऔषध दुर्व्यसनीविरुद्धको कानुनी व्यवस्थाबारे जानकारी गराउने गरेको छ । जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीका अनुसार समुदायमा सकारात्मक सन्देश फैलाएर अपराध नियन्त्रण गरी हिंसा घटाउने उद्देश्यले जिल्लाका सबै विद्यालयमा कक्षा सञ्चालन गर्ने लक्ष्य छ । उनका अनुसार अहिलेसम्म १३ वटा विद्यालयका ९३० जना विद्यार्थी र उनीहरूका अभिभावलाई कक्षा दिइएको छ ।

सर्पको टोकाइबाट महिलाको मृत्यु

बर्दिया/ सर्पको टोकाइबाट मधुवन नगरपालिका- १ पत्थरबोझीकी ३८ वर्षीया हिरा थारूको मृत्यु भएको छ । बिहीबार खेतमा काम गरिरहेको समयमा थारूलाई सर्पले टोकेको थियो । सर्पले टोकेपछि उपचारका लागि बर्दिया अस्पताल लगिएको थियो । अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि उनलाई भेरी अस्पताल नेपालगन्ज रिफर गरिएको अस्पताल मेडिकल रेकर्डर केशव न्यौपानेले बताए । थारूको उपचारको क्रममा शुक्रबार दिउँसो १२:२० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक चक्रबहादुर डम्बरपालले बताए ।

८९० केजी गाँजासहित एक पक्राउ

धनकुटा/ साँगुरीगढी गाउँपालिका- २ सेलिलिङबाट ठुलो परिमाणमा गाँजासहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । पिकअप भ्यानमा राखेर लैजाँदै गरेको अवस्थामा धनकुटा र मोरङको सीमाक्षेत्रबाट शुक्रबार राति ८९० केजी गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका डिएसपी ओमप्रकाश खनालले बताए । साँगुरीगढी गाउँपालिका- २ बुढिमोरङबाट प्र १-०२-००२ च ५२३८ नम्बरको पिकअपमा २९ वटा बोरामा प्याक गरेर मोरङको केराबारीतर्फ लैजाँदै गरेको अवस्थामा गाँजासहित स्थानीय १९ वर्षीय उल्लास लिम्बूलाई पक्राउ गरिएको डिएसपी खनालले बताए । गाँजा लैजाँदै गरेको सूचनाका आधारमा ओखे प्रहरीचौकी र इलाका प्रहरी कार्यालय राजारानी धनकुटाको संयुक्त टोलीले गाँजासहित लिम्बूलाई नियन्त्रणमा लिएको थियो । गाडीचालक भने फरार भएका छन् । चालकले धकेलेर प्रहरी जवान सञ्जयकुमार थारू घाइते भएका छन् ।

■ कुलोमा पानी ल्याउन चार हजारले गरे श्रमदान



बर्दियाको राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा सिँचाइका लागि पानीको अभाव भएपछि कुलोमा पानी ल्याउन श्रमदानमा खटिएका स्थानीय । शुक्रबार दुई पालिकाका चार हजारभन्दा बढी किसानले श्रमदान गरी कुलोमा पानी ल्याएका हुन् । कर्णाली नदीको पानी ल्याउन स्थानीयस्तरमा पाइने स्रोतसाधनको प्रयोग गरिएको थियो । सयभन्दा बढी ट्र्याक्टरमा स्याउला ल्याएर स्थानीयले बुढी कुलोमा पानी ल्याएको स्थानीय दयाराम वैद्यले बताए ।

तस्बिर : प्रकाश पौडेल/नयाँ पत्रिका

पूर्वराष्ट्रपति भण्डारी साताव्यापी चीन भ्रमणमा

काठमाडौं/ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी साताव्यापी भ्रमणका लागि चीन प्रस्थान गरेकी छन् । चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको निमन्त्रणामा १४ जना प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी शनिबार त्यसतर्फ प्रस्थान गरेकी हुन् ।



भ्रमण टोलीमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, एमाले सचिव प्रमुख रघुवीर महासेठ, स्थायी कमिटी सदस्य कर्ण थापा, सांसद देवी भट्टचन, पत्रकार महासंघका पूर्वअध्यक्ष महेन्द्र विष्टलगायत छन् । राष्ट्रपतिबाट बिदा भएपछि भण्डारीको यो पहिलो अन्तर्राष्ट्रिय भ्रमण हो । उनी गत वर्ष चीन जाने तयारी रहे पनि हुन सकेको थिएन । उनी १९ जेठमा स्वदेश फर्किने कार्यक्रम छ ।

पूर्वराष्ट्रपति भण्डारीले बेइजिङ र अन्य दुई प्रान्तमा आयोजित तीनवटा कार्यक्रममा सहभागिता जनाउने कार्यक्रम छ । बेइजिङमा आइतबार र सोमबार चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागले आयोजना गर्ने छिमेकी मुलुकहरूसँग सिपिसीको संवादसम्बन्धी कार्यक्रमलाई उनले सम्बोधन गर्नेछिन् । भण्डारीले चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरीय नेतासँग भेटवार्ता गर्ने तयारी रहेको स्रोतले जनाएको छ ।

संरक्षण गरिँदै रत्नकुमार बान्तवाको सहादतस्थल

संघ, प्रदेश र स्थानीय सरकारको सहयोगमा कम्युनिस्ट आन्दोलनका अगुवा रत्नकुमारको सहादतस्थल संरक्षण गर्दै सहिद रत्न-बम प्रतिष्ठान

माडसेबुङ (इलाम)मा **चिरञ्जीवी धिमिरे**

पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनका क्रममा मारिएका सहिद रत्नकुमार बान्तवाको सहादतस्थल संरक्षण गर्न थालिएको छ । तत्कालीन मालेका संस्थापक केन्द्रीय सदस्य रत्नकुमारलाई इलामको माडसेबुङ- २ स्थित इभाङमा निरंकुश पञ्चायती राज्यसत्ताले २७ चैत ०३५ मा गोली हानी हत्या गरेको थियो ।

सहिद रत्न-बम प्रतिष्ठान नेपालले संघ, प्रदेश र स्थानीय सरकारको सहयोगमा कम्युनिस्ट आन्दोलनका अगुवा रत्नकुमारको सहादतस्थल संरक्षणको काम थालेको हो । प्रारम्भिक चरणमा सहादतस्थलमा रत्नकुमार बान्तवाको सालिक निर्माण गर्ने, वरिपरि कम्पाउन्ड बनाएर संरक्षण गर्ने काम गरिएको प्रतिष्ठानका पूर्वअध्यक्ष डा. देवी क्षेत्री दुलालले बताए ।

रत्नकुमारको सहादतस्थल संरक्षणका लागि आर्थिक वर्ष ०७६/७७ मा संघीय सरकारले ३० लाख, ०७९/८० मा प्रदेश सरकारले १० लाख तथा माडसेबुङ गाउँपालिकाले गत आर्थिक वर्षमा पाँच लाख बजेट दिएको पूर्वअध्यक्ष दुलालले बताए । 'सरकारले दिएको बजेटले सालिक निर्माण, वरिपरि टायल हाल्ने काम, कम्पाउन्डका लागि पर्खाल लगाउने काम गरिएको छ,' उनले भने, 'यो प्रारम्भिक संरक्षणको काम मात्र हो । यसमा धेरै काम गर्नुपर्नेछ । यो देहातमा भएका कारण संरक्षणको प्रारम्भिक काम गर्नुअघि एउटा पाखा मात्र थियो । त्यहाँ झाडी थियो । अहिले कम्तीमा रत्नको सहादतस्थल देखिन्छ ।'



सहिद रत्नकुमार बान्तवाको सहादतस्थल, जहाँ अहिले सालिक निर्माण गरिएको छ ।

उनका अनुसार संरक्षण गर्नुअघि त्यहाँ एउटा चौतारो मात्र थियो । अहिले सामान्य पार्क बनेको छ । रत्नको जन्मस्थल चित्रे, सहादतस्थल इभाङ र अन्त्येष्टि गरिएको स्थल इलाम नगरपालिकालाई सहिद सर्किट बनाउन डिपिआर गरिएको छ । 'त्यहाँ फूलबारी बनाउने, प्रज्ञाप्रतिष्ठानको जस्तो डबली बनाउने, रत्नकुमारको हत्या गरिएको ठाउँमा रगत बगेको सिम्बोल बनाउने लक्ष्य छ । तर, बजेट अभावमा काम अघि बढाउन सकेका छैनौं,' उनले भने ।

त्यस्तै, जन्मस्थानमा रहेको घर, आन्दोलनका क्रममा रत्नकुमारले प्रयोग गरेको सुरुङ, मिटिङ हललगायतलाई संरक्षण गर्ने गरी एकीकृत गुरुयोजना बनाइएको छ । रत्नकुमार जन्मिएको गाउँका किसानलाई एकीकृत पशुपालनमा जोड्ने, होमस्टे सञ्चालनमा ल्याउनेसमेत गुरुयोजनामा उल्लेख छ । देउमाई नगरपालिकाले कक्षा ७ को स्थानीय पाठ्यक्रममा पनि रत्नकुमार बान्तवाको जीवनी राखेर अध्ययन गराइरहेको छ । सहिद रत्नकुमार बान्तवाको सहादतस्थल देहातमा पर्छ । त्यहाँ जाने सडक पनि कच्ची छ । करिब डेढ किलोमिटर सडक कालोपत्रे गर्नुपर्ने अवस्था रहेको प्रतिष्ठानका पूर्वअध्यक्ष दुलाल बताउँछन् । 'रत्नको सहादतस्थल पुग्ने सडक कच्ची छ । त्यहाँसम्म पुग्ने सडक कालोपत्रे गर्नका लागि पहल गरिरहेका छौं,' दुलालले भने, 'यसमा स्थानीय सरकारले पनि सहयोग गर्नुपर्दछ ।'



■ **डा. देवी क्षेत्री दुलाल,** पूर्वअध्यक्ष, सहिद रत्न-बम प्रतिष्ठान

त्यहाँ फूलबारी बनाउने, प्रज्ञाप्रतिष्ठानको जस्तो डबली बनाउने, रत्नकुमारको हत्या गरिएको ठाउँमा रगत बगेको सिम्बोल बनाउने लक्ष्य छ । तर, बजेट अभावमा काम अघि बढाउन सकेका छैनौं ।

माडसेबुङ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले सहिद रत्नकुमारको सहादतस्थललाई पर्यटकीय स्थल र अध्ययन तथा अनुसन्धान गर्ने स्थानका रूपमा विकास गर्नुपर्ने बताए । 'तर, स्थानीय सरकारबाट मात्र यो काम सम्भव छैन । प्रदेश सरकार र संघीय सरकारले पनि सहयोग गर्नुपर्छ । यसका लागि पहल गरिरहेका छौं,' उनले भने, 'यस क्षेत्रलाई पर्यटकीय र अध्ययन/अनुसन्धान गर्ने क्षेत्रका रूपमा विकास गर्न सकिन्छ ।'

विद्यालय तहका वर्तमान परीक्षा प्रणालीको सान्दर्भिकता

अनावश्यक विषयलाई पनि पाठ्यक्रममा समावेश गरिँदा राज्यलाई शिक्षकको दायित्व र आर्थिक भार बढिरहेको छ



● किरण कोइराला

अग्रलेख



‘विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६’ ले विद्यालय शिक्षालाई सीपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवं मूल्यमा आधारित बनाउने उद्देश्य लिएको छ। र, समाजवादउन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक विकासलाई विद्यालय शिक्षाको दृष्टिकोण मानेको छ। यी प्रावधान पूरा गर्न तल्लो तहदेखि राष्ट्रियस्तरसम्म परीक्षा र मूल्यांकनलाई महत्त्व दिने भनिएको छ।

राष्ट्रियस्तरको परीक्षा सञ्चालनमा बढी ध्यान दिइँदा त्यसले विद्यालयका त्रैमासिक परीक्षामा समेत प्रभावित गर्ने गरेको छ। वार्षिक तथा त्रैमासिक परीक्षालाई विद्यार्थीको उपलब्धि मापनको प्रमुख साधन बनाइएको छ। यसले सिर्जनात्मक तथा रचनात्मक बन्नुपर्ने शिक्षा सैद्धान्तिक र बोझिलो बनेको छ। विद्यार्थीको कक्षागत सिकाइ उपलब्धिको तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, पृष्ठपोषण प्रदान गर्ने र पुनर्योजना गर्ने कार्य पनि विद्यार्थी मूल्यांकनको हिस्सा हुनुपर्छ।

कक्षा १ देखि ७ सम्म लागू गरिएको निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको प्रभावकारी कार्यान्वयन भएन। त्यसैगरी, कक्षा ८ देखि १२ सम्म निर्माणात्मक मूल्यांकनलाई व्यापक उपयोग गरी सिकाइका लागि मूल्यांकन भन्ने मान्यता स्थापित गर्न सकिएको छैन। परीक्षालाई मात्र मूल्यांकनको मुख्य साधनका रूपमा लिइँदा विद्यार्थी मूल्यांकनका अन्य माध्यम गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप, परियोजना कार्य आदि छायामा परेको पाइन्छ।

‘लेटर ग्रेडिङ निर्देशिका २०७८’ अनुसार कक्षा आठ, दश र बाह्रमा सबै विषयमा न्यूनतम ग्रेड पूरा गरेपछि मात्र सम्बन्धित निकायले मूल प्रमाणपत्र उपलब्ध गराउनेछ। तर, विषयगत रूपमा आन्तरिकतर्फ ‘सी’ र सैद्धान्तिकतर्फ ‘डी’ ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध गराइँदैन। सैद्धान्तिक र आन्तरिकको उत्तीर्णांक फरक राखिँदा परीक्षा र मूल्यांकन पद्धतिमा सैद्धान्तिक पक्ष हाबी देखिन्छ। ज्ञानको सैद्धान्तिक पक्षले महत्त्व पाउँदा विद्यार्थीलाई ठुल्ठुला किताबको भारी थपिएको छ। रचनात्मक र सिर्जनात्मक पक्ष महत्त्वहीन भएको छ। विद्यार्थीको ज्ञान, समय र सिर्जनशीलता अनि अभिभावकको आर्थिक लगानीको अत्यधिक दुरुपयोग भइरहेको छ। आन्तरिक परीक्षामा समेत विद्यार्थी फेल हुन सक्ने भनी मापदण्ड तोकिनुले हाम्रा स्तरीकृत परीक्षा कति अव्यावहारिक छन् भन्ने स्पष्ट हुन्छ।

विद्यालय तहदेखि उच्च तहसम्मको पाठ्यक्रमको क्षेत्र तथा क्रम लम्बीय वा क्षितीजीय के हो, स्पष्ट हुनुपर्छ। एकीकृत वा एकलपथीय संरचनाबाट विषयगत सहसम्बन्ध उच्च तहसम्म जोड्न सकिएन। यसले गर्दा विद्यालय शिक्षाको उर्वर उमेरभरि शैक्षिक बोझ विद्यार्थी र आर्थिक बोझ उसका अभिभावकले बोकिरहनुपरेको छ। राज्य भने निजी र सार्वजनिक द्वैत व्यवस्थाको भार बोकेर हिँडिरहेको छ।

विद्यालय तहका पाठ्यक्रमले तोकेका विषय नै विद्यार्थीका उमेर र तहअनुसार बोझिला छन्। माध्यमिक तहको कुनै एउटा कक्षाको गणित विषयलाई मात्र विश्लेषण गर्दा त्यस विषयको व्यावहारिक र प्रयोगात्मक पक्षको अभ्यास न त विद्यार्थीले गर्न सक्छन्, न त शिक्षकले नै गराउन सक्छन्। विद्यार्थीले विषयको जीवनपयोगी सीप हासिल गर्न वर्षौं मिहिनेत गर्दा पनि सम्भव हुने देखिँदैन। बाँकी अन्य विषयको अवस्था पनि त्यस्तै छ।

समग्र विद्यार्थी जीवनका सम्पूर्ण क्रेडिट आवर गणित, विज्ञान र अंग्रेजी विषयको सैद्धान्तिक ज्ञानका लागि मात्र खर्च भएको देखिन्छ। विसं २०८० को माध्यमिक शिक्षा परीक्षा (एसइई)मा ६.७१ प्रतिशतले मात्र ३.६ देखि ४ जिपिए प्राप्त गरेका थिए। जबकि ननग्रेड पाउने परीक्षार्थीको संख्या ५२.१३ प्रतिशत थियो। यसबाट पनि विद्यालय तहका पाठ्यक्रम र परीक्षा प्रणाली विद्यार्थीको क्षमताअनुरूप सान्दर्भिक नभएको स्पष्ट हुन्छ। दिगो विकासको ‘लक्ष्य ४’ ले गुणस्तरीय र जीवनपर्यन्त सिकाइ भने पनि नेपालको विद्यालय शिक्षा अहिले पनि गुरुकुल शिक्षा प्रणालीअनुरूप अघि बढेको छ। सैद्धान्तिक ज्ञानलाई जीवन्त बनाउने अवसर विद्यार्थीलाई कमै छ। वर्तमान पाठ्यक्रम र परीक्षा प्रणालीले विद्यार्थीलाई कुनै पनि विषयमा विशिष्टीकरण ज्ञान प्रदान गरेर दक्ष बन्ने अवसर दिँदैन। त्यसमा पनि निजी विद्यालयले थपिदिने पाठ्यपुस्तकको बोझले विद्यार्थीलाई सानै उमेरदेखि मानसिक रूपमा शैक्षिक भरिया बनाएको छ।

राष्ट्रियस्तरका स्तरीकृत परीक्षाको अवस्था : महालेखा परीक्षकको ६२औँ प्रतिवेदन २०८२ अनुसार पूर्वप्राथमिक, आधारभूत र माध्यमिक तहका सामुदायिक र संस्थागत गरी देशमा कुल ७७ हजार ९४४ विद्यालय छन्। तिनमा अध्ययन गर्ने विद्यार्थीको संख्या ८५ लाख ८७ हजार २०६ छ। नेपालभर अध्ययन गर्ने विद्यालय तहका विद्यार्थीमध्ये सामुदायिक विद्यालयमा ६५.६२ तथा संस्थागत विद्यालयमा ३२ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। तिनमा कार्यरत शिक्षकको संख्या तीन लाख २५ हजार ३१० रहेको छ। यीमध्ये सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमको शिक्षकको संख्या दुई लाख १२ हजार सात सय ३७ छ।

‘अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५’ को दफा २० ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। तर, राष्ट्रिय परीक्षा बोर्डले नै माध्यमिक तहका विद्यार्थीबाट रजिस्ट्रेसन, परीक्षा, प्रमाणपत्रलगायत शीर्षकमा शुल्क संकलन गर्ने गरेको महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदन, २०८१ ले औँल्याएको थियो। राष्ट्रिय परीक्षा बोर्डले लिने कक्षा १० र १२ को परीक्षा एउटै शैक्षिक वर्षको कार्यक्रम भए पनि परीक्षा फरक समयमा गरिँदा जनशक्ति र आर्थिक दायित्वमा समेत दोहोरोपन छ।

विसं १९९० सालमा एसएलसी. बोर्डको स्थापना भएदेखि सञ्चालित परीक्षा प्रणालीको निरन्तरता अझै रहिरहेको छ। पाँच लाख १४ हजार ७१ परीक्षार्थीले भाग लिएको २०८१ चैत ७ गतेबाट सञ्चालित एसइईमा २०७९ परीक्षा केन्द्रमा ७७ हजार ८१७ जनशक्ति परिचालित गरियो। त्यस्तै २०८२ वैशाख २१ गतेदेखि जेठ ४ गतेसम्म पाँच लाख ११ हजार परीक्षार्थीले कक्षा १२ को एसएलसी परीक्षामा भाग लिए। यसमा देशभरका एक हजार ५९१ परीक्षा केन्द्रमा ४८ हजार २०९ जनशक्ति परिचालन गरियो। आधारभूत तह उत्तीर्ण कक्षा ८ को वार्षिक परीक्षा पनि स्थानीय तहले परीक्षा सञ्चालन गर्न आवश्यकताअनुसार जनशक्ति परिचालन गर्छन्। वार्षिक परीक्षा प्रणालीबाट एक शैक्षिक सत्रभरिको उपलब्धिलाई ३ घण्टाभित्रमा मापन गरेर विद्यार्थीको उत्तीर्ण र अनुत्तीर्णको प्रमाणीकरण गरी प्रमाण पत्र दिने कार्य राष्ट्रिय परीक्षा बोर्डबाट गरिँदा विद्यालयको आन्तरिक परीक्षामा समेत प्रभाव परेको छ।

आन्तरिक मूल्यांकनका लागि लचिलो परीक्षा प्रणाली अपनाएका धेरै पनि थुप्रै छन्। विश्वको उत्कृष्ट शिक्षा प्रणाली भएका देश फिनल्यान्ड, नेदरल्यान्ड, डेनमार्क, नर्वे र स्विडेनमा निरन्तर मूल्यांकनमा जोड दिइन्छ। विद्यालय तहमा कुनै वार्षिक परीक्षा गरिँदैन। अमेरिका, जर्मनी, क्यानडा, बेलायत र अस्ट्रेलियामा पनि विद्यालय तहको परीक्षा प्रणाली लचिलो छ। त्यहाँ निरन्तर मूल्यांकन र क्रेडिट प्रणालीमा जोड दिइन्छ।

चीन, भारत, सिंगापुर, बंगलादेश, इरान र दक्षिण कोरियामा राष्ट्रियस्तरको परीक्षामा अत्यन्तै कठोर सुरक्षा प्रक्रिया अपनाइन्छ। त्यहाँ परीक्षार्थीलाई सिसिटिभीमार्फत निगरानी गरिन्छ। यी देशमा परीक्षा प्रणाली कडा भए पनि विद्यालय तहको पाठ्यक्रम लचिलो तथा राष्ट्रिय हितअनुकूल छ।

नेपालको राष्ट्रिय परीक्षाको सन्दर्भ : विद्यार्थीको विषयगत साधारण ज्ञान व्यापक बनाउने अव्यावहारिक पाठ्यक्रम तथा मूल्यांकन प्रणाली रहेकाले राज्यले विद्यालय तहमा विषयगत दरबन्दी पूरा गर्न सकिरहेको छैन। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विसं २०८१ को तथ्यांकअनुसार तीन हजार १६३ निम्न माध्यमिक तथा एक हजार ७६२ माध्यमिक तहमा शून्य दरबन्दी छ। निम्न माध्यमिक र माध्यमिक तहको कक्षा ११ र १२ मा अझै पनि विषयगत दरबन्दी पूर्ण छैनन्।

अनावश्यक विषयलाई पनि पाठ्यक्रममा समावेश गरिँदा राज्यलाई शिक्षकको दायित्व र आर्थिक भार बढिरहेको छ। राष्ट्रले नीतिगत रूपमा वर्षौंदेखि अंग्रेजी, गणित र विज्ञान विषयलाई मान्यता दिँदै आएको छ।

अहिलेको विद्यालय शिक्षा हेर्दा विद्यार्थी आफ्नो जीवनको अधिकांश समय हाँस्न, खेल्न र रमाउन सक्दैन। विद्यार्थी जीवनको उर्वर समय एकजना विद्यार्थीले अव्यावहारिक र सैद्धान्तिक पाठ्यपुस्तकभित्र हराउनु परिरहेको छ।

त्यस आधारमा अंग्रेजी देशको प्रमुख भाषा भइसक्नुपर्ने थियो। वैज्ञानिक र प्रविधिको क्षेत्र जनशक्ति देशैभर प्रशस्तै भएर अन्तरिक्षको यात्रा तय भइसक्नुपर्ने हो। शिक्षा क्षेत्रमा नेपाली भाषाभन्दा पनि बढी महत्त्व पाएको अंग्रेजी भाषा सबैको पहुँचयोग्य हुनुपर्नेमा परिणाम त्यस्तो देखिएन। नेपालको संविधान ०७२ ले समेत राष्ट्र तथा सरकारी कामकाजको भाषाको मान्यता नदिएको अंग्रेजी विषय शैक्षिक व्यापारको माध्यम भाषा बन्यो।

अंग्रेजी अनिवार्य विषय बनाइँदा त्यस विषयको बोझ वा त्यसमा पास नहुँदा पढाइ छोड्ने धेरै भए। शिक्षा मन्त्रालयका अनुसार विसं २०७२ मा नौ लाख २७ हजार ९९३ विद्यार्थी कक्षा १ मा भर्ना भएकोमा विसं २०८१ को चैत महिनामा सञ्चालित एसइईमा नियमिततर्फ चार लाख १८ हजार ३५५ विद्यार्थी अर्थात् ४५ प्रतिशतले मात्रै परीक्षा दिएका थिए। अर्थात्, आधाभन्दा बढी विद्यार्थीले विद्यालय छाडे। यसपछाडिको कारण अव्यावहारिक पाठ्यक्रम र परीक्षा प्रणाली नै जिम्मेवार छन्। नेपाल सरकारको २५ वर्षीय दीर्घकालीन सोच (विसं २०७६-२१००) मा पाँच वर्षमाथिको साक्षरता दर ९९ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। दीर्घकालीन सोचमा विज्ञान प्रविधि विकास वा वैज्ञानिक आविष्कारलगायत नवप्रवर्तनात्मक लक्ष्य रहनुपर्नेमा साक्षरता पूरा गरिने लक्ष्य रहनु सान्दर्भिक देखिएन। साक्षरता शिक्षामा गरिने लगानीले गुणात्मक शैक्षिक प्रतिफल दिँदैन। सोह्रौँ योजनाको परिणात्मक लक्ष्यअनुसार योजनाको अन्त्यसम्म माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर ३५.६० बाट ५५ प्रतिशत र आधारभूत तह पुग्नेको हिस्सा ७७.१ बाट १०० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। यी लक्ष्य पूरा गर्नसमेत विद्यालय तहका वर्तमान पाठ्यक्रम र मूल्यांकन प्रणालीमा सुधार गरिनुपर्छ।

अहिले विद्यालयले गर्ने वार्षिक परीक्षाले किताबी ज्ञानको सैद्धान्तिक अवस्थाको मात्र मापन गर्‍यो। विद्यालयले पाठ्यक्रमको भन्दा पाठ्यपुस्तकको कार्यान्वयनलाई जोड दिइरहेको छ। शिक्षक र विद्यार्थी दुवै पाठ्यपुस्तकमा केन्द्रित हुँदा जीवन तथा व्यवहारोपयोगी ज्ञान छायामा पर्‍यो। परीक्षा उत्तीर्ण र अनुत्तीर्ण हुनुमै विद्यार्थी शिक्षाको सफलता र असफलता मापन हुने अवस्था आयो।

परीक्षा प्रणालीमा विद्यार्थीका रचनात्मक र सिर्जनात्मकताको मापन भएमा मात्र विद्यार्थीको सर्वांगीण पक्षको मूल्यांकन हुन्छ। हाल प्रयोगमा रहेका परीक्षा विद्यार्थीको किताबी ज्ञान कति छ भन्नेमा मात्र केन्द्रित छ। त्यसैले विद्यार्थीको सीप, धारणा र उच्च दक्षताको समग्र मूल्यांकन हुने कुरै भएन।

निष्कर्ष : नेपालको सन्दर्भमा विद्यार्थी मूल्यांकन पद्धतिलाई सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अंगका रूपमा विकसित गर्न सकिएको छैन। बालबालिकाको सिकाइ स्तरका आधारमा शिक्षक, विद्यालय र समग्र पद्धतिको मूल्यांकन गर्ने परिपाटी स्थापित हुनुपर्छ। वर्षभरि पढेको कुरा तीन घण्टामा लेखेको आधारमा विद्यार्थीको मूल्याकंन गर्ने अव्यावहारिक अभ्यासलाई हटाउनुपर्छ। त्यसको सट्टा विद्यार्थी मूल्यांकनलाई विद्यालयमा पढाइ भएको सबै दिन सधैँ मूल्यांकन हुने गरी मिलाउनुपर्छ।

पाठ्यक्रम तयार गर्दा सैद्धान्तिक ज्ञानलाई मात्र सर्वोत्कृष्ट अंक (ए प्लस) खोजिने गरी तयार गरिनुहुँदैन। अबको परीक्षा विद्यार्थीले अरूको लागि होइन, आफ्ना लागि दिनुपर्छ। प्रश्नको उत्तर आफूले आफैँलाई पढेर लेख्न सक्नुपर्छ। विद्यार्थीको व्यवहार, धारणा, आत्मीयता, सहयोग, सद्भाव, सहिष्णुता र सम्मानजस्ता सामाजिक क्षेत्रमा पनि सर्वोत्कृष्ट अंक खोजिनुपर्छ।

अहिलेको विद्यालय शिक्षा हेर्दा विद्यार्थी आफ्नो जीवनको अधिकांश समय हाँस्न, खेल्न र रमाउन सक्दैन। विद्यार्थी जीवनको उर्वर समय एकजना विद्यार्थीले अव्यावहारिक र सैद्धान्तिक पाठ्यपुस्तकभित्र हराउनु परिरहेको छ। परिवार र आफन्तसँग खुसी साट्ने प्रत्येक दिन गृहकार्य गर्नुपर्छ। खुला संसारमा खेल्ने र साथीसँग रमाउने वेला झोलाभरिको किताबको भारीले थिचिनुपर्छ। सामाजिक मूल्य-मान्यता बुझ्ने र सामेल हुने वेलामा कोचिङ र ट्युसनमा थुनिनुपर्छ। विद्यार्थी जीवनभर विद्यालय र पाठ्यपुस्तकमा समर्पित हुँदा पनि परीक्षाको डरले सताउन छाड्दैन। त्यसैले, परम्परागत पाठ्यक्रम र मूल्यांकन प्रणालीलाई विद्यार्थीमैत्री बनाई गुणस्तरीय र जीवनपर्यन्त सिकाइ सुनिश्चित गरिनुपर्छ।

(कोइराला शिक्षक महासंघ गोलन्जोर गापा समिति, सिन्धुलीका अध्यक्ष हुन्।)

---

३ प्रश्न

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक **नरबहादुर थापालाई**



देशले सामाजिक सुरक्षा भत्ताअन्तर्गत वर्षको एक खर्बभन्दा बढी रकम खर्चिने रहेछ। तर, सामाजिक सुरक्षा भत्ताको एक अर्ब रकम कोही लिन नआएकाले निष्क्रिय खातामा पार्किङ भएको छ। त्यो रकम बैंकहरूले त विनाब्याज चलाइरहेका छन्। यसरी राज्यको रकम विनाब्याज प्रयोग गर्दा कारबाही हुन्छ कि हुँदैन ?

बैंकको निष्क्रिय खातामा पार्किङ भएको सामाजिक भत्ताको ब्याज आम्दानी राज्यले पाएन भन्ने प्रश्न नै असान्दर्भिक छ। पहिलो त सरकारले ब्याज कमाउने हिसाबले बैंकमा पैसा राख्न नै पाउँदैन। यो सरकारले गर्न नहुने कामअन्तर्गत पर्छ। तरलता व्यवस्थापनका लागि कतिपय अवस्थामा केन्द्रले स्थानीय तहमा निश्चित प्रतिशत रकम बैंकको खातामा राख्न पाउने सुविधा पनि दिएको थियो, अहिले त्यो पनि ‘विथ-ड्र’ गरेको छ। अब सरकारले छुट्याएको रकम खर्च हुन नसकेर बैंक खातामा रहयो भने पैसा राष्ट्र बैंकमै राख्न सकिएला। आखिर, सरकारको बैंक भनेको राष्ट्र बैंक हो।

कसरी यति ठुलो रकम पार्किङ हुने अवस्था आयो ?

सामाजिक भत्ता पाउने मानिसको रेकर्ड ६/६ महिनामा अध्यावधिक गर्नुपर्ने व्यवस्था छ, बैंक खातावाला मानिस छ कि छैन भनेर। त्यो स्थानीय तहले गरेको हुनुपर्छ। यदि गरेको छैन भने त समस्या त्यसैले ल्याउने हो। यसको अर्थ स्थानीय तह आफूले गर्नुपर्ने काममा सक्रिय भएन भन्ने हो।

अब अगाडिको बाटो के हुन सक्ला ?

संघीय सरकारले स्थानीय तहमार्फत गराएको काममा फसेको रकम फिर्ता गर्न सम्बन्धित निकाय परिचालन हुनुपर्‍यो। एक अर्ब भनेको सानो रकम त होइन। फिर्ता गर्नुपर्ने प्रक्रियालाई थालिहाल्नुपर्छ। सरकारले यसका लागि सम्बन्धित निकायमा पत्राचार गरिहाल्नुपर्छ।

प्रेरक प्रसंग

प्रधानमन्त्रीको रेलयात्रा

इंग्ल्यान्डका प्रधानमन्त्री विलियम इवार्ट ग्ल्याडस्टोन एक साधारण किसानका छोरा थिए। उनी अत्यन्त सादा जीवन व्यतीत गर्थे। यहाँसम्म कि उनी आफ्नो लुगा पनि आफैँ सफा गर्थे र बिहान-बिहान साइकलमा झोला झुन्ड्याएर सब्जी किन्न निस्किन्थे।

एकपटक रेलमा यात्रा गरिरहेका वेला स्टेसनमा एउटा पत्रिकाका सम्पादक उनलाई भेट्नका लागि आए। उनको विचार थियो, प्रधानमन्त्री अवश्य पनि पहिलो श्रेणीको डब्बामा बसेका होलान्, त्यसैले उनले पहिलो श्रेणीका तीनवटा डब्बामा खोजे तर उनी भेटिएनन्। तब पहिलो श्रेणीको एउटा झ्यालमा एउटा महँगो लुगा लगाएको नवयुवक उनले देखे। ती नवयुवकसँग सम्पादकले प्रधानमन्त्रीबारे सोधे। ती नवयुवकले उनलाई जवाफ दिए, ‘उहाँ यो डब्बामा हुनुहुन्न, उहाँ त द्वितीय श्रेणीको डब्बामा हुनुहुन्छ।’ युवकको कुरा सुन्दा ती सम्पादकलाई विश्वास लागेन। उनले भने, ‘उहाँजस्तो नेता पहिलो श्रेणीको साटो द्वितीय श्रेणीमा यात्रा गर्ने कुरा मलाई अलि विश्वास लागेन।’ ती पत्रकारको कुरा सुनेपछि ती युवकले भने, ‘मैले झुटो बोलेको होइन, म उहाँको छोरो हुँ।’

यसपछि सम्पादक दोस्रो श्रेणीको डब्बामा गए। त्यहाँ ग्ल्याडस्टोन सिटमा बसेर पत्रिका पढिरहेका थिए। यो देखेर सम्पादकले सोधे, ‘श्रीमान्, तपाईं प्रधानमन्त्री भएर पनि द्वितीय श्रेणीको डब्बामा यात्रा गरिरहनुभएको छ। तर, तपाईंको छोराचाहिँ पहिलो श्रेणीको डब्बामा यात्रा गरिरहेका छन्, यस्तो किन ?’ ती पत्रकार महोदयको कुरा सुनेपछि मुसुक्क मुस्कुराउँदै ग्ल्याडस्टोनले भने, ‘हेर्नुहोस् म एउटा सामान्य गरिब किसानको छोरो हुँ। त्यसैले दोस्रो श्रेणीको डब्बामा यात्रा गर्दै छु। तर, ऊचाहिँ एक प्रधानमन्त्रीको छोरा हो। त्यसैले ऊ पहिलो श्रेणीमा यात्रा गर्दै छ।’

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निराशामा खेल्ने प्रयास

राजावादीहरू राजसंस्था पुनर्स्थापनाको नारा लिएर घरदैलो गर्ने रे ! यस्तो विचार राजनीतिक दिमागमा लागेको पित्तको संकेत हो। जनताले भोट हालेर चुनेका नेताले कुशासन गरेको, जनताको आकांक्षा पूरा नगरेको साँचो हो। तर, त्यसको रिसमा राजतन्त्र फर्काउनु भनेको देशलाई उल्टो गियरमा लानु हो। २४० वर्षमा देशका लागि केही नगरेको राजातन्त्रले फेरि फर्किएर देश विकास गरिदिन्छ भनेर विश्वास गरिदिनु रे ! यो देश ०६२/६३ मा उठेको थियो, अब फेरि झुक्न सक्दैन। बहुसंख्यक जनताले राजा होइन, आफूले चुनेका नेताबाट जवाफदेही शासन चाहेका छन्। राजावादीको अहिलेको निराश परिस्थितिमा खेल्ने प्रयास सफल हुँदैन।

● **रामकुमार लामिछाने**, नुवाकोट

मादक पदार्थमाथि उच्च कर आवश्यक

तथ्यांकले नेपालमा क्यान्सर रोगीको संख्या दिनानुदिन बढ्दै गएको देखाउँछ। मादक पदार्थका यसबाहेक अन्य नकारात्मक प्रभाव पनि छन्। मादक पदार्थका कारण घरपरिवार र गाउँटोलमा झैझगडा बढिरहेको हामी देख्छौँ। खासमा मादक पदार्थले फाइदाभन्दा बेफाइदा धेरै गर्छ। मानव स्वास्थ्य र पारिवारिक तथा सामाजिक कलहको कारण बनेको यस वस्तुविरुद्ध जनचेतना कार्यक्रम गर्नु मात्र पर्याप्त छैन। त्यस्ता हानिकारक पदार्थको प्रयोग निरुत्साहित गर्न यसमा बढीभन्दा बढी कर लगाउन सक्नुपर्‍यो। यसले यसको प्रयोग कम गर्न सघाउँछ कि ?

● **बलराम थापा**
क्षेत्रपाटी, काठमाडौं

बचतकर्ताले रकम पाउलान् ?

सहकारी रकम हिनामिनासम्बन्धी सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले सहकारी ठगीमा संलग्न भई विदेशमा फरार भएका १८ जनालाई पक्राउ गर्न सिफारिस गरेको थियो। संसदीय समितिले विभिन्न सहकारीबाट अर्बौं रुपैयाँ हिनामिना भएको निष्कर्ष निकालेको थियो। बाग्लुङको इमेज सहकारीका देवकुमारी नेपालीबाहेक अन्य पक्राउ परेका छैनन्। अधिकांश सहकारी सञ्चालक विदेश भागिसकेका छन्। सहकारीका बचतकर्ताले आफूले बचत गरेको रकम पाउन सकेका छैनन्। बचतकर्ताको रकम कहिले र कसरी फिर्ता हुन्छ, सरकार ?

● **राजन अधिकारी**
भरतपुर- २५, सोसी

निरीह माहामन्त्रीद्वय

अहिले दिनहुँ छिनछिनमा बिजुली जान थालेको छ। आमजनताले यसबारे बोलिरहेका छन्, तर सत्तारुढ सांसदले एक शब्द बोल्न सकेका छैनन्। कारण हो ओली र देउवा रिसाउलान् भन्ने पिर। सरकारले जनताको प्रिय पात्र मानिएका कुलमान घिसिङलाई समयअगावै बर्खास्त गर्दाको परिणाम हो अघोषित लोडसेडिङ। यसको जिम्मा कसले लिने ? कुलमानलाई हटाउँदा जनतामा आशा र उत्साह पलायो कि निराशा ? नेपाली कांग्रेसका दुई महामन्त्री गगन र विश्वप्रकाश शर्माले सामाजिक सञ्जालमा कुलमान घिसिङ हटाएकोबारे गहिरो असहमति प्रकट गरेका थिए। तर, उनीहरूले उक्त निर्णय सच्याएर फेरि कुलमानलाई बहाली गर भन्ने माग भने गरेका छैनन्।

माहामन्त्रीद्वयले यस विषयमा केवल सामाजिक सञ्जालमा पोस्ट मात्र गरे। उनीहरू कांग्रेस पार्टीभित्र जुन पदमा छन्, त्यसको बल नपुगेको हो या बाहिर देखाउन मात्र बोलिरहेका छन्। अन्यथा, सरकारको संयन्त्रमा पनि बसिरहने अनि यसरी गोहीको आँसु चुहाउँदै बोल्दा दोहोरो चरित्र प्रमाणित हुनेछ। अन्यथा, माहामन्त्रीद्वयले मन्त्री दीपक खड्काको बर्खास्तीसम्मको माग गर्नुपर्ने हो। के कांग्रेसका दुई माहामन्त्री एकजना मन्त्रीसामु निरीह भएका हुन् त ?

● **गोपाल देवकोटा**, चाबहिल, पीपलबोट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अभिव्यक्ति स्वतन्त्रतामाथि अदालतको कुदृष्टि

भारतमा कानुनी प्रक्रिया एउटा विचारधारा हो, जसका आडमा अधिकार र न्यायका मौलिक मुद्दालाई अदृश्य बनाइन्छ



देश/विदेश

● प्रताप भानु मेहता

‘प्राध्यापक अली खान महमुदाबाद बनाम हरियाणा राज्य’ मुद्दामा भारतीय सर्वोच्च अदालतले दिएको फैसला संवैधानिक मूल्यमाथि चासो राख्नेहरूलाई विचलित बनाउने खालको छ। गनिमत छ, महामहिम न्यायामूर्तिहरूले प्राध्यापक खानलाई दयापूर्वक धरौटीमा रिहा गरेका छन्। खासमा, प्राध्यापकको गिरफ्तारीमा नागरिक स्वतन्त्रताको संरक्षणको न्यूनतम मानक पनि पालना गरिएको थिएन।

सर्वोच्चको आदेशले प्राध्यापक खानलाई तत्काल राहत प्रदान गरे पनि यसले भविष्यमा अभिव्यक्ति स्वतन्त्रतालाई प्रदान गरिएको संरक्षणलाई कमजोर बनाउन सक्ने देखिन्छ। यसका विविध कारण छन्। पहिलो, आदेशमा उल्लिखित सर्तले प्राध्यापकलाई यस अधिकारबाट अनुचित रूपमा वञ्चित गरेको छ। खानजस्ता प्राज्ञलाई आफ्नो राहदानी बुझाउन र सार्वजनिक रूपमा मुद्दाबारे कुनै पनि राय नदिन आदेश दिनु भनेको सजाय नै हो, जसका उनी हकदार होइनन्। जेल सजाय नदिई राहत दिइए पनि राहदानी खोसेर अभिव्यक्तिमा रोक लगाई व्यवहारमा सर्वोच्च अदालतले उनलाई अनिश्चितकालका लागि सजाय दिएको छ। सर्वोच्च अदालत प्रक्रियाका नाममा सामाजिक नियन्त्रण कसरी लागू हुँदै छ भन्नेबारे अनभिज्ञ छैन होला ?

निःसन्देह ‘प्रक्रिया’ कानुनका लागि महत्त्वपूर्ण कुरा हो। उचित ढंगले लागू हुँदा यो कानुनी सुरक्षाको एक आवश्यक तत्त्व बन्न सक्छ। तर, भारतमा प्रक्रिया कुनै सुरक्षा उपाय होइन भन्ने कसैबाट लुकेको छैन। भारतमा कानुनी प्रक्रिया एउटा विचारधारा बनेको छ, जसका आडमा लुकेर कानुनी पेसाले अधिकार र न्यायका महत्त्वपूर्ण मुद्दालाई अवरोध पुर्‍याउने काम गर्छ। यसबाहेक ‘प्रक्रिया’ आफैँ नै सजाय बन्ने कुरा पनि कसैबाट लुकेको छैन। प्रक्रियावादको आवरण व्यवहारतः अधिकार खोस्ने बृहत्तर विवेकाधिकारसँग मेल खान्छ, विशेषतः न्यायाधीशहरूको। त्यसैले प्रक्रियागत न्याय दिलाउने नाममा जब अदालतले यस्ता सर्त तेर्स्याउँछ, त्यतिखेर व्यवहारमा ती मौलिक अधिकार संरक्षण झुटो साबित हुन्छ। कुनै नागरिकलाई आफ्नो सामान्य अधिकार प्रयोग गरेकोमा पक्राउ गरिएको स्थितिमा धरौटीको सर्त यदि बोझिलो बन्यो भने त्यस्ता प्रक्रिया स्वयंमा अभिव्यक्ति स्वतन्त्रताविरुद्धको अवरोधक हुन पुग्छ।

यस मुद्दाको अनुसन्धान गर्न अदालतले तीनजना भारतीय प्रहरी सेवा अधिकृतको ‘विशेष अनुसन्धान टोली (एसआइटी)’ गठन गरेको छ। तर, दुई अनुच्छेदको फेसबुक पोस्टको अनुसन्धानका लागि तीन वरिष्ठ प्रहरी अधिकृतलाई खटाउनुले एक भयानक हास्यास्पद अवस्थालाई इंगित गर्छ। मानौँ, त्यो पोस्टमा पत्ता लगाउनुपर्ने केही गम्भीर संकेत छ। प्रसिद्ध कानुनवेत्ता एचएम सिरवाईले कुनै वेला एक न्यायाधीशबारे टिप्पणी गर्दै ‘उनलाई न कानुन थाहा छ, न अंग्रेजी’ भनेका थिए। अहिलेका न्यायाधीशलाई कानुन र अंग्रेजी दुवै आउने मान्ने हो भने तिनले प्राध्यापक खानको पोस्टको सीधा र गुह्य अर्थ पाँच मिनेटमै निर्धारण गर्न सक्थे। तर, निर्णय गर्ने आफ्नो जिम्मेवारीबाट पछाडि हटेर तिनले एसआइटीमार्फत जटिल प्रक्रिया रोजेर छन्। यसको दुई कुराको संकेत दिन्छ। पहिलो, यसले प्रतिवादीको निर्दोषताको प्रमाणित गर्नुपर्ने अवस्थालाई परिवर्तन गर्छ। अब नागरिकले आफ्ना अधिकार प्रयोग गर्दा आफू निर्दोष रहेको साबित आफैँले गर्नुपर्ने अवस्था बनाउँछ। पोस्टमा लुकेको संकेत रहेको भनाइले अदालतको झुकाव राज्यतर्फ रहेको देखाउँछ। भारतको सर्वोच्च अदालतको धारा १९ सम्बन्धी दृष्टिकोण पहिले प्रायः असंगत थियो, अहिले त्यो झन् खराब बन्दै गएको छ। ‘पूर्ण अभिव्यक्ति


तस्बिर : इन्डियन एक्सप्रेस

स्वतन्त्रता’ भन्ने कुरा हुँदैन, सबैले स्विकारेका भए पनि भारतीय कानुनअनुसार अभिव्यक्तिमाथिको प्रतिबन्ध केवल स्पष्ट हिंसा वा सार्वजनिक अशान्ति निम्त्याउने अवस्थामा सीमित हुनुपर्छ।

दोस्रो, कानुनी संस्कृतिमा आएको परिवर्तन खतरनाक छ। तिनले ‘सदाचारपूर्ण’ अभिव्यक्तिमा मात्र स्वतन्त्रता हुनुपर्छ भन्ने सोचलाई बढावा दिएको छ। अहिले, प्राध्यापक खानको पोस्टको गुणस्तर तोक्नेभन्दा उनको अधिकार के हो भन्ने मुख्य विषय हो। सार्वजनिक बहसमा कसैले त्यसलाई अनुचित वा देशविरोधी भन्न सक्छन्, त्यो उनीहरूको अधिकार हो। तर, जब व्यक्तिले आफ्नो अभिव्यक्ति राष्ट्रप्रेमी छ भनेर प्रमाणित गर्नैपर्ने अवस्था आउँछ, त्यो गम्भीर चिन्ताको विषय हो। राष्ट्रप्रेम आफैँमा अस्पष्ट धारणा हो। यसको मापदण्ड कसले बनाउने हो ? अहिलेका मापदण्डले महात्मा गान्धी, नेहरू र अम्बेडकरलाई पनि देशद्रोही ठान्न सक्थ्यो। यस्तो स्थितिमा अदालतले अभिव्यक्ति स्वतन्त्रताको रक्षा होइन, एउटा विचारधारालाई वैधता दिइरहेको देखिन्छ। अदालत राष्ट्रप्रेमको शिक्षक बन्नु हुँदैन।


यो घटना अर्को एक हिसाबले पनि डरलाग्दो छ। सुरुवातमा यसलाई एक स्थानीय अपवादका रूपमा प्रस्तुत गरिएको थियो। अर्थात्, यस घटनाबाट हरियाणा राज्य महिला आयोग र स्थानीय भाजपा नेताले सस्तो लोकप्रियता कमाउने प्रयास गरेको ठानिएको थियो। तर, अहिले दुई कुरा स्पष्ट भइसकेका छन्। पहिलो- राज्यको सबैभन्दा उच्च तह प्राध्यापक खानलाई नजिर (उदाहरण) बनाउने दृढ नियतमा छ भन्ने देखिन्छ। यदि चाहेको भए उजुरी दर्ता भएपछि पनि राज्यले यो विषयलाई सजिलै किनारा लगाउन सक्थ्यो। वास्तवमा यो घटना सरकारको उदाहरण बनाउने रणनीतिअन्तर्गत रहेको देखिन्छ, जुन यो सरकारको सामाजिक नियन्त्रणको एक चिन्ताजनक प्रवृत्ति हो।

दोस्रो- अदालत, प्रशासन, प्रहरी वा शैक्षिक संस्थानजस्ता सबै प्रकारका पदाधिकारीले एक अत्यन्त मौलिक भिन्नता तय गर्न अस्वीकार गरिरहेका छन् भन्ने अहिले स्पष्ट हुँदै छ। तर्क गर्नकै लागि मानौँ प्राध्यापकको विचार आलोचना लायक थियो रे ! तर, यसरी तुरुन्तै कानुनी कारबाहीतर्फ लम्कनु भनेको विनाशतर्फको मार्ग मात्र हो। खैर, न्यायमूर्तिहरूले धरौटी अझै सम्भव छ भन्ने देखाएकामा आभार व्यक्त गर्न सकिन्छ। तर, तिनको यस कृपा नागरिक अधिकारमाथि एउटा डरलाग्दो छाया बनेर छाएको छ।

(प्राध्यापक मेहता सेन्टर फर पोलिसी रिसर्चका अध्यक्ष हुन्।)
द इन्डियन एक्सप्रेसबाट

भारतमा किन विवादित बन्दै छ जातीय गणना ?

प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशासनले सन् १९३१ पछि पहिलोपटक आगामी राष्ट्रिय जनगणनामा जातीय पहिचान व्यवस्थित ढंगले रेकर्ड राख्ने घोषणा गरेको छ



● जेसी यउङ

जेसी यउङ हङकङस्थित सिएनएन इन्टरनेसनलकी वरिष्ठ समाचार डेस्क रिपोर्टर हुन् ।

जातीय गणनाको तयारीले पिछडिएका समूहलाई उत्थान गर्छ वा विभाजनलाई बलियो बनाउँछ भन्नेबारे लामो समयदेखि चलिरहेको बहसलाई पुनर्जीवित गरेको छ

भारतभर लाखौँ मानिसका लागि हजारौँ वर्ष पुरानो कठोर जाति व्यवस्थाले अझै पनि दैनिक जीवनको पाटो (सामाजिक वृत्तदेखि शिक्षासम्म)लाई निर्देशित गर्छ । भारत सरकारले लामो समयदेखि जोड दिँदै आएको छ कि विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्रमा सामाजिक पदानुक्रमको कुनै स्थान छैन । देशले सन् १९५० मा जातीय भेदभावमाथि प्रतिबन्ध लगाएको थियो । तसर्थ, प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशासनले १९३१ पछि पहिलोपटक आगामी राष्ट्रिय जनगणनामा जातीय व्यवस्थाको गणना गरिने घोषणा गर्दा यो अचम्मको विषय बन्यो, मानौँ भारत अझै पनि ब्रिटिस उपनिवेश थियो ।

सरकारले अप्रिलमा जारी गरेको प्रेस विज्ञप्तिमा जातीय गणनाले 'सामाजिक संरचना राजनीतिक दबाबमा नपरेको सुनिश्चित गर्नेछ' भन्ने उल्लेख छ । जात गणनाले 'समाज आर्थिक र सामाजिक रूपमा सबल हुने र विनाकुनै अवरोध देशको प्रगति निरन्तर जारी रहने सुनिश्चित गर्ने'मा सरकारको जोड छ । विज्ञप्तिमा जातको तथ्यांक कसरी संकलन गरिनेछ वा जनगणना कहिले हुनेछ भन्नेबारे कुनै विवरण समावेश छैन । तर, सरकारी भनाइले पिछडिएका समूहलाई उत्थान गर्छ कि विभाजनलाई थप बलियो बनाउनेछ भन्नेबारे लामो समयदेखि चलिरहेको बहसलाई पुनर्जीवित गरेको छ ।

सरकारले ल्याएको यो प्रस्ताव यति विवादास्पद छ कि जातीय जनगणनाले 'राज्यलाई प्रायः राजनीतिक र सामाजिक रूपमा संरचनात्मक असमानताको सामना गर्न बाध्य पार्नेछ,' पपुलेसन फाउन्डेसन अफ इन्डियाकी कार्यकारी निर्देशक पुनम मुत्रेजाले भनिन्, 'विगत शताब्दीमा जातीय तथ्यांकको अभावको अर्थ हामी अन्धाधुन्ध अगाडि बढिरहेका छौँ र सामाजिक न्याय पछ्याउने भन्दै अँध्यारोमा नीति डिजाइन गरिरहेका छौँ,' उनले थपिन्, 'त्यसैले, अर्को जनगणना ऐतिहासिक हुनेछ ।'

जाति भनेको के हो ?

भारतको जाति व्यवस्थाको जड हिन्दु धर्मशास्त्रसँग जोडिएको छ । ऐतिहासिक रूपमा जनसंख्यालाई एक पदानुक्रममा वर्गीकृत गरिएको थियो, जसले मानिसको पेसा, उनीहरू कहाँ बस्न सक्छन् र जन्मेको परिवारको आधारमा उनीहरूले कोसँग विवाह गर्न सक्छन् भनेर परिभाषित गर्छ । अहिले भारतमा उल्लेख्य संख्यामा गैरहिन्दु (जसमा मुस्लिम, इसाई, जैन र बौद्ध धर्मावलम्बी) पनि छन् । त्यहाँ धेरै मुख्य जाति र हजारौँ उपजाति छन् । माथिल्लो तहमा रहेका ब्राह्मण, (जो परम्परागत रूपमा पुजारी वा विद्वान् थिए) र दलित (जुन पहिले 'अछुत' भनेर चिनिन्थे र उनीहरूलाई सफाइ र फोहोर उठाउने काम गर्न लगाइन्थ्यो) पनि छन् । शताब्दीयौँदेखि तल्लो तहमा रहेका दलित र सीमान्तकृत आदिवासीलाई 'अपवित्र' मानिन्थ्यो । केही अवस्थामा उनीहरूलाई माथिल्लो जातका मानिसको घर वा मन्दिरमा प्रवेश गर्नसमेत निषेध गरिएको थियो । सार्वजनिक ठाउँमा छुट्टाछुट्टै भाँडामा खान र पिउन बाध्य पारिएको थियो ।

सन् १९४७ मा बेलायतबाट स्वतन्त्र भएसँगै भारतले आफ्नो नयाँ संविधानमा परिवर्तनको लहर ल्याएपछि विगतका गल्ती बिर्सने प्रयास गऱ्यो । संविधानले जातिको विशिष्ट वर्ग स्थापना गऱ्यो । अन्ततः सीमान्तकृत जातिका लागि सरकारी र शैक्षिक संस्थामा ५० प्रतिशत काम छुट्याइयो । यसले 'अछुत'को अवधारणालाई पनि समाप्त गऱ्यो र जातीय भेदभावलाई रोक लगायो । जनगणनामा जात गणना रोक्ने निर्णय यस अभियानको अर्को अंश थियो ।



'स्वतन्त्रतापछि भारतीय राज्य जनगणनामा सचेत रूपमा जातको गणना गर्नबाट टाढियो,' कार्यकारी निर्देशक मुत्रेजाले भनिन्, 'उनीहरूले सोचेका थिए कि जातलाई हाइलाइट गर्नुहुँदैन । लोकतन्त्रमा सबै समान हुनेछन् ।' विभिन्न अध्ययनअनुसार जात विभाजनको कठोर रेखा समयसँगै नरम भए पनि विशेषगरी सहरी क्षेत्रमा विभिन्न जातिबिच सम्पत्ति, स्वास्थ्य र शैक्षिक प्राप्तिमा अझै पनि ठुलो खाडल छ । आज सबैभन्दा पिछडिएका जातिमा निरक्षरता र कुपोषणको दर उच्च छ र मातृ हेरचाह र प्रजनन स्वास्थ्यजस्ता सामाजिक सेवामा उनीहरूको पहुँच कम छ ।

> पपुलेसन फाउन्डेसन अफ इन्डियाकी कार्यकारी निर्देशक पुनम मुत्रेजाको भनाइमा सरकारले ल्याएको प्रस्ताव यति विवादास्पद छ कि जातीय जनगणनाले राज्यलाई प्रायः राजनीतिक र सामाजिक रूपमा असमानतातर्फ अग्रसर बनाउँछ

सामाजिक अलगाव पनि व्यापक छ । मानव विकास सर्वेक्षणअनुसार भारतमा केवल पाँच प्रतिशतले अन्तरजातीय विवाह गरेका छन् । साथी समूह, कार्यस्थल र अन्य सामाजिक स्थानमा यस्तै खाडल छन् । यी निरन्तर खाडलले जातीय जनगणनाको बढ्दो मागलाई बढावा दिएका छन् । धेरैले तर्क गरिरहेका छन् कि तथ्यांकलाई संघीय सरकारको ठुलो सहायता सुरक्षित गर्न र खाँचोमा परेकालाई स्रोत पुनः बाँड्न प्रयोग गर्न सकिन्छ । केही राज्यहरू, जस्तै- भारतको सबैभन्दा गरिब राज्यहरूमध्ये एक बिहारमा स्थानीय अधिकारीले आफ्नै सर्वेक्षण सञ्चालन गरेका छन्, जसले गर्दा मोदी र उनको भारतीय जनता पार्टी (भाजपा) सरकारले पनि त्यसैलाई पछ्याउन आह्वान गरेको छ ।

अहिले नै किन गणना ?

मोदीले परम्परागत जातीय रेखामा जनसंख्या परिभाषित गर्ने प्रयासलाई लामो समयदेखि पछाडि धकेल्दै आएका छन् । गरिब, युवा, महिला र किसानको उत्थानले सम्पूर्ण देशको विकासमा मद्दत गर्नेछ । तर, २०२४ को राष्ट्रिय चुनावमा विपन्न जातिमा देखिएको बढ्दो असन्तुष्टिले विपक्षीलाई खुसी बनाउने र सत्तारुढ गठबन्धनलाई स्तब्ध पार्ने परिणाम दियो । भाजपा एक्लैले संसद्मा बहुमत ल्याउन सकेन, जसका कारण पार्टीको शक्ति घट्यो । तथापि, मोदीले तेस्रो कार्यकाल जिते र गठबन्धनको सहयोगमा फेरि प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरे ।

उनका प्रतिद्वन्द्वीहरूको दाबी छ कि जातीय जनगणनामा मोदीको यु-टर्न आगामी विधानसभा निर्वाचनमा (विशेषगरी बिहारमा) समर्थन जुटाउनका लागि चालिएको एक राजनीतिक कदम हो । बिहार एक युद्धभूमि राज्य हो, जहाँ यो मुद्दा विशेषगरी संवेदनशील छ । 'अहिले नै जातीय गणना गर्ने विषय केवल संयोग होइन,' तमिलनाडु राज्यका मुख्यमन्त्री र लामो समयदेखि मोदी आलोचक एमके स्टालिनले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा लेखे । 'यस अप्रत्यासित कदममा राजनीतिक स्वार्थको गन्ध आउँछ ।' सन् २०२३ मा बिहारको आफ्नै जातीय सर्वेक्षणले पहिले सोचेकोभन्दा धेरै सीमान्तकृत जातहरू रहेको पत्ता लगायो, जसले सकारात्मक कार्य कोटा बढाउन जारी कानुनी लडाइँलाई सुरु गऱ्यो । धेरै अन्य राज्यले आफ्नै सर्वेक्षण गरे, जुन संघीय सरकारले आफ्नो बयानमा भनेको छ, 'उद्देश्य विविध थिए । केही विशुद्ध रूपमा राजनीतिक कोणबाट सञ्चालन गरिएको थियो, जसले समाजमा शंका उत्पन्न गऱ्यो ।'

प्रमुख विपक्षी कंग्रेस पार्टीले सरकारको घोषणाको उत्सव मनायो र उनीहरूको दबाबमा मोदी झुकेको पार्टीले दाबी गऱ्यो । तर, भाजपा नेताले भनेका छन् कि विपक्षीले आफूहरू सत्तामा रहेका बखत कुनै पनि जातीय जनगणना गर्न बेवास्ता गरे भने अहिले आफ्नै स्वार्थका लागि यो मुद्दालाई राजनीतीकरण गरे । अघिल्लो कांग्रेस नेतृत्वको सरकारले २०११ मा राष्ट्रिय जातीय सर्वेक्षण गरेको थियो । तर, पूर्ण नतिजा कहिल्यै सार्वजनिक गरिएन । आंशिक निष्कर्षले डेटामा विसंगति देखाएको आलोचकले आरोप लगाए ।

'नयाँ जनगणना कहिले हुन्छ भनेर अधिकारीहरूले नबताए पनि उनीहरूसँग कार्यप्रणालीलाई परिष्कृत गर्न र मुख्य जानकारी संकलन गरिएको सुनिश्चित गर्न पर्याप्त समय छ,' मेरील्यान्ड कलेज पार्क विश्वविद्यालयका जनसांख्यिकीविद् र समाजशास्त्रकी प्राध्यापक एमेरिटा सोनाल्डे देसाईले भनिन् । जनगणना पूरा भएपछि अर्को लडाइँ सुरु हुनेछ, नीतिलाई आकार दिन त्यो तथ्यांक कसरी प्रयोग गर्ने ।'

विवादास्पद प्रस्ताव

सबैजना जातीय जनगणनाको पक्षमा छैनन् । विपक्षीहरूको तर्क छ कि राष्ट्रले यी गणनालाई औपचारिक बनाउनुको सट्टा विकल्प खोज्नुपर्छ । केहीको विश्वास छ कि जातमा ध्यान केन्द्रित गर्नुको सट्टा सरकारी नीति सामाजिक-आर्थिक वर्गजस्ता अन्य मापदण्डमा आधारित हुनुपर्छ, नयाँदिल्लीस्थित नेसनल काउन्सिल अफ एप्लाइड इकोनोमिक रिसर्चकी अनुसन्धानकर्तासमेत रहेकी देसाईं भन्छिन् । देसाईं जातीय जनगणनालाई समर्थन गर्छिन्, तर उनको भनाइमा विपक्षीले यस्तो सर्वेक्षणलाई प्रतिगामीको रूपमा हेर्न सक्छन् ।

वर्षौंदेखि, सकारात्मक कार्यको विरोधमा प्रदर्शन भएका छन्, जसमध्ये केही घातक छन् । विरोध प्रदर्शन गर्ने समूहले सरकारलाई उल्टै भेदभावको आरोप लगाउँदै आएका छन् । यी समूहले जातीय जनगणनाको निन्दा गर्ने सम्भावना छ,' मुत्रेजाले भनिन् । पहिले नै केही विपक्षी नेताहरूले सकारात्मक कार्य कोटामा ५० प्रतिशत सीमा हटाउन र निजी कम्पनी र न्यायपालिकाजस्ता अन्य संस्थामा सकारात्मक कार्य लागू गर्न आह्वान गरिरहेका छन् । विवादास्पद प्रस्तावले सामाजिक सञ्जालमा विरोधको आँधीबेहरी निम्त्याएको छ ।

तर, जातीय जनगणनाका समर्थक भन्छन् कि यो धेरै ढिलो भइसकेको छ । मुत्रेजा र देसाईंको विचारमा यस्तो सर्वेक्षणले विभाजनलाई गहिरो बनाउँदैन । जातीय भेदभाव पहिले नै जीवनको यति स्पष्ट, अपरिहार्य तथ्य हो कि केवल प्रश्न सोध्दा हानि हुँदैन ।

सिएनएनबाट

गाजामा झन् गहिरिँदै मानवीय संकट

युद्धविरामका लागि गरिएका अन्तर्राष्ट्रिय आह्वानलाई अस्वीकार गर्दै इजरायली सेनाले गाजाविरुद्ध आक्रमण तीव्र पारेको छ । आक्रमणमा लगभग ५३ हजार पाँच सय प्यालेस्टिनी मारिएका छन्, जसमध्ये धेरैजसो महिला र बालबालिका छन्



यसै साता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले देशले ११ हप्ता लामो नाकाबन्दीपछि गाजामा 'आधारभूत मात्रामा खाद्यान्न' प्रवेश गर्न दिने घोषणा गरे । तर, यो 'सम्पूर्ण गाजालाई नै नियन्त्रण'मा लिने नेतन्याहुको योजना देखिन्छ । किनकि, इजरायलले 'पूर्ण विजय प्राप्त नभएसम्म' युद्ध जारी राख्ने उनको अडान छ । यसले अक्टोबर २०२३ देखि द्वन्द्व र भोकमरीबाट पीडित २१ लाख प्यालेस्टिनीको घर रहेको प्यालेस्टिनी क्षेत्रको अवस्था अझ बिग्रने सम्भावनालाई संकेत गर्छ । युद्धविरामका लागि अन्तर्राष्ट्रिय आह्वानलाई अस्वीकार गर्दै इजरायली सेनाले गाजाविरुद्ध आक्रमण तीव्र पारेको छ । आक्रमणमा लगभग ५३ हजार पाँच सय प्यालेस्टिनी मारिएका छन्, जसमध्ये धेरैजसो महिला र बालबालिका छन् । उल्लेखनीय कुरा के छ भने अमेरिकी मिडिया रिपोर्टका अनुसार नेतन्याहुको बयानको एक दिनअघि अमेरिकी प्रशासनले गाजापट्टीबाट १० लाख प्यालेस्टिनीलाई स्थायी रूपमा लिबियामा स्थानान्तरण गर्ने योजनामा काम गरिरहेको संकेत गरेको थियो । एक पूर्वअमेरिकी अधिकारीले एनबिसी न्युजलाई बताएअनुसार प्रशासनले लिबियाको नेतृत्वसँग छलफल गरेको हुनाले योजना गम्भीर रूपमा विचाराधीन छ ।

प्यालेस्टिनीहरूको पुनर्वासको बदलामा ट्रम्प प्रशासनले लिबियालाई अमेरिकाले एक दशकभन्दा बढी समयअघि जम्मा गरेको अर्बौं डलरको कोष जारी गर्ने स्पष्ट छ । कुनै अन्तिम सम्झौता भएको छैन र इजरायललाई अमेरिकी छलफलबारे जानकारी दिइएको छ । त्यसैले मानिसहरूसँग गाजामा आफ्नो पकड बलियो बनाउने तेल अभिभको पछिल्लो प्रयास र अमेरिकी योजना अन्तरसम्बन्धित छन् भन्ने विश्वास गर्ने पर्याप्त कारण छ । तेल अभिभले आफ्नो सैन्य कारबाही जारी राख्ने घोषणाको व्यापक रूपमा निन्दा गरिएको छ । संयुक्त अधिराज्य, फ्रान्स र क्यानडा सबैले इजरायललाई कडा चेतावनी दिएका छन् । 'थप ठोस कारबाही'को सामना गर्न चेतावनी दिँदै गाजामा सैन्य कारबाही तुरुन्तै बन्द गर्न र मानवीय सहायतामा प्रतिबन्ध हटाउन उनीहरूले आह्वान गरेका छन् । 'हामी गाजामा इजरायलको सैन्य कारबाहीको विस्तारको कडा विरोध गर्छौं । गाजामा मानवीय पीडाको स्तर असहनीय छ । इजरायलले गाजामा आधारभूत मात्रामा खाद्यान्न अनुमति दिने घोषणा पूर्ण रूपमा अपर्याप्त छ,' ती देशले जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ । तीन राष्ट्रले इजरायललाई महत्त्वपूर्ण मानवीय सहायता अस्वीकार गरेको आरोप लगाउँदै त्यस्ता कार्यले 'अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन गर्ने जोखिम' रहेको चेतावनी दिए । गत हप्ता बग्दादमा भएको अरब लिग शिखर सम्मेलनले पनि इजरायलले गाजामा तनाव बढाउने विषयको कडा विरोध गऱ्यो ।

गत साता जारी एक विज्ञप्तिमा नेतन्याहुले गाजामा इजरायली युद्ध रोक्न बेलायत-फ्रान्स-क्यानडाको संयुक्त आह्वानले अक्टोबर २०२३ मा इजरायलमाथि भएको 'नरसंहार आक्रमण'को लागि 'ठुलो पुरस्कार प्रदान गर्ने दाबी गरेका छन् । वास्तवमा यो इजरायल हो, जसले आफ्नो कार्यका लागि अन्तर्राष्ट्रिय अदालतमा नरसंहार मुद्दाको सामना गरिरहेको छ । गाजा द्वन्द्वको पछाडि प्यालेस्टाइनको प्रश्न समाधान गर्न ढिलाइ भएको छ र प्यालेस्टाइनको प्रश्न सधैं मध्यपूर्व मुद्दाको मूलमा रहेको छ । तसर्थ, त्यसैले दुई राज्य समाधान लागू नभएसम्म हिंसाको चक्र समाप्त हुनेछैन ।

चीन सबै पक्षलाई १९६७ को सीमामा आधारित स्वतन्त्र प्यालेस्टिनी राज्य स्थापनालाई समर्थन गर्न र प्यालेस्टाइनलाई संयुक्त राष्ट्र संघको पूर्ण सदस्य राष्ट्रको रूपमा स्वीकार गर्न आह्वान गर्छ । इजरायलले अक्टोबर २०२३ मा हमासको आक्रमणको बदला लिने तरिकालाई गाजापट्टीलाई गाभ्ने योजनाको आवरणको रूपमा प्रयोग गर्न बन्द गर्नुपर्छ, जुन प्यालेस्टिनी मातृभूमि र प्यालेस्टिनी भूभागको एक हिस्सा हो । अमेरिकाले वास्तवमा युद्धविराम सम्झौतामा मध्यस्थता गरेको छ र वार्ताका लागि मार्गचित्रको नेतृत्व गरेको छ । यी कूटनीतिक प्रयास जारी राख्नुपर्छ । यस प्रक्रियामा प्यालेस्टाइन र इजरायलबिच शान्तिपूर्ण सहअस्तित्व प्राप्त गर्ने अन्तिम लक्ष्यसँगै मध्यपूर्वमा दीर्घकालीन शान्ति र स्थिरताका लागि गाजाको युद्धपछिको शासनमा 'प्यालेस्टिनीले प्यालेस्टिनीलाई शासन गर्छन्' भन्ने सिद्धान्तलाई कायम राख्नुपर्छ ।

● खाद्यान्न र औषधीको अभाव

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले गाजामा भइरहेको युद्ध अहिले सबैभन्दा पीडादायी र क्रूर अवस्थामा पुगेको बताएका छन् । इजरायलले केही समयदेखि गरेको कडा घेराबन्दीलाई केही सहज बनाएपछि राहत सामग्री गाजामा प्रवेश गर्न थालेको थियो । तर, राहत बोकेका १५ भन्दा बढी ट्रक बाटोमै लुटिए, जसले अवस्था अझ भयावह बनाएको छ । गाजा क्षेत्र लामो समयदेखि युद्धको चपेटामा छ । युद्धका कारण त्यहाँ खाद्यान्न र औषधिको अभाव छ । इजरायलले हमास नामक समूहलाई नष्ट गर्न भन्दै फेरि ठुलो सैन्य कारबाही सुरु गरेको छ । शुक्रबार मात्रै इजरायली हवाई आक्रमणमा परी गाजाका विभिन्न भागमा १६ जनाको ज्यान गएको र धेरै घाइते भएको गाजाको नागरिक सुरक्षा विभागले जनाएको छ ।

'गाजाका मानिस अहिले यस्तो स्थिति झेलिरहेका छन्, जुन सम्भवतः यो युद्धको सबैभन्दा क्रूर अवस्था हो,' गुटेरेसले भनेका छन् । उनले इजरायललाई राहत सामग्रीको ढुवानी सहज रूपमा प्रवेश गराउन अनुरोधसमेत गरेका छन् । हालसम्म करिब चार सय ट्रकमध्ये केवल ११५ ट्रक मात्र गाजामा पुग्न सकेका छन् । 'अहिलेसम्मको राहत भनेको जतातर्ते आगो लागिरहेको वेलामा एक थोपा पानी हाल्नुजस्तै हो, जबकि गाजालाई ठुलो मात्रामा सहायता चाहिएको छ,' उनले भने । विश्व खाद्य कार्यक्रमले गाजाको दक्षिण भागमा राहत बोकेको १५ ट्रक लुटिएको जानकारी दिएका छन् । ती ट्रकले स्थानीय बेकरीमा रोटी पकाउन खाद्यान्न बोकेका थिए ।

इजरायली सेनाले भने गाजामा रहेको हातहतियार गोदाम, सैन्य अड्डा र लडाकु लुकेर बसेका स्थानमा कारबाही गरिएको बताएको छ । सेनाले ७५ भन्दा बढी स्थानमा आकाशबाट बम प्रहार गरिएको जनाएको छ । गाजासँग सिमाना जोडिएका इजरायली बस्तीमा पनि रकेट आक्रमणको डरका कारण सावधानी अपनाइएको छ । गाजाको उत्तरमा रहेको अल-आब्दा अस्पतालमा इजरायली ड्रोनबाट गराइएको आक्रमणमा तीनजना स्वास्थ्यकर्मी घाइते भएका छन् । दक्षिण गाजामा धेरै घर भत्किएका र कालो धुवाँको मुस्लो उडिरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । यो युद्ध मार्च ५ गतेबाट पुनः सुरु भएको हो । त्यसयता गाजामा तीन हजार ६७३ जना मारिएका छन् ।

- चाइना डेलीबाट

इतिहासमा आज

मे २५



सन् २००२ : चाइना एयरलाइन्सको जेट मध्य आकाशमा दुर्घटनाग्रस्त । बोइङ ७४७ ताइबान स्ट्रेटमा दुर्घटना हुँदा विमानमा सवार सबै २२५ जनाको मृत्यु भएको थियो । केही वर्षअघि भएको अनुचित मर्मतका कारण विमान दुर्घटना भएको थियो ।

सन् १९४६ : बेलायतबाट जोर्डन स्वतन्त्र घोषित ।

सन् १९५३ : नेभाडामा पहिलो परमाणु तोप फायर गरिएको थियो ।

सन् १९६१ : अमेरिकी सदन कंग्रेसमा गरेको एउटा भाषणमा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले अमेरिकाका तर्फबाट दशकको अन्त्यसम्ममा मानिसलाई चन्द्रमा पुऱ्याउने घोषणा । सन् १९६९ मा एपोलो ११ को सफल अभियानसँग उक्त लक्ष्य सन् १९६९ मा पूरा भएको थियो ।

सन् १९६३ : श्वेत शासनविरुद्ध अफ्रिकी देशको गठबन्धन अफ्रिकी एकता संगठन गठन । अफ्रिकामा स्वतन्त्रतालाई बढावा दिन र अफ्रिकामा श्वेत अल्पसंख्यक सरकारको अन्त्य गर्न संगठन स्थापना गरिएको थियो ।

विश्व संक्षेप

विमान दुर्घटनामा पाइलटसहित ६ जनाको मृत्यु

न्युयोर्क / अमेरिकाको क्यालिफोर्निया राज्यको सान डिएगो नगरमा विमान दुर्घटना हुँदा पाइलटसहित विमानमा सवार सबै ६ जनाको मृत्यु भएको छ । बाक्लो कुहिरोबिच सानो निजी विमान आवासीय क्षेत्रमा खस्दा दुर्घटना भएको थियो । अमेरिकी राष्ट्रिय यातायात सुरक्षा निकायका अनुसार 'सेसना ५५० सिटेसन' नामक सो विमान बिहीबार बिहान ३:४७ मा विद्युत्को तारमा ठोक्किएर सीधै आवासीय क्षेत्रमा खसेको थियो । विमानमा आगो लागेपछि आसपासका थुप्रै घरमा क्षति पुगेको बताइएको छ ।

सो विमान चर्चित संगीत व्यवसायी डेभ सापिरोको स्वामित्वमा रहेको थियो । दुर्घटनामा उनको पनि निधन भएको छ । सान डिएगोको मर्फी क्यान्यन क्षेत्रका कम्तीमा १० घरमा विमानका क्षतिग्रस्त टुक्रा खसेका थिए । तर, मानिसलाई गम्भीर चोट नलागेको प्राप्त विवरणमा जनाइएको छ । संगीत संस्था साउन्ड ट्यालेन्ट समूहले एक वक्तव्य जारी गर्दै भनेको छ, 'हामी हाम्रो सह-संस्थापक, प्रिय सहकर्मी र साथीहरूको असामयिक निधनबाट अत्यन्त मर्माहत भएका छौं । यो कठिन घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।' दुर्घटनाको कारण अहिलेसम्म खुल्न सकेको छैन ।

ट्रम्पले गरे आयातमा भारी करको घोषणा, एप्पल पनि निसानामा

वासिंटन डिसी / अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली संघबाट आयात हुने सम्पूर्ण वस्तुमा भारी कर लगाएका छन् । ट्रम्पले आयातमा ५० प्रतिशत कर लगाउने घोषणा गरेका हुन् । एप्पल कम्पनीले आफ्ना फोन अमेरिकाभित्र उत्पादन नगरेमा ती सामानमा २५ प्रतिशत कर लगाइने पनि उनले चेतावनी दिए । 'हाम्रो वार्ता युरोपेली संघसँग अघि बढिरहेको छैन । त्यसैले, म आगामी सन् ०२५ देखि युरोपेली संघका सबै वस्तुमा सोझै ५० प्रतिशत कर लगाउने सिफारिस गर्दै छु,' ट्रम्पले लेखेका छन्, 'यदि ती वस्तु अमेरिकामै निर्माण गरिन्छ भने कुनै पनि शुल्क लाग्नेछैन ।'

घोषणाअघि ट्रम्पले एप्पल कम्पनीप्रति असन्तुष्टि जनाउँदै उक्त कम्पनीले अझै पनि आफ्नो फोन एसियामा उत्पादन गर्न जारी राखेमा २५ प्रतिशत कर लगाइने चेतावनी दिएका हुन् । यससँगै एप्पल कम्पनी पनि अन्य ठुला अमेरिकी कम्पनीजस्तै राष्ट्रपतिको नीतिअन्तर्गत दबाबमा परेको देखिएको छ । ती कम्पनीमा अमेजन, वालमार्टलगायत छन् । कम्पनीले ट्रम्पको शुल्क नीतिका कारण उत्पन्न भएको अनिश्चितता र मूल्यवृद्धिको दबाब भोगिरहेका छन् ।राष्ट्रपति ट्रम्पले युरोपेली संघसँगको व्यापार वार्ताबाट कुनै सन्तोषजनक प्रगति नभएको बताउँदै त्यसप्रति गहिरो असन्तुष्टि व्यक्त गरेका छन् ।

ग्वाटेमालाका पत्रकार जमोरा तीन वर्षदेखि जेलमा

न्युयोर्क / वासिंटन पोस्टका पूर्वसम्पादक मार्टी ब्यारोनको एक समूहले ग्वाटेमालामा भ्रष्टाचारका आलोचक पत्रकार जोस रुबेन जमोरालाई कारागारमा भेट गरेको छ । पत्रकारको टोलीले जमोरालाई भेटेको उनका परिवारलाई उद्धृत गर्दै स्पेनी अखबार एल पाइसले जनाएको छ । पत्रकारको समूहले सन् २०२२ को जुलाईमा पूर्वदक्षिणपन्थी राष्ट्रपति अलेजान्ड्रो गियामातेईको सरकारमाथि लागेको भ्रष्टाचारको आरोपबारे समाचार प्रकाशित गरेपछि पक्राउ गरिएका ६८ वर्षीय जमोरालाई भेट गरेका हुन् । जमोरालाई सन् २०२३ को जुनमा अदालतले दोषी ठहर गर्दै ६ वर्षको जेल सजाय सुनाएको थियो । एमनेस्टी इन्टरनेसनलजस्ता मानव अधिकारवादी समूहले फैसला राजनीतिबाट प्रेरित भन्दै विरोध जनाएको थियो ।पत्रकार जोस जमोराले एक्समा लेखेका छन्, 'मेरो बुबा तथा ग्वाटेमालाका वरिष्ठ पत्रकार जोस रुबेन जमोरा भ्रष्टाचारविरुद्धको अभियानमा एक्ला छैनन् । आज, पत्रकारिता र साहित्यमा विश्वव्यापी ख्यातिप्राप्त व्यक्ति उनको रिहाईको माग गर्न र उनलाई भेट्न जेलमा पुगेका छन् ।' भेट गर्ने पत्रकारको समूहमा ब्यारन, मेक्सिकन पत्रकार कारमेन एरिस्टेगुई, निकारागुआका पत्रकार फर्नान्डो चामोरो र निकारागुआका लेखक सर्जियो रामिरेज थिए । उनीहरू सबै 'सेन्ट्रो अमेरिका क्युन्टा लिटरेरी फेस्टिभल'मा भाग लिन ग्वाटेमाला पुगेका थिए । 'उनीहरूको भ्रमण ऐक्यबद्धताको उदाहरण हो ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ११ जेठ ०८२

बागमती प्रदेशमा लक्ष्यको ३८.९१% मात्रै बजेट खर्च

मकवानपुरमा **पोष्टराज अधिकारी**

चालू आर्थिक वर्षमा ६४ अर्ब ५४ करोड बजेट विनियोजन गरेको बागमती प्रदेश सरकारले १० महिनामा ३८.९१ प्रतिशत मात्रै बजेट खर्च गरेको छ।

गत आवमा ६२ अर्ब ७० करोड ९० लाख बजेट विनियोजन गरेको प्रदेशमा १० महिनामा कुल बजेटको ४१.२६ प्रतिशत खर्च गरेको थियो। चालू आवको लक्ष्यअनुसार बजेट कार्यान्वयन गर्न अब सरकारसँग दुई महिना बाँकी छ। समीक्षा अवधिमा चालूतर्फ ४६.७९ प्रतिशत र पुँजीगततर्फ ३५.०१ प्रतिशत अर्थात् १३ अर्ब दुई करोड ७३ लाख ४७ हजार रुपैयाँ खर्च भएको छ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी खर्च प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ६८ दशमलव ९२ प्रतिशत गरेको छ। त्यसपछि प्रदेश सभा सचिवालयले ४९ दशमलव ५२ प्रतिशत खर्च गरेको छ। १३ मन्त्रालयका लागि बजेट विनियोजन भएको चालू आवमा सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले ४७.२९ प्रतिशत र सबैभन्दा कम पर्यटन, उद्योग तथा संस्कृति मन्त्रालयले २३.६७ प्रतिशत खर्च गरेको छ।

यस्तै, प्रदेश सरकारले वित्तीय व्यवस्था तथा सेयर लगानी र अर्थ विविधि शीर्षकमा विनियोजन भएको बजेट खर्च शून्य छ। प्रदेश सरकारले सेयर लगानीमा एक अर्ब ५० करोड र अर्थ विविध शीर्षकमा चार अर्ब ४७ लाख बजेट विनियोजन गरेको थियो।

अधिकांश योजना आर्थिक वर्षको अन्त्यतिर मात्र कार्यान्वयनमा जाने प्रवृत्तिका कारण पुँजीगत खर्चमा ढिलाइ हुने गरेको मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीको तर्क छ। यो प्रवृत्ति बागमती प्रदेश स्थापना भएदेखिकै दोहोरिएको प्रवृत्ति हो।



● **कृष्णप्रसाद मैनाली**
सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय

अधिकांश योजना आर्थिक वर्षको अन्त्यतिर मात्र कार्यान्वयनमा जाने प्रवृत्तिका कारण पुँजीगत खर्चमा ढिलाइ हुने गरेको हो।

■ आम्दानी पनि निराशाजनक

प्रदेश सरकारको वैशाख मसान्तसम्मको आम्दानी पनि निराशाजनक देखिएको छ। संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड आम्दानी गर्ने लक्ष्य राखेको भए पनि सफलता हात पार्न सकेन।

चालू आवको १० महिनासम्म आइपुग्दा प्रदेश सरकारले जम्मा ४६.८८ प्रतिशत अर्थात् ३० अर्ब २५ करोड ५० लाख आम्दानी गरेको छ। मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट ५४.३९ प्रतिशत अर्थात् आठ अर्ब ४७ करोड अनुदान प्राप्त गरेको छ।

यस्तै, प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालू आवमा २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा चैत मसान्तसम्म ६२.७३ प्रतिशत अर्थात् १८ अर्ब ५४ करोड १७ लाख २१ हजार रुपैयाँ मात्रै प्राप्त भएको छ। प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा ६७.७३ प्रतिशत अर्थात् तीन अर्ब सात करोड ३८ लाख ७७ हजार रुपैयाँ प्राप्त भएको छ।

चक्रपथ दोस्रो खण्डको डिपिआर असोजभित्र बुझाइने

चिनियाँ प्राविधिक टोली ९ वैशाखदेखि स्थलगत सर्भे तथा अध्ययनमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काठमाडौं चक्रपथ दोस्रो खण्ड अर्थात् कलंकी-वसुन्धरा खण्ड विस्तारको डिपिआर चिनियाँ प्राविधिकले असोज मसान्तभित्र बुझाउने भएका छन्। चिनियाँ प्राविधिक टोली ९ वैशाख (२२ अप्रिल)देखि स्थलगत सर्भे तथा अध्ययनमा छन्। चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना ६ वर्षदेखि अलपत्र छ। अबको पाँच महिनामा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गर्ने चिनियाँ टोलीको प्रतिबद्धता छ।

पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडकखण्ड विस्तार गर्न चीन र नेपालबिच सम्झौता भएको थियो। तत्कालीन अर्थसचिव डा. रामप्रसाद घिमिरे र चीनको तर्फबाट चीन अन्तर्राष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेइहुनले हस्ताक्षर गरेका थिए। सोही सम्झौताअनुसार चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउँदै छ।

यसअघि चीनकै हेनान प्रोभेन्सियल कम्युनिकेसन प्लानिङ सर्भे एन्ड डिजाइन इन्स्टिच्युट कम्पनीले यसको पूर्व सम्भाव्यता अध्ययन गरेको थियो। अहिले डिपिआर बनाउने काम सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले गर्दै छ। चीनले दुई वर्षअघि नै परियोजना डिजाइनको प्रारम्भिक अवधारणा पेस गरेको थियो। अब भने डिपिआर नै पेस गर्नेछ। डिपिआर सडक विभागबाट स्वीकृत भएपछि निर्माण कार्य अघि बढ्नेछ। दोस्रो चरणमा कलंकीदेखि चाबहिल खण्ड विस्तारको योजना भए पनि महाराजगन्जमा जग्गा प्राप्तिमा समस्या भएपछि वसुन्धरा पुलसम्म मात्रै यो खण्ड विस्तार गर्ने योजना छ। यसअघि चक्रपथको कोटेश्वरदेखि कलंकी खण्ड विस्तार भइसकेको छ।

चक्रपथ विस्तार आयोजनाका प्रमुख कृष्णनाथ ओझाले एक महिनादेखि चिनियाँ प्राविधिक फिल्डमा रहेको बताए। '२२ अप्रिलदेखि चिनियाँ प्राविधिक टोली डिजाइन बनाउनकै लागि फिल्डमा सक्रिय छन्। अबको पाँच महिनामा डिपिआर पेस गर्ने प्रतिबद्धता पनि गर्नुभएको छ,' उनले भने, 'डिपिआर आएपछि त्यसलाई सडक विभागले आवश्यक अध्ययन गरेर स्वीकृति गर्नुपर्नेछ। आवश्यक परेको अवस्थामा डिपिआरमा सुधार गर्न पनि भनिनेछ। सडक विभागले डिपिआर स्वीकृत गरेपछि चीनले परियोजनाको निर्माण कार्य अघि बढाउन सक्नेछ।'

चीनले डिपिआर बुझाउने भएपछि विभागले आगामी आवको बजेटमा पनि यसलाई समावेश गर्ने तयारी गरेको छ। विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले चक्रपथको दोस्रो खण्ड विस्तार परियोजनालाई बजेटमा पनि समावेश गर्ने तयारी गरेको छ। सरकारले जेठ १५ गते आगामी आवको बजेट संसद्मा प्रस्तुत गर्दै छ। 'चीनले अब छिट्टै डिपिआर पेस गर्दै छ। त्यो डिपिआर हामीले स्वीकृत गरेपछि चीनले निर्माण कार्य अघि बढाउन सक्छ। त्यसमा चीनले नै अनुदान दिनेछ। तर, यहाँ कार्यालय स्थापना गर्नेलगायत शीर्षकमा भने नेपालले नै बजेट दिनुपर्छ। यी यस्ता विषयलाई समावेश गरेर आगामी आवको बजेटमा यो परियोजनालाई पनि समावेश गर्नेछौं,' उनले बताए।

दोस्रो चरणमा कलंकी-धोबी खोला खण्ड (११.६ किलोमिटर)लाई विस्तार गर्ने भनिएको थियो। तर, नारायणगोपाल चोकदेखि धोबी खोलासम्म साइट क्लियरेन्स हुन नसकेपछि चीनले कलंकी-वसुन्धरा खण्ड (८.२ किलोमिटर) मात्रै विस्तार गर्दै छ।

■ नागढुंगा-नौबिसे सडक दैनिक साढे चार घण्टा बन्द



काठमाडौं/ सडक विस्तारको कार्यलाई लक्षित गर्दै नागढुंगा-नौबिसे सडकखण्ड दैनिक साढे चार घण्टा बन्द हुने भएको छ। चौडाइ बढाइएको उक्त सडकखण्डमा हाल कालोपत्रेको काम भइरहेको छ। सवारीसाधन उच्च मात्रामा आवतजावत हुँदा कालोपत्रेको काम प्रभावित हुने भएकाले सडक बन्द गर्न लागिएको हो। शनिबारदेखि आगामी २५ जेठसम्मका लागि बिहान १०:३० बजेदेखि दिउँसो तीन बजेसम्म उक्त सडकखण्डमा सवारी आवागमनमा रोक लगाइनेछ। त्यो समयमा सवारीसाधनले विकल्पका रूपमा धार्के-सीतापाइला र टोखा-छहरे-त्रिशूली-गल्छी सडक प्रयोग गर्न सक्ने सडक विभागले जनाएको छ। विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले निर्माण कार्यलाई सहजता हुने गरी दैनिक साढे चार घण्टा बाटो बन्द गर्न लागेको बताए। उनका अनुसार लामो दूरीका रात्रिकालीन् बसहरू बिहान १० बजेसम्म काठमाडौं प्रवेश गरिसक्छन्। यसैगरी, काठमाडौंदेखि छुट्ने लामो दूरी दिवा बस पनि १० बजेसम्म नौबिसे कटिसक्छन्। लामो दूरीका दिवा बस पनि तीन बजेपछि काठमाडौं प्रवेश गर्न थाल्छन्। यसैगरी, काठमाडौंबाट छुटने लामो दूरीका रात्रि बस पनि तीन बजेपछि छुट्नेछन्।

■ चक्रपथको अन्य खण्डको विस्तार अन्योलमा

चक्रपथको अन्य खण्डको विस्तार पनि अन्योलमै रहेको छ। वसुन्धरा-चाबहिल-कोटेश्वर खण्डलाई के-कसरी विस्तार गर्ने भन्ने विषयमा अझै टुंगो लागेको छैन। नारायणगोपाल चोकदेखि धोबी खोला खण्डमा साइट क्लियरेन्स हुन सकेको छैन। नारायणगोपाल चोकमा मुआब्जाको विवाद कायमै छ। धोबी खोलादेखि तिलगंगासम्मको खण्डको विस्तारबारे भने अझै अध्ययन भएको छैन। तिलगंगादेखि कोटेश्वर खण्डको विस्तारबारे काठमाडौं डिभिजनले तीन वर्षअघि नै अध्ययन गरेको थियो। उक्त अध्ययनले आयोजना निर्माणमा बढी लगानी लाग्ने देखाएपछि तत्काल उक्त खण्ड विस्तार नगर्ने मनसायमा सरकार पुगेको बताइन्छ।

■ कस्तो बन्दै छ दोस्रो खण्ड ?

चीनले डिजाइनको प्रारम्भिक अवधारणा अर्थात् 'टेक्निकल कन्फर्मेसन' यसअघि नै पठाएको थियो। त्योअनुसार पहिलो खण्डको भन्दा फरक डिजाइनमा दोस्रो खण्डको विस्तार गरिँदै छ। चक्रपथ विस्तारको पहिलो (कलंकी-एकान्तकुना-कलंकी) खण्डमा कुल आठ लेनको सडक छ। त्यसमा बिचमा दुई-दुई लेनको मुख्य सडक र दायाँ-बायाँ दुई-दुई लेनको सर्भिस लेन छ। साथै, मेन लेन र सर्भिस लेनको बिचमा फुटपाथ छ।

दोस्रो खण्ड त्योभन्दा फरक बनाउने गरी यसअघि नै डिजाइनको प्रारम्भिक अवधारणा आएको थियो। त्यसमा दोस्रो खण्डको चौडाइ ६२ मिटर हुनेछ। त्यसमा बिचमा तीन मिटरको सेन्टर मिडियन (बिचमा खाली ठाउँ) राखिनेछ। सोही मिडियनको दायाँ-बायाँ चार-चार लेनको मुख्य सडक बनाइनेछ। त्यसपछि दायाँ-बायाँ पौने तीन मिटरको फुटपाथ निर्माण गरिनेछ। मिडियनदेखि फुटपाथसम्मको चौडाइ ३८.८ मिटरको हुनेछ। यी संरचना चिनियाँ पक्षले नै बनाउनेछ।

फुटपाथपछि दायाँ-बायाँ चार-चार मिटरको ग्रिन बेल्ट (हरियाली क्षेत्र) बनाइनेछ। तर, यो चीनले बनाउने कि नेपालले बनाउने भनेर टुंगो लागिसकेको छैन। हरियाली क्षेत्रपछि दुवै साइटमा ६-६ मिटरको सर्भिस लेन बनाइनेछ। सर्भिस लेनपछि दुवै साइटमा थप पाँच-पाँच फिटको फुटपाथ बनाइनेछ। सर्भिस लेन र बाहिरी फुटपाथ भने नेपाल सरकारले नै बनाउनेछ। यस्तै, विष्णुमती र स्विचाटारमा मोटरेबल पुल निर्माण गरिनेछ। चीनले यात्रुलाई बाटो काट्न सहज हुने गरी एउटा अन्डरपास फुटपाथ (सब-वे) बनाउने गरी टेक्निकल कन्फर्मेसन पठाएको थियो।



१० वाणिज्य बैंकको ऋण परीक्षण गर्ने जिम्मा बंगलादेशी कम्पनीलाई

काठमाडौं/ नेपाल राष्ट्र बैंकले १० वटा ठूला वाणिज्य बैंकहरूको ऋणको अवस्था परीक्षण (लोन पोर्टफोलियो रिभ्यु) गर्न बंगलादेशको एउटा कम्पनीलाई छानेको छ। राष्ट्र बैंकले यसका लागि परामर्शदाताबाट प्रस्ताव माग गरेको थियो। प्राप्त प्रस्तावमध्ये बंगलादेशको ढाकामा रहेको हाउल्याडर युनुस एन्डको नामक कम्पनी प्राविधिक रूपमा योग्य भएको राष्ट्र बैंकले जनाएको छ।

अब यो कम्पनीको वित्तीय प्रस्ताव (कति रकममा काम गर्छ भन्ने प्रस्ताव) २५ असारमा राष्ट्र बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा खोलिनेछ। वित्तीय प्रस्ताव सार्वजनिक रूपमा खोलिने भएकाले निकायले सोही दिन बिहान ११ बजे राष्ट्र बैंकमा उपस्थित भई हेर्न सक्ने उल्लेख छ।

वास्तविक धरातलमा आधारित रहेर बजेट निर्माण हुन्छ : मुख्यमन्त्री आचार्य

बुटवल/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वास्तविक धरातलमा आधारित रहेर बजेट निर्माण गरिने बताएका छन्। प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा प्रदेश सभा सदस्यसँग गरेको छलफलमा मुख्यमन्त्री आचार्यले यस्तो बताएका हुन्।

कार्यक्रममा सहभागी प्रदेश सभा सदस्यले नीति तथा कार्यक्रम र बजेटबिच तालमेल हुनुपर्ने, प्राथमिकताका आधारमा बजेट निर्माण हुनुपर्ने, प्रदेशको वास्तविक अवस्था र सूचकहरूका



आधारमा बजेट तयार हुनुपर्नेलगायतका सुझाव दिएका थिए।

कार्यक्रममा १० लाखभन्दा कम बजेट भएका योजना धेरै हुनु, बहुवर्षीय योजनाको संख्या बढ्दै जानु, बजेट अनुमान र यथार्थबिच अन्तर धेरै हुनु, बजेटको आकार ठुलो हुनु, आन्तरिक आयको दायरा साँघुरो हुनु र चालू खर्च निरन्तर बढिरहेको विषयलाई चुनौतीका रूपमा लिँदै सुधारको योजना निर्माणमा सरकारले ध्यान दिन सुझाव दिएको थियो।

कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले प्रदेश सरकारले दोस्रो आवधिक योजनाले लिएका क्षेत्रगत प्राथमिकता, नीति तथा कार्यक्रम, बहुवर्षीय स्रोत सुनिश्चितता भएका योजनाहरू समयमै सम्पन्न गर्नेजस्ता विषयलाई ध्यानमा राखेर बजेट विनियोजनको प्राथमिकता निर्धारण गरिएको जानकारी दिए।

सावा खोलाको मोटरेबल पक्की पुल सञ्चालनमा

खोटाङमा **केदार लाफा**

खोटेहाङ र जन्तेढुंगा गाउँपालिकाको सिमानामा पर्ने सावा खोलामा मोटरेबल पक्की पुल सञ्चालनमा आएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको ससर्त अनुदानअन्तर्गत आठ करोड २१ लाख लागतमा निर्माण गरिएको मोटरेबल पक्की पुल शनिबारबाट कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले उद्घाटन गरेका छन्। जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने खोटेहाङ गाउँपालिका- ७, खोटाङ बजार र जन्तेढुंगा गाउँपालिका- ५, चिसापानीको सिमानामा सावा खोलाको भानुमती घाटमा निर्माण गरिएको ४१ दशमलव ४० मिटर लम्बाइ तथा ८ दशमलव ४० मिटर चौडाइको छ।



पुल उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राईले खोटाङको विकासलाई प्रदेश सरकारले प्राथमिकता दिएको बताए। 'सावा खोलाको पक्की पुल निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्यायौं। बुँवा खोलाको पुल द्रुत गतिमा निर्माण भइरहेको छ। सुनकोशीस्थित बंसिला घाटको पक्की पुल पनि समयमै निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई ताकेता गरिरहेका छौं,' उनले भने, 'सुनकोशीको बंसिलाघाट र धाप्लाङघाटको पक्की पुल निर्माण भएपछि खोटाङवासीको दुःखका दिन सकिन्छ। त्यसपछि खोटाङवासीको समृद्धिको बाटो खुल्छ।'

मन्त्री राईले दिक्तेल-गाईघाट सडकखण्डको सुनकोशीस्थित फोक्सिङटारको मोटरेबल पक्की पुल बाढीले बगाएपछि अवरुद्ध बनेको पूर्वी तराईसँगको आवतजावतलाई सहज बनाउन फोक्सिङटारदेखि धाप्लाङघाटसम्मको नयाँ सडक निर्माण सुरु गरिएको जानकारी दिए। सावा खोलामा मोटरेबल पक्की पुल निर्माण भएसँगै खोटेहाङ, साकेला र दिप्रुङ चुइचुम्मा गाउँपालिकाका स्थानीयवासीलाई बेलटार हुँदै तराई झर्न तथा जन्तेढुंगा र वराहपोखरी गाउँपालिकाका स्थानीयलाई सदरमुकाम दिक्तेल र खोटाङ बजार आवतजावत गर्न सहज भएको खोटेहाङ गाउँपालिकाका प्रमुख उदिमबहादुर राई 'मुक्ति'ले बताए।

सावा खोलाको मोटरेबल पक्की पुल दुई वर्षभित्र सम्पन्न गर्ने गरी ११ वैशाख ०८० मा निर्माण कम्पनीले सडक विभागसँग सम्झौता गरेर निर्माणको काम सुरु गरेको थियो। निर्माण कम्पनी सुसम-आदित्य-विजय निर्माण सेवा उदयपुरले समयमै सावा खोला मोटरेबल पक्की पुल निर्माणको काम सम्पन्न गरेर प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि शनिबार औपचारिक रूपमा उद्घाटन गरिएको हो।

नबिल बैंक लिमिटेड, टिकापुर शाखा, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०२/११)

यस बैकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०३/०४ को नयाँ पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **टिकापुर शाखा, कैलाली**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०७२/१२/२५ मा प्रा.फ.र.न २५५/२४२१/०७२/०७३ अन्तर्गत दर्ता भएको **शाही भैसी पालन फर्म**।
ठेगानाः वर्दिया जिल्ला पशुपतिनगर गा.वि.स वडा नं ९, वर्दिया ।
ऋणी फर्मका प्रोप्राइटरः
हस्त बहादुर शाहीको नाति, दल बहादुर शाहीको छोरा,बर्दिया जिल्ला दौलतपुर गा.वि.स वडा नं ६ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा वडा नं १ बस्ने नागरिकता नं. ३००, नागरिकता प्रदानगर्ने कार्यालय जि.प्र.का.:वर्दिया, मिति : बि.सं. २०४६/०२/०१ भएको **रत्न बहादुर शाही**।

व्यक्तिगत जमानतकर्ताको विवरण

बीर बहादुर बमकी छोरी, दल बहादुर शाहीकी बुहारी,रत्न बहादुर शाहीकी श्रीमती बर्दिया जिल्ला दौलतपुर गा.वि.स वडा नं १ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा वडा नं १ बस्ने नागरिकता नं.५०८२ , नागरिकता प्रदानगर्ने कार्यालय जि.प्र.का.:बर्दिया मितिः बि.सं. २०५६/१०/०९ भएकी **जमुना कुमारी बम शाही**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
बर्दिया जिल्ला दौलतपुर गा.वि.स वडा नं १ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा वडा नं १ बस्ने **रत्न बहादुर शाही**को नाममा दर्ता भई यस बैकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला टिकापुर न.पा वडा नं ९ छ.मा अवस्थित कि.नं.१६१९ क्षेत्रफल २४७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **टिकापुर शाखा, कैलाली**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०२/२५ गते ३:०० बजे भित्र यस बैकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **टिकापुर शाखा, कैलाली**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२६ गते ४:०० बजे बैकको **टिकापुर शाखा, कैलाली**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैक बिदा भएमा बिदाको लगत्तै बैक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैक बिदा भएमा बिदाको लगत्तै बैक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैकर्स चेक वा बैक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैकको **टिकापुर शाखा, कैलाली**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७१८७१

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
५.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
७.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
९.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमश: ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
१०.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
११.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
१२.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१३.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
१४.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१५.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमश: १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा ।
१६.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
१७.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
१८.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।
१९.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२३ को क्षेत्रफल १५४.९३ (व.मि) को घर जग्गा ।
२०.	सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ३ झ स्थित कित्ता नं. १३० र १३१ को क्षेत्रफल क्रमश: ०-१-५-० र ०-०-१५-० (विगाह) को घरजग्गा ।
२१.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
२२.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
२३.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
२४.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
२५.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
२६.	पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ ग (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
२७.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८४ को क्षेत्रफल ०-५-०-० (बिगाह) को जग्गा ।
२८.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
२९.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा ।
३०.	बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा ।
३१.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
३२.	सुनसरी जिल्ला, एकम्बा गा.वि.स. वडा नं. ५क (हाल : ईटहरी उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. ६०२ को क्षेत्रफल ०-६-५ (विगाहा) को जग्गा ।
३३.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
३४.	भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा वडा नं. ६) स्थित कित्ता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६.८८ (ब.मी) को जग्गा ।
३५.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
३६.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
३७.	बारा जिल्ला, निजगढ गा.वि.स वडा नं ७ स्थित कित्ता नं. १३३८ को क्षेत्रफल ०-२-१-४ (विगाहा) को जग्गा ।
३८.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
३९.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
४०.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
४१.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाहा) को जग्गा ।
४२.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
४३.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
४४.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
४५.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश : ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
४६.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
४७.	मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७८०, ३७७९ र ४५१२ को क्षेत्रफल क्रमश: २७०.८८, ११९.५१ र ६२६.४४ (व.मी)को जग्गा ।
४८.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०-५-१५ र ०-५-१५ (विगाहा) को जग्गा ।
४९.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०-४-१४ (विगाहा) को जग्गा ।
५०.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं ७९ को क्षेत्रफल १९५.१० (ब.मी.) को घरजग्गा ।
५१.	रौतहट जिल्ला, पथराबुधराम गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा ।
५२.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
५३.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
५४.	काठमाडौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ८१ को क्षेत्रफल ०-७-१-१ (रोपनी) को घरजग्गा ।
५५.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
५६.	धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
५७.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा) को जग्गा ।
५८.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६ख स्थित कित्ता नं. ४२६ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
५९.	पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
६०.	भक्तपुर जिल्ला, कदुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
६१.	रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/क (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. १०३७२ को क्षेत्रफल ०-०-५.५०-० (विगाहा) को घरजग्गा ।
६२.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
६३.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
६४.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ च स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा ।
६५.	चितवन जिल्ला, गुञ्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.२४ (व.मि) को जग्गा ।
६६.	चितवन जिल्ला, गुञ्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
६७.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
६८.	सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५४० को ०-०-१०-० (विगाह) को घर जग्गा ।
६९.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
७०.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
७१.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
७२.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
७३.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा ।
७४.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ घ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०९५ को क्षेत्रफल ०-०-१४-८ (विगाह) को घरजग्गा ।
७५.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ क (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११४८ र ११५२ को क्षेत्रफल क्रमश: ०-१-० र ०-२-११ (विगाह) को जग्गा ।
७६.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
७७.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
७८.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
७९.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
८०.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
८१.	भक्तपुर जिल्ला, कदुन्जे गा.वि.स. वडा नं. ०८ क (हाल सूर्यविनायक न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५७० को क्षेत्रफल १२७.१८ (व.मि) को घरजग्गा ।
८२.	मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं. ८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाहा) को जग्गा ।
८३.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
८४.	बारा जिल्ला, तेलकवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाहा) को जग्गा ।
८५.	भक्तपुर जिल्ला, कदुञ्जे गा.वि.स. वडा नं. १/ख (हाल भक्तपुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ३७१ को क्षेत्रफल ०-६-१-० (रोपनी) को जग्गा ।
८६.	कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ५३१६ र ५७८८ को क्षेत्रफल क्रमश: ०-३-१-३ र ०-२-२-० (रोपनी) को जग्गा ।
८७	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
८८.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
८९.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।
९०.	सर्लाही जिल्ला, कार्तोली गा.वि.स. वडा नं. १ घ (हाल हरिवन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८ को क्षेत्रफल ०-५-० (विगाहा) को जग्गा ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

रिलायबल लाइफद्वारा घातक रोगको २० लाख भुक्तानी

काठमाडौं/ रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले २० लाख रुपैयाँको घातक रोगबापतको बिमा दाबी भुक्तानी गरेको छ। ०७७ सालमा १५ वर्षको बिमा अवधि रहने गरी २० लाखको जीवन बिमा गरेका भरतपुर- ३, चितवनका महेश बानियाँलाई उक्त रकम भुक्तानी गरेको हो।

बिमितले तीन किस्ता मात्र बिमाशुल्क भुक्तानी गरेको अवस्थामा २ चैत ०८० मा पुरानो मेडिकल कलेज, भरतपुरमा कलेजोसम्बन्धी समस्या देखापरेको थियो। उनलाई मेडिसिटी अस्पतालमा ०८१ पुस १६ गते कलेजो प्रत्यारोपण गरिएको थियो।

गत बुधबार हाकिमचोक शाखामा आयोजित कार्यक्रममा शाखा प्रमुख राजकुमार दाहालले दाबी रकम २० लाख रुपैयाँको चेक बिमितलाई हस्तान्तरण गरेका छन्।

स्टेलान्टिसको नेपालमा दोस्रो डिलरसिप



काठमाडौं/ स्टेलान्टिसले नेपालमा दोस्रो डिलरसिपको उद्घाटन गरेको छ। गोल्छा अर्गनाइजेसनअन्तर्गतको सहायक कम्पनी सांग्रिला मोटर्सले यो डिलरसिप सञ्चालन गर्नेछ। काठमाडौंको उत्तरढोकामा अवस्थित नयाँ प्रमुख सोरुममा विश्वप्रसिद्ध तीन ब्रान्डहरू-सिट्रोएन, लिप मोटर र प्युजोलाई एउटै छानामुनि प्रस्तुत गरिएको छ। नयाँ डिलरसिपको औपचारिक उद्घाटन कार्यक्रममा स्टेलान्टिस इन्डियाका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्धक निर्देशक शैलेश हजेला र सांग्रिला मोटर्सका प्रबन्धक निर्देशक हेमन्त गोल्छाको उपस्थितिमा नेपालस्थित फ्रान्सकी राजदूत महामहिम भर्जिनी कोर्तेवालले गरेका छिन्।

उद्घाटन समारोहमा हजेलाले भने, 'नेपाल हाम्रो अप्रेसन रणनीतिक बजार हो। हामी सांग्रिला मोटर्ससँगको सहकार्यमार्फत नेपाली ग्राहकलाई विश्वस्तरीय मोबिलिटी समाधान उपलब्ध गराउन पाउँदा निकै उत्साहित छौं। यो नयाँ सोरुममार्फत स्टेलान्टिसले अगामी युगका विद्युतीय सवारीसाधनसहित विश्वप्रसिद्ध प्रविधि र ब्रान्डहरू नेपाली बजारमा प्रस्तुत गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ।' त्यस्तै कार्यक्रममा गोल्छाले भने, 'यो नयाँ सोरुम हामीले उत्कृष्ट ग्राहक अनुभवमा केन्द्रित गर्दै गरेको लगनशील प्रयासको निरन्तरता हो। सिट्रोएन, लिपमोटर र प्युजो एकै स्थानमा उपलब्ध गराएर हामी नेपाली ग्राहकका लागि प्रिमियम मोबिलिटी समाधानको एक मात्र गन्तव्य बन्नेछौं भन्ने विश्वास लिएका छौं।'

सांग्रिला मोटर्स प्रालि गोल्छा अर्गनाइजेसनको पाँच दशकभन्दा लामो अनुभवको जगमा स्थापित कम्पनी हो, जसले नेपालमा दिगो र नवप्रवर्तनशील सवारीसाधन क्षेत्रमा अग्रसर भूमिका निर्वाह गरिरहेको छ। नेपालमा स्टेलान्टिस ब्रान्डको एक मात्र आधिकारिक आयातकर्ता भएकाले कम्पनीले विद्युतीय र प्रिमियम गाडी बजार निर्माणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

नबिल बैंक लिमिटेड, सुर्खेत शाखा, सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०२/११)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०३/०४ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **सुर्खेत शाखा, सुर्खेत** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०७४/१२/२० मा दर्ता नं. १८६९७८/०७४/०७५ अन्तर्गत दर्ता भएको **रारा जिवन कन्स्ट्रक्सन प्रा. लि.** ।
ठेगानाः मुगु जिल्ला छायानाथ न. पा. वडा नं. १, मुगु।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सुर बहादुर शाहीको नाति, माग्ले शाहीको छोरा,मुगु जिल्ला सोरु गा.पा. वडा नं.२ बस्ने, ना.प्र.नं.२१४६ (जारी मितिः २०६३/०५/०५, स्थानमुगु) भएको **करजङ्ग शाही।**
२. सुत्ते शाहीको नाति, सुर बहादुर शाहीको छोरा,मुगु जिल्ला नार्थपु गा.पा. वडा नं. ५ स्थायी घर भई हाल मुगु जिल्ला सोरु गा.पा. वडा नं.२ बस्ने, ना.प्र.नं. २६८ (जारी मितिः २०४०/०३/०५, स्थान मुगु) भएको **माग्ले शाही।**
३. कुल बहादुर कार्कीकी छोरी, माग्ले शाहीकी बुहारी, कर जङ्ग शाहीकी श्रीमती, मुगु जिल्ला सोरु गा.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ५८३०१४/४९६ (जारी मितिः २०६३/१०/२५, स्थान मुगु) भएकी **ज्ञान देवी कार्की शाही।**
४. मोहन वीर शाहीको नाती, कर बहादुर शाहीको छोरा, मुगु जिल्ला श्रीकोट गा.पा. वडा नं. २ स्थायी: घर भई हाल सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा. वडा नं.३ बस्ने ना.प्र.नं. ३२० (जारी मितिः २०४१/०२/०३, स्थानः मुगु) भएको **धन राज शाही।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
मुगु जिल्ला सोरु गा.पा. वडा नं २ बस्ने, **माग्ले शाही**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला रझैना न. पा. वडा नं ७ सिट नं ७क मा अवस्थित कि.नं. १४०७ क्षेत्रफल ०-०-७.७५ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
धितोमा रहेको सवारी साधनको विवरण:
ऋणी **रारा जिवन कन्स्ट्रक्सन प्रा. लि** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. भे १ क १२६९ भएको JS220 PS Excavator.

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **सुर्खेत शाखा, सुर्खेत** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०२/२५ गते ३:०० बजे भित्र यस बैंकको **सुर्खेत शाखा, सुर्खेत**माबुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२६ गते ४:०० बजे बैंकको **सुर्खेत शाखा, सुर्खेत**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **सुर्खेत शाखा, सुर्खेत**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

समृद्धि फाइनान्सका अध्यक्षले गरे शपथग्रहण



काठमाडौं/ समृद्धि फाइनान्स कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा नियुक्ति भएका अजयकुमार मिश्रले शपथग्रहण गरेका छन्। नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले उनलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखामार्फत सेवा दिँदै आएको छ। मोबाइल बैंकिङ, डेबिट कार्ड आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, क्युआर कोडजस्ता डिजिटल सुविधासमेत प्रदान गरिरहेको छ।

राष्ट्रिय वाणिज्य बैंकको २९७औँ शाखा धनुषाधाममा



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकले धनुषाधाममा ९७औँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ। धनुषाधाम नगरपालिकाका नगरप्रमुख बालेश्वर मण्डल र बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुंगानाले ताम्रपत्र अनावरण र रिबन काटेर शनिबार एक समारोहबिच शाखाको संयुक्त रूपमा समुद्घाटन गरेका छन्।

उक्त अवसरमा नगरप्रमुख मण्डलले धनुषाधाम क्षेत्र पर्यटकीय र कृषि क्षेत्रसँग जोडिएकाले यस क्षेत्रमा बैंकले प्राथमिकताका साथ लगानी गर्नुपर्ने बताए। बैंकका प्रमुख कार्यकारी अधिकृत खनालले बैंकले ७७ वटै जिल्लामा प्राथमिकतासाथ शाखा स्थापना गर्ने योजनाबमोजिम शाखा विस्तार गरेको जानकारी दिए।

नेपाल एसबिआई बैंकद्वारा शैक्षिक सामग्री हस्तान्तरण

काठमाडौं/ नेपाल एसबिआई बैंकले बालकल्याण अधारभूत विद्यालय, हेमजा पोखरामा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई स्कुल ब्याग तथा शैक्षिक सामग्री प्रदान गरेको छ। बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई एक कार्यक्रमबिच उक्त सामग्री हस्तान्तरण गरेका हुन्।

नेपाल एसबिआई बैंक लिमिटेडले विगत ३१ वर्षदेखि बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ। हाल बैंकका एक सय शाखा, २२ एक्सटेन्सन काउन्टर, १८ शाखारहित बैंकिङ, सात प्रादेशिक कार्यालय, एक सय २५ एटिएम र एक कर्पोरेट कार्यालय सञ्चालनमा छन्।

का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०

■ सहिद स्मारक 'ए' डिभिजन लिग

सरकारसँग एन्फाको पाँच करोड माग



फ्रेन्ड्स क्लबको ५३औँ वार्षिकोत्सवमा बोल्दै एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ। तस्बिर सौजन्य : सरोज सापकोटा

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सहिद स्मारक 'ए' डिभिजन लिग आयोजना गर्न नेपाल सरकारसँग पाँच करोड माग गरेको छ। शनिबार शीर्ष डिभिजन क्लब फ्रेन्ड्सको ५३औँ वार्षिकोत्सवमा बोल्दै एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले लिग आयोजना गर्न १० देखि १२ करोड खर्च हुने बताउँदै सरकारसँग पाँच करोड माग गरेका हुन्।

> एक सिजन लिग आयोजना गर्न १० देखि १२ करोड खर्च लाग्ने दाबी गर्दै सरकारसँग एन्फाले गऱ्यो पाँच करोड माग, तर फिफाको अनुदान नै एन्फालाई डेढ अर्बभन्दा माथि

अध्यक्ष नेम्वाङले भने, 'सहिद स्मारक 'ए' डिभिजन लिग सम्पन्न गर्न १० देखि १२ करोड खर्च लाग्छ। सरकारले पाँच करोड छुट्याउँछ भन्ने विश्वास लाग्छ।' नेम्वाङले अहिले दिँदै आएको २५ लाखबाट एक करोड मात्रै बढाएपछि त्यो अपुग हुने बताएका छन्। 'सरकारले १ करोड दिए पनि त्यतिले पुग्दै छ।'

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी पनि उपस्थित थिए। नेम्वाङअघि बोल्दै मन्त्री चौधरीले एन्फाले 'ए' डिभिजन लिग आयोजना गर्न नसकेको भन्दै दुःख व्यक्त गरे। मन्त्री चौधरीले यसपटक लिग गर्न पैसा बढाउने योजना भएको पनि सुनाए। तर, एन्फाभित्रको राजनीतिले भने अर्कोपटक फ्रिज हुनेमा शंका पनि गरेका छन्। 'लिग गराएन भने एन्फालाई दिएको पैसा फ्रिज हुन्छ। पछिल्लोपटक लिग नभएपछि पैसा लिनुभएको छैन,' मन्त्री चौधरीले भने।

६ असार २०७९ मा नेम्वाङ निर्वाचित भएयता पहिलापटक डिभिजन लिगको साइकल पूरा भएको छ। उनी एन्फा आएको तेस्रो वर्ष हुँदै लाग्दा डिभिजन लिग पनि तेस्रोपटक सम्पन्न हुने बाटोमा हुनुपर्ने थियो। तर, शुक्रबार मात्रै प्लानिङ ब्वाइज र श्री भगवती क्लब 'बी' डिभिजन लिग च्याम्पियन हुँदै शीर्ष डिभिजनमा बढुवा भएपछि डिभिजन लिगको साइकल पूरा भयो।

त्यसअघि 'सी' डिभिजन लिग सम्पन्न भएको थियो। १९ फागुन २०७९ देखि २७ जेठ ०८० सम्म भएको 'ए' डिभिजन लिगको विवाद समाधान नहुँदा कुन टिम रेलिगेसन भएको टुंगो अझै लाग्न सकेको छैन। थ्रीस्टारले श्रम स्वीकृति र भिसाविना विदेशी खेलाडी मैदान उतारेको भन्दै एपिएफ क्लबले उजुरी गरेको छ। त्यसपछि एन्फाले श्री स्टारलाई तीन लाख तथा दुई विदेशी खेलाडीलाई समान ५० हजार जरिवाना गरेपछि यो मुद्दा एन्फाकै अपिल कमिटीमा पुगेको छ। तर, दुई वर्ष बितिसक्दा पनि मुद्दाको किनारा लागेको छैन।

लिग नियमित गर्न नसकेको स्वीकार

एन्फा अध्यक्ष नेम्वाङले 'ए' डिभिजन लिग नियमित गर्न नसकेको स्वीकार गरेका छन्। उनले विवाद हुँदा 'बी' डिभिजन लिग समयमै गर्न नसकेको पनि सुनाए। 'हो, लिगको साइकल पूरा नहुँदा 'ए' डिभिजन हामीले नियमित गर्न नसकेकै हौं,' उनले भने, 'पछिल्लोपटक 'ए' डिभिजन लिग गर्यौं। त्यहाँबाट 'बी' डिभिजन लिग गर्नेभन्दा समयमा हुन सकेन। त्यसपछि 'सी' डिभिजन गर्यौं।'

एन्फा नेतृत्वमा आएको पहिलो वर्षमै नेम्वाङले 'ए' डिभिजन लिग आयोजना गरेका थिए। तर, क्लबलाई तयारी खर्च नदिएको, क्लब तयार हुँदा पनि लिग आयोजना नगरेको, सहभागी हुने क्लबलाई कारबाही गरेको भन्दै लिग हुनै सकेन। एन्फाले तीन वर्षपछि 'बी' डिभिजन लिग आयोजना गरेको थियो। यसैबिच एन्फाले धुलिखेलमा भएको साधारणसभाबाट सहिद स्मारक ए डिभिजन लिग पुसबाट गर्ने निर्णय गरेको छ।

लिग नहुँदा पैसा फ्रिज भयो

● **तेजुलाल चौधरी**, मन्त्री, खेलकुद



लिग गराएन भने एन्फालाई दिएको पैसा फ्रिज हुन्छ। उहाँहरूलाई लिग गर्न यसअघि कति दिएको थियो मलाई थाहा भएन। पछिल्लोपटक लिग नभएपछि पैसा लिनुभएको छैन। खेलकुद मन्त्रालयको रातो किताबमा २५ लाख रुपैयाँ दिने गरिएको रहेछ। आउने वर्षमा बढीभन्दा बढी पैसा दिँदैछौं।

हामीले लिग नियमित गर्न सकेनौं

● **पंकजविक्रम नेम्वाङ**, अध्यक्ष, एन्फा



पछिल्लोपटक 'ए' डिभिजन लिग गर्यौं। त्यहाँबाट 'बी' डिभिजन लिग गर्नेभन्दा समयमा हुन सकेन। त्यसपछि 'सी' डिभिजन गर्यौं र 'बी' पनि शुक्रबार मात्रै सम्पन्न भयो। हो, लिगको साइकल पूरा नहुँदा 'ए' डिभिजन हामीले नियमित गर्न नसकेकै हौं। त्यसैले रातो किताबको २५ लाख गुमायौं। बजेट धेरै छुट्याएको भन्ने थाहा पाएको छु। 'ए' डिभिजन लिग सम्पन्न गर्न १० देखि १२ करोड खर्च लाग्छ। सरकारले पाँच करोड छुट्याउँछ भन्ने विश्वास लाग्छ। सरकारले १ करोड दिएपछि त्यतिले पुग्दै छ।

फिफाको अनुदान नै डेढ अर्बमाथि

एन्फा अध्यक्ष नेम्वाङले सरकारसँग लिग आयोजना गर्न पाँच करोड माग गरिरहँदा फिफाले नै एन्फालाई सन् २०२५ का लागि एक अर्ब ५६ करोड ३२ लाख नौ हजार चार सय ५० रुपैयाँ अनुदान दिएको छ। पछिल्लो वर्षमा एन्फाले सबै कार्यक्रम फिफाकै बजेटमा आयोजना गरिरहेको छ। सरकारले बर्सेनि दिँदै आएको पुरस्कारबापत महिला र पुरुष टिमको समान २५ लाखसमेत एन्फाले लिएको छैन। एन्फालाई यस वर्ष नै फिफाले गतवर्षको भन्दा बढी अनुदान दिएको छ। अघिल्लो वर्ष फिफाबाट प्राप्त अनुदानमध्ये पूर्वाधारतर्फको ४७ करोड ७६ लाख ७१ हजार पाँच सय ४२ रुपैयाँ बजेट यसपटकलाई सारिएको छ। गत वर्षको फिफा र एएफसीको भौतिक पूर्वाधारको खर्च गर्न नसकेको बजेटलाई यो वर्ष निरन्तरता दिएको र सो बजेटसमेत जोडिँदा बजेटको आकार ठुलो भएको प्रवक्ता सुरेश शाहले धुलिखेल साधारणसभामै बताएका थिए। अघिल्लो आर्थिक वर्षमा एन्फाको बजेट एक अर्ब ३२ करोड रुपैयाँ हाराहारीको थियो।

■ प्रधानमन्त्री कप भलिबल लिग

पुलिस महिला टिमको अपराजित यात्रा



कास्कीमा रोहितराज पराजुली

प्रधानमन्त्री (पिएम) कप एनभिए पुरुष तथा महिला भलिबल लिगमा विभागीय टोली नेपाल पुलिस क्लबले अपराजित यात्रा कायम राखेको छ। शनिबार पोखरा बहुउद्देश्यीय कभर्डहलमा भएको पहिलो खेलमा महिलातर्फ पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो। खेलमा कर्णालीमाथि हावी बनेको पुलिसले २५-५, २५-९ र २५-११ ले जित निकालेको थियो। जारी लिगमा अपराजित पुलिसको यो लगातार दोस्रो जित हो। पुलिसमा राष्ट्रिय टोलीका उषा भण्डारीलगायतको बाहुल्य रहेको छ। दोस्रो खेलमा विभागीय डर्बीमा सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लबले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हरायो। एपिएफले पहिलो सेट२५-७, दोस्रो सेट २५-२३ र तेस्रो सेटमा २५-२० को जित निकाल्यो। तेस्रो खेलमा न्यु डायमन्ड स्पोर्टस् क्लबले एभरेस्ट भलिबल क्लबलाई ३-१ को सेटमा हरायो। पहिलो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको तीनजना थाइल्यान्डका खेलाडीसहितको एभरेस्ट त्यसपछिका लगातार तीन सेटमा पराजित भएको थियो। डायमन्ड दोस्रो सेट २५-२३, तेस्रो २५-१४ र चौथो २५- २२ ले आफ्नो पक्षमा पारेको थियो। एभरेस्टको यो लगातार दोस्रो हार हो।

आर्मीको पहिलो जित

साबिक विजेता आर्मीको पुरुष टोलीले प्रतियोगितामा पहिलो जित निकालेको छ। पुरुषतर्फको पहिलो खेलमा आर्मीले मणिमुकुन्द भलिबल क्लबलाई ३-२ को सेटमा पराजित गऱ्यो। यसअघि आर्मी हेल्प नेपाल र गण्डकी प्रदेशसँग पराजित भएको थियो। यी दुवै टोलीले पाकिस्तानका समान तीनजना खेलाडी अनुबन्ध गरेपछि निकै बलिया देखिएका छन्। यता, तेस्रो खेलमा आर्मीले मणिमुकुन्दविरुद्ध पहिलो सेट २५-२० ले जित्यो। दोस्रो सेटमा टोली २३-२५ ले पछि परेको हो। फेरि तेस्रो सेट २७-२५ ले आफ्नो पक्षमा पार्दै मणिमुकुन्द २-१ को अगाडि बढ्यो। चौथो र पाँचौं सेटमा आर्मीले क्रमशः २५-२२ र १५-१० ले आफ्नो पक्षमा पार्दै दुई अंक जोडेको हो।

दोस्रो खेलमा घरेलु टोली गण्डकीले पुलिसलाई ३-० को सोझो सेटमा पाखा लगाउँदै आफ्नो अपराजित यात्रा जारी राखेको थियो। तीन पाकिस्तानी खेलाडीसहित मैदान उत्रेको गण्डकी २५-२२, २५-२२ र २५-२३ ले खेल आफ्नो पक्षमा पारेको थियो। टोलीको यो लगातार तेस्रो जित हो। यता, तेस्रो जित निकाल्ने क्रममा हेल्प नेपालले एपिएफलाई ३-० कै सेटमा पराजित गरेको छ।

लिगमा पुरुषतर्फ आठ र महिलातर्फ ६ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। महिला पुरुष दुवै विधाका विजेताले आठ, उपविजेताले चार र तेस्रोले दुई लाख नगद पुरस्कार पाउनेछन्। सर्वोत्कृष्ट खेलाडीले ५० हजार र विधागततर्फ उत्कृष्ट हुने लिब्रो, सरभर, ब्लकर, लिफ्टर, स्पाइकर र टिम प्रशिक्षकले जनही २५-२५ हजार नगद पुरस्कार पाउनेछन्। यसका साथै, विजेता टोलीले आउँदो जुलाईमा माल्दिभ्समा आयोजना हुने काभा च्याम्पियनसिप लिगमा सहभागी हुन पाउनेछन्।

खेल संक्षेप

सुशीललाई उपाधि

काठमाडौं/ आर्मीका सुशीलकुमार शाहीले वान रन अन्तर्राष्ट्रिय हाफ म्याराथनमा पुरुषतर्फको उपाधि जितेका छन्। शनिबार सम्पन्न प्रतियोगितामा उनले १ घन्टा ५ मिनेट ५८ सेकेन्डको समय निकाले। आर्मीकै विनोद रोकाया १ घन्टा ६ मिनेट ११ सेकेन्डका साथ दोस्रो स्थानमा रहे। १ घन्टा ८ मिनेट ६ सेकेन्डको समय निकालेका नरेन्द्रसिंह रोकायाले तेस्रो स्थान हासिल गरे। उनी पनि आर्मीकै हुन्। यो स्पर्धाको महिलातर्फ पनि आर्मीका निशा सार्की, विश्वरूपा बुढा र गीता महर्जन शीर्ष तीनमा रहे। यसैगरी १० किमि खुला पुरुषतर्फको उपाधि सञ्जय श्रेष्ठले जिते। यसैगरी, राजीव बस्नेत दोस्रो र अर्जुन बुढा तेस्रो स्थानमा रहे। सोही स्पर्धाको महिलातर्फ सन्तोषी श्रेष्ठ, पूर्णलक्ष्मी न्यौपाने र सिर्जना पाण्डेले शीर्ष तीन स्थान हालि गरेका छन्। पाँच किमि खुला पुरुषतर्फ रूपेश कार्की, गणेशसिंह रावत र अखुलबहादुर पाल तथा महिलातर्फ आशा रावत, सरस्वती भट्टराई र रजिना दुलाल शीर्ष तीनमा रहे। हाफ म्याराथन मास्टर्समा किरणसिंह बोगटीले पहिलो स्थान हासिल गरे।

एसियाली मिक्स बक्सिङ शुक्रबारदेखि

काठमाडौं/ नेपाल मिक्स बक्सिङ संघ, उमा नेपाल र बुढानीलकण्ठ कुङफुको संयुक्त आयोजनामा प्रथम एसियाली मिक्स बक्सिङ प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा नेपाल, भारत, पाकिस्तान, थाइल्यान्ड, बंगलादेश र श्रीलंका गरी ६ राष्ट्रका १ सय ५० खेलाडीको सहभागिता रहने आयोजक मिक्स बक्सिङ संघका अध्यक्ष सुकमान लामाले जानकारी गराए। इराक, इरान र अफ्गानिस्तानका प्रतिनिधि पनि प्रतियोगिताका लागि नेपाल आउनेछन्। प्रतियोगितामा सिनियर, सब जुनियर र जुनियर गरी विभिन्न ३० स्पर्धामा प्रतिस्पर्धा हुनेछ। कुनै पनि मार्सल आर्ट्सको राष्ट्रिय प्रतियोगिता खेलिसकेका खेलाडी प्रतियोगितामा सहभागी हुन पाउने छन्। प्रतियोगिता सञ्चालन गर्न करिब ३१ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ।

एसियाली एथलेटिक्समा पाँच खेलाडी

काठमाडौं/ एसियाली एथलेटिक्स च्याम्पियनसिपको २६औँ संस्करणमा पाँच नेपाली खेलाडीले सहभागिता जनाउने भएका छन्। नेपाली टोली शनिबार राति ११ बजे दक्षिण कोरियाको गुमी प्रस्थान गर्नेछ। मे २७ देखि ३१ सम्म हुने प्रतियोगितामा तीन पुरुष र दुई महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुष १ हजार ५००/५ हजार मिटर दौडमा मुकेश पाल, लङजम्पमा सलिम देवान र १००/२०० मिटर दौडमा शिवराज पार्कीले प्रतिस्पर्धा गर्नेछन्। महिला ज्याभ्लिन थ्रो/सटपुटमा चन्द्रकला लाम्गाडे तथा ८००/१ हजार ५०० मिटर दौडमा फुलमती रानाले सहभागिता जनाउने छन्। टोलीको प्रशिक्षकमा उषाकर्ण चौधरी छिन्।

स्किब्स कप बास्केटबल सुरु

काठमाडौं/ श्री चन्द्रविन्दु इन्टरनेसनल बोर्डिङ स्कुल (स्किब्स)को आयोजनामा नवौं स्किब्स कप अन्तरविद्यालय श्री बाई श्री बास्केटबल प्रतियोगिता शनिबारदेखि सुरु भएको छ। पहिलो दिन ९५ खेल हुनुपर्नेमा वर्षाका कारण ६२ खेल मात्र सम्भव भए। यसपटक आइतबार सम्पन्न हुनुपर्ने प्रतियोगिता सोमबारसम्म लम्बिएको छ। पहिलो दिन सिनियर गर्ल्समा निम्स विजेता र चेल्सी वर्ल्ड स्कुल उपविजेता हुँदै क्वाटरफाइनलमा प्रवेश गरेका छन्। सिनियर ब्वाइजमा टीआईए, विल्सन एकेडेमी, प्राज्ञली, स्काइलार्क, हिमालय, ग्रिनल्यान्ड, रिलायन्स, स्किब्स, एन्जल्स हार्ट र नेपाल पुलिस स्कुल 'ए' ले प्रिक्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। धापासीस्थित आयोजकको कोर्टमा भइरहेको प्रतियोगिताको सिनियर ब्वाइजमा ३२, सिनियर गर्ल्समा १६, जुनियर ब्वाइजमा २३ र स्टाफमा ४ टिम सहभागी छन्।

टेबुलटेनिस खेलाडी छनोट

काठमाडौं/ बागमती प्रदेश यू-१४ जुनियर खेलकुदका लागि काठमाडौं जिल्लाबाट शनिबार टेबुलटेनिस खेलाडी छनोट भएका छन्। पुरुष/महिलामा समान ३-३ गरी ६ खेलाडी छनोट भएका हुन्। पुरुषमा अर्नव श्रेष्ठ, आर्यन शाही र शम्भवराज ओन्त छनोट भए। महिलामा प्रजिना महर्जन, यमिला श्रेष्ठ र अंशु खनाल छानिइन्। काठमाडौं जिल्ला टेबलटेनिस संघले लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा आयोजना गरेको छनोट प्रतियोगिताको पुरुषमा २४ तथा महिलामा आठजना खेलाडी सहभागी थिए।

नेपाल आइपुगिन् कप्तान अञ्जिला

काठमाडौं/ राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलकिपर अञ्जिला तुम्बापो सुब्बा शनिबार नेपाल आइपुगेकी छिन्। व्यवसायी फुटबलका लागि ग्रिस पुगेकी अञ्जिला सिजनको अन्त्यसँगै राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा सहभागी हुन



आएकी हुन्। उनी शनिबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएकी हुन्।

नेपाली राष्ट्रिय महिला टोलीकी व्यवस्थापक वृन्दा देवानले उनलाई स्वागत गरेकी थिइन्। नेपाल आएसँगै उनी सीधै टिम रहेको एन्फाको होस्टेल पुगेकी थिइन्। उनी निस अट्टोमिटौबाट ग्रिक महिला 'ए' डिभिजन लिग खेलेकी थिइन्। अञ्जिलाको टोलीले २२ खेलमा पाँच जित चार बराबरी र १३ हारको नतिजासहित १९ अंकका साथ नवौं स्थानमा रहेर लिगको अन्त्य गरेको छ। नेपाली महिला टोली अहिले थाइल्यान्डसँगको मैत्रीपूर्ण खेल र एएफसी महिला एसियन कप छनोटको तयारीमा छ। नेपालले मे ३० र जुन २ मा घरेलु टोली थाइल्यान्डसँग मैत्रीपूर्ण खेल खेल्दै छ। नेपालले एएफसी महिला एसियन कप छनोटको तयारीस्वरूप थाइल्यान्डसँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो। छनोटको पहिलो चरण मे ४ बाट सुरु हुँदै छ। समूह 'एफ'मा नेपाल, लाओस, श्रीलंका र उज्वेकिस्तान छन्।

नेपाली टोलीको गोलकिपरमा अञ्जिलासँगै अञ्जना रानामगर र उषा नाथ छन्। रक्षकमा अमृता जैशी, गीता राना, विमला विक, पूजा राना, निशा थोकर, समीक्षा घिमिरे र मनमाया दमाई रहँदा मिडफिल्डरको जिम्मेवारी अनिता बस्नेत, विमला चौधरी, रेनुका नगरकोटे, प्रीति राई, सरु लिम्बू, सविता रानामगर, सरस्वती हमाल, सुष्मा तामाङ पाएका छन्। यस्तै, फरवार्डमा सावित्रा भण्डारी, रश्मिकुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी र रेखा पौडेललाई प्रशिक्षक राजेन्द्र तामाङले विश्वास गरेका छन्।

लुका मोड्रिचको बिदाइ

एजेन्सी


मिडफिल्डर लुका मोड्रिचलाई स्पेनिस महारथी रियल म्याड्रिडले बिदाइ गरेको छ। शान्तियागो बर्नाबेउमा शनिबार राति भएको सिजनको अन्तिम खेलमा क्लबले ३९ वर्षीय क्रोएसियन खेलाडीलाई गार्ड अफ अनरसहित बिदाइ गऱ्यो। बिदाइ कार्यक्रममा मोड्रिचका परिवारको पनि उपस्थिति रहेको थियो। खेलमा केलिएन एम्बाप्पेले दुई गोल गरेपछि रियाल सोसिडाड २-० ले विजयी भयो।

अब, मोड्रिचले अन्तिम खेल रियलबाटै साउदी अरेबियामा हुने क्लब विश्वकपमा खेल्नेछन्। खेल जुन १८ मा अल-हिलालविरुद्ध हुनेछ। जसमा मेक्सिकोको पाचुका र अस्ट्रियाको आरबी साल्जबर्गसँग छन्। मोड्रिच सन् २०१२ मा टोटनह्यामबाट रियल आएका थिए। उनले १३ सिजनमा २८ उपाधि जितेका थिए। जसमा समान ६ पटक च्याम्पियन्स लिग र क्लब विश्वकप जितेका छन्। पाँचपल्ट युरोपियन सुपर कप, चारपटक ला लिगा, दुईपल्ट कोपा डेल रे र पाँचपटक स्पेनिस सुपर कप जितेका छन्। यस्तै, यही खेलबाट मुख्य प्रशिक्षक कार्लो एन्सेलोटी पनि बिदाइ भएका छन्। उनी ब्राजिलको मुख्य प्रशिक्षक बन्दै छन्।

एम्बाप्पेको दुई गोल

खेलमा केलिएन एम्बाप्पेले दुई गोल गरेपछि रियाल सोसिडाड २-० ले विजयी भयो। एम्बाप्पेले पहिलो गोल खेलको ३८औँ मिनेटमा गरेका थिए। पेनाल्टीमा गोल नभएपछि दोस्रो प्रयासमा एम्बाप्पे गोल गर्न सफल भएका थिए। दोस्रो गोल खेल सकिन सात मिनेटअघि सम्भव भएको थियो। भिनिसियस जुनियरले निकालेको पासमा एम्बाप्पेले गोल गरेका हुन्। यो सिजन रियलले ३८ खेलबाट ८४ अंक जोड्यो। टोली यो सिजन उपाधिविहीन बनेको छ। ला लिगामा पनि दोस्रो स्थानमा रह्यो। ३८ मध्ये २६ खेल मात्रै जितेको थियो। ७८ गोल गर्दा ३८ गोल व्यहोरेको थियो। यता, बार्सिलोना भने तीन खेलअघि नै उपाधि जित्न सफल भयो। टोली एक खेल कम खेल्दा ८५ अंक जोड्न सफल भएको छ। तेस्रो स्थानको एटलेटिको म्याड्रिडको ७३ अंक छ। यता, सिजनमा खराब प्रदर्शन गर्दै रियाल भालोडोलिड, लास पाल्मास र लेगानेस रेलिगेसनमा परेका छन्।







नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com